सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ फागुन २०८१, बिहीबार (20 Feb 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३०५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ विपन्न आशादेवीलाई रोगमाथि रोग



मिर्गौलाको पीडामाथि पायल्स र क्यान्सरको चोट

(विस्तृत पृष्ठ ३)

युक्रेनजस्तै शान्तिवार्तामा पीडित पक्षलाई नै आमन्त्रित नगरिएका थरीथरी इतिहास



साउदी अरबमा मंगलबार अमेरिकी र रुसी अधिकारीबिचको युक्रेन युद्ध रोक्ने सम्बन्धमा एक महत्त्वपूर्ण बैठक भयो । तर, बैठकमा स्वयं युक्रेनलाई भने आमन्त्रित गरिएन ।

(विस्तृत पृष्ठ ५)

बिपी राजमार्ग पुनर्निर्माणका लागि अर्थले दियो साढे आठ अर्बको स्रोत सहमति



दुई वर्षमा सक्ने गरी तत्काल पुनर्निर्माण प्रक्रिया अघि बढाउने तयारीमा सडक विभाग

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सरकारी कोषहरूमा १ खर्ब १४ अर्ब मौज्दात

खर्चको स्रोत जोहो गर्न ७५ अर्ब २२ करोड ५४ लाख खिच्ने अर्थ मन्त्रालयको तयारी

लक्ष्यअनुसार संकलन भएन राजस्व, खर्चको दायित्व भने बढ्दो, पुस मसान्तसम्ममा सञ्चित कोष ६५ अर्बले घाटामा



● **विष्णु पौडेल**, अर्थमन्त्री

महालेखा कार्यालयको अध्ययनअनुसार विभिन्न १७५ प्रकृतिका कोष छन् । कति प्रभावकारी छन्, कति प्रभावकारी छैनन् । कतिको उपयोगिताबारे पुनर्विचार गर्नुपर्ने भएको छ । त्यसका लागि अध्यादेशमा यो व्यवस्था गरिएको छ । कोषका उद्देश्य ओझेलमा पर्नेछैनन् ।

पवन तिमिल्सिना / नयाँ पत्रिका

अर्थ मन्त्रालयले खर्च धान्ने स्रोत नपुगेपछि विभिन्न मन्त्रालय र सरकारी निकायअन्तर्गतका कोषहरूको रकम खिच्ने तयारी गरेको छ । लक्ष्यअनुसार राजस्व नउठ्ने र भुक्तानीका दायित्व थपिँदै जाँदा संघीय सरकारको सञ्चित कोष घाटामा छ । यस्तो घाटा पूर्ति गरी पर्याप्त स्रोतको जोहो गर्न अर्थ मन्त्रालयले विभिन्न कोषहरूबाट पैसा तान्ने तयारी गरेको हो ।

सरकारका विभिन्न कोषमा एक खर्ब १४ अर्ब मौज्दात रहेकामा अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगसहित २२ मन्त्रालयमातहतका कोषबाट ७५ अर्ब २२ करोड ५४ लाख रुपैयाँ तान्न सकिने विवरण तयार पारेको छ । सरकारले २९ पुसमा अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ संशोधन गर्दै सरकारी कोषको मौज्दात रकमलाई संघीय सञ्चित कोषमा तान्न कानुनी बाटो पनि खुला गरिसकेको छ । अध्यादेशमार्फत 'प्रचलित कानुनबमोजिम स्थापना भएका संघीय सञ्चित कोषबाहेकका अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकमपछि दायित्व सिर्जना हुँदाका बखत अर्थ मन्त्रालयले निकासा गर्ने गरी सञ्चित

» पृष्ठ २ मा क्रमशः

कुन मन्त्रालयअन्तर्गतका कोषबाट कति रकम तान्ने तयारी ?



स्रोत : अर्थ मन्त्रालय

■ यी ६ कोष पाँच वर्षदेखि निष्क्रिय, दुई करोड १० लाख मौज्दात

पाँच वर्षदेखि निष्क्रिय राष्ट्रिय योजना आयोगको नयाँ निर्माण कोषमा एक करोड १८ लाख ४६ हजार मौज्दात छ । त्यस्तै, संसद् विकास कोषमा ४८ लाख ३३ हजार, प्रधानमन्त्री सहायता कोषमा २० लाख ६८ हजार र सहकारी मन्त्रालयमातहत सहकारीतर्फको कार्यसञ्चालन कोषमा १५ लाख १५ हजार निष्क्रिय छ । त्यस्तै, मानव अधिकार प्रचार कार्यक्रममा पाँच लाख र श्रम तथा रोजगार कार्यालय, कास्कीमा एक लाख मौज्दात छ ।

सरकारी कोषको रकम दुरुपयोग हुने जोखिम



● **केशव आचार्य**
अर्थशास्त्री


कोषको रकम मन्त्रिपरिषद्को आदेशबाट होइन, संसद्बाट पारित गराएर खर्च गर्ने भरपर्दो प्रणाली विकास गर्नुपर्छ

अग्रलेख पृष्ठ ४

■ १७ कोषमा थुप्रियो ९४ अर्ब २९ करोड, सैनिक कल्याणकारी कोषमा मात्रै ७८ अर्ब

१७ कोषमा पाँच वर्षयता निरन्तर पैसा थुप्रिँदै जाने प्रवृत्ति देखिएको छ । ०७९/८० सम्मको तथ्यांकअनुसार सबैभन्दा धेरै सैनिक कल्याणकारी कोषमा ७८ अर्ब एक करोड मौज्दात छ । त्यस्तै, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पाँच अर्ब ४८ करोड थुप्रिएको छ । धेरै रकम थुप्रिने कोषमध्ये तेस्रो नम्बरमा प्रहरी कल्याण कोष र सशस्त्र प्रहरी कल्याण कोष छन् । जहाँ चार अर्ब २७ करोड मौज्दात पुगेको छ । त्यस्तै वन विकास कोषमा एक अर्ब ९८ करोड र नेपाल ट्रस्टमा एक अर्ब ४६ करोड थुप्रिएको छ । प्रधानमन्त्री राहत कोष, विद्युत् नियमन आयोगलगायत १२ कोषमा पनि रकम थुप्रिँदै गएको छ ।

ओडिसाको विश्वविद्यालयबाट जबर्जस्ती निकालिएका २२२ नेपाली विद्यार्थी आइपुगे घर



भारतको ओडिसास्थित केआइआइटी विश्वविद्यालयबाट कुटपिट गर्दै जबर्जस्ती निकालिएका नेपाली विद्यार्थीमध्ये बुधबार १४२ जना वीरगन्ज (तस्बिरमा) र ८० मोरङको जोगबनी नाका हुँदै घर फर्किएका छन् । कोही बसबाट र कोही रेलमार्ग हुँदै आएका हुन् । एक हजार १८० नेपाली विद्यार्थी बस्ने अन्तर्राष्ट्रिय छात्रावासमा बुधबार साँझसम्म सयजना भने फिर्ता भएका छन् । बिहीबार थप ५० जना फर्किने तयारीमा रहेको विद्यार्थीले जनाएका छन् । विश्वविद्यालयले विद्यार्थीलाई छात्रावास फर्किएर नियमित पठन-पाठनमा जोडिन आग्रह गरे पनि सबै विद्यार्थी सुरक्षाका हिसाबले आश्वस्त भइसकेका छैनन् । तस्बिर : **तिवारी यादव** । (विस्तृत समाचार पृष्ठ ३ मा)

■ सिराहामा सामूहिक बलात्कारपछि किशोरीको शंकास्पद मृत्यु प्रकरण

बलात्कार र हत्या अभियोगमा पूरक जाहेरी दिँदै पीडित परिवार

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको नवराजपुर गाउँपालिका- १, भगवतीपुरकी १७ वर्षीया रिंकुकुमारी सदायको बलात्कारपछि भएको शंकास्पद मृत्यु प्रकरणमा पीडित परिवारले बलात्कार र हत्या अभियोगमा पूरक जाहेरी दिने तयारी गरेको छ । १ फागुनमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, लहानमा बलात्कारका तीन आरोपी र गाउँमा धाकधम्की दिने एकजनाविरुद्ध किटानी जाहेरी दर्ता गर्न जाँदा मुद्दा फाँटका प्रहरीले जबर्जस्ती जाहेरी नै बदलेर एकजनाको नाममा मात्रै आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गर्न लगाएका थिए । त्यसमा असन्तुष्ट पीडित परिवारले रिंकुको बलात्कार र हत्या भएको भन्दै बिहीबार पूरक जाहेरी दिने तयारी गरेको ह ।

'पहिले जाहेरी लैजाँदा प्रहरीबाटै चलखेल भएर जाहेरी नै परिवर्तन गराई कसुरलाई कमजोर बनाइएको छ । हामी बलात्कार र हत्या अभियोगमा पूरक जाहेरी लैजाने तयारीमा छौं,' रिंकुका

» पृष्ठ २ मा क्रमशः



● **डिएसपी विष्णुप्रसाद सोती**, प्रमुख इप्रका लहान

आत्महत्या दुरुत्साहनसम्बन्धी जाहेरी दर्ता भइसकेको छ । पीडित परिवारले ल्याएको पूरक जाहेरी दर्ता गरेर अनुसन्धानलाई थप अगाडि बढाउँछौं । अनुसन्धान टोलीले पञ्चायत बसेको भिडियो फुटेजको विश्लेषण तथा परिवार र छिमेकीसँग भेटेर अनुसन्धान गरिरहेको छ ।

चार दिनमै काजकिरिया

परिवारले रिंकुको काजकिरिया चार दिनमै सकाएको छ । असुरक्षा र आर्थिक समस्याका कारण चार दिनमै काजकिरिया सकाएको रिंकुका बाबु बिजुल सदायले बताए । 'आर्थिक समस्या त छँदै छ, घटनापछि असुरक्षा महसुस भएकाले चार दिनमै काजकिरिया सिध्यायौं,' उनले भने । प्रहरीले भने मृतक परिवारको सुरक्षासहित घटनाको अनुसन्धानका लागि २४ घण्टा नै सादा पोसाकसहितका प्रहरी परिचालन गरिएको जनाएको छ ।

■ बाल विकाससम्बन्धी अध्ययन समितिको प्रतिवेदन शिक्षा मन्त्रालयमा

बाल विकास तहमा एक वर्ष मात्रै पढाउनुपर्ने, पाँच वर्ष पूरा भएपछि कक्षा एकमा भर्ना

शिवहरि घिमिरे / नयाँ पत्रिका

सरकारी अध्ययन समितिले शिक्षा क्षेत्रमा बहसको विषय बनेको प्रारम्भिक बाल विकास (इसिडी) तहमा एक वर्ष मात्रै पढाउनुपर्ने र बालबालिकाको उमेर पाँच वर्ष पूरा भएपछि मात्रै कक्षा एकमा भर्ना गर्नुपर्ने सिफारिस गरेको छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रका महानिर्देशक दीपक शर्माको संयोजकत्वमा गठित अध्ययन समितिले तीन महिनाभन्दा लामो समय अध्ययन गरेर तयार पारेको प्रतिवेदन गत १ फागुनमै मन्त्रालयमा पेस गरेको हो ।

निजी विद्यालयहरूले प्ले ग्रुपदेखि युकेजीसम्म चार वर्ष बाल विकास तह भनेर कक्षा सञ्चालन गर्दै आएका छन् । सामुदायिक विद्यालयको हकमा कानुनले एक वर्ष मात्रै इसिडी तह तोकेकोमा दुई वर्षसम्म सञ्चालन गर्दै आएका छन् । सरकारी र निजीमा भएको यो भिन्नताको पनि आलोचना हुँदै आएको

» पृष्ठ २ मा क्रमशः



■ भद्रगोल छ बाल विकास तह, सिकाइ र बसाइ पनि असुरक्षित

बाल विकास तहमा निजी र सरकारी स्कुलको सिकाइ प्रक्रिया एउटै छैन । आवासीय घर भाडामा लिएर खोलिएका निजी स्कुलमा उचित खेलमैदान छैन भने कोठाहरू साँघुरा छन् । त्यस्तै, बालमनोविज्ञान अध्ययन नै नगरेका शिक्षक राखेर बाल विकास तह चलाइएको छ । बाल विकास तह कुन निकायले हेर्ने भन्नेमा पनि अन्योल छ । अभिभावकबाटै पैसा उठाएर खाजाको व्यवस्था गरिने बाल विकास तहमा बालबालिकालाई पोसिलो खानेकुरा नभएको गुनासा आउने गरेका छन् । सामुदायिकमा पनि बाल विकास तहलाई सरकारले खाजा दिँदैन ।

■ शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा भन्छन्-

प्रतिवेदन अध्ययन गरेर कार्यान्वयन गर्छौं



अध्ययन समितिले प्रतिवेदन तयार पारेर मन्त्रालयमा बुझाएको छ । मन्त्रालयले उक्त प्रतिवेदनमाथि अध्ययन गरिरहेको छ । अध्ययनपछि कार्यान्वयनतर्फ अघि बढ्छ ।

बाल विकासमा एक वर्षभन्दा बढी राख्नु राम्रो होइन



● **दीपक शर्मा**, संयोजक, अध्ययन समिति

कक्षा एकमा पुग्नुअघि तीन-चार वर्ष विभिन्न कक्षा घुमाउने चलन छ, यसले बालबालिकाको वृत्तिविकास र सिकाइमै असर पारेको छ । खासमा अक्षर सिकाउने र पढाउने कक्षा एकमा पुगेपछि हो, अब कक्षा एकमा पुग्दा पाँच वर्ष उमेर पूरा भएको हुनुपर्छ भनेर प्रतिवेदन बुझाएका छौं ।

■ **बाल विकास तह एक वर्षको मात्रै हुनुपर्ने ऐनमै व्यवस्था :** अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा इसिडी तह एक वर्षको हुनुपर्ने व्यवस्था छ । कक्षा एकमा जानुअघि एक वर्ष मात्रै अध्ययन गरे पुग्ने ऐनले व्यवस्था गरेको छ ।

सुदूरपश्चिम प्रदेश सभाबाट दुई वर्षमा एउटा पनि नयाँ कानुन बनेन, सरकार भने चारवटा बने



धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सभाले दोस्रो कार्यकालको दुई वर्षमा एउटा पनि नयाँ कानुन बनाउन सकेको छैन । तर, दुई वर्षमा प्रदेशमा सरकार भने चारवटा बनेका छन् ।

प्रदेश सभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले प्रदेश सभाबाट दुई वर्षमा नयाँ विधेयक पारित नभएको बताए । उनका अनुसार केही ऐन भने संशोधन भएका छन् ।

» पृष्ठ २ मा क्रमशः

● **युवराज जैसी**, सूचना अधिकारी प्रदेश सभा सचिवालय



दुई वर्षमा नयाँ कानुन बनेनन् । सालबसाली कानुन र बजेटसँग सम्बन्धित केही नियमित विधेयक मात्र प्रदेश सभाबाट पारित भएका छन् । प्रदेश सभाले पहिलेका केही ऐन भने संशोधन गरेको छ ।

लोकतन्त्रको खुला मैदानमै जनताको प्रगति भएको छ : प्रधानमन्त्री

नयाँ पत्रिका



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले लोकतन्त्रको खुला मैदानमै जनताको जीवनमा प्रगति भएको बताएका छन्। ७५औँ राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बुधबार सहिद मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले लोकतन्त्रलाई पारदर्शी र अझ जवाफदेही बनाउँदै समाजमा व्याप्त असमानता, गरिबी र भ्रष्टाचारलाई हटाउँदै चुनौती चिरेर सरकार अगाडि बढ्ने बताए।

लोकतन्त्रकै उपलब्धिका रूपमा पारदर्शितासँगै डिजिटल माध्यमबाट नागरिकलाई सेवा आरम्भ गर्न सकिएको उनले स्मरण गरे। 'लोकतन्त्रको उज्यालोकै कारण आज हामीले डिजिटल माध्यमबाट नागरिकलाई शीघ्र सार्वजनिक सेवाको थालनी गर्न सकेका हौँ। जसले सरकारी सेवालाई झन्झटरहित र पारदर्शी बनाउन सुरु गरेको छ,' उनले भने।

ओलीले एक वर्षभित्रै मुलुकलाई कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्न लागिएको पनि बताए। 'सन् २०२६ सम्ममा नेपाललाई अति कम विकसित मुलुकको हैसियतबाट स्तरोन्नति गर्ने र त्यसको दिगो व्यवस्थापनका लागि आर्थिक सूचकांकहरूको बढोत्तरी गर्ने आधार पनि लोकतन्त्र नै हो। सन् २०३० भित्र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने अभियानमा हामी समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षा पूरा गर्न सफल हुनेछौँ,' उनले भने। ७ फागुनले निरंकुश जहानिया राणा शासनबाट अधिकार जनताको हातमा आएका कारण विशेष महत्त्वको दिनका रूपमा लिनुपर्नेमा प्रधानमन्त्रीले जोड दिए।

■ प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार घोषणा

सरकारले शान्ति, सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा विकासको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने प्रतिभाशाली नागरिकलाई प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार घोषणा गरेको छ। राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा बुधबार सैनिक मञ्च टुँडिखेलमा आयोजित मूल समारोहमा पुरस्कार घोषणा गरिएको हो। जसअनुसार टेलिमेडिसिन क्षेत्रतर्फ डा. छिरिङ लामा (सिन्धुपाल्चोक), विज्ञान प्रविधि नवप्रवर्तनतर्फ डा. विराजसिंह थापा (मोरङ), कीर्तिमानी पर्वतारोही पूर्णिमा श्रेष्ठ (गोरखा), विज्ञान प्रविधितर्फ आभाष मास्के (काठमाडौं) र हरिराम श्रेष्ठ (गोरखा) पुरस्कृत भएका छन्। चिकित्सा क्षेत्रतर्फ डा. ओममूर्ति अनिल (महोत्तरी), खेलकुदतर्फ सावित्रा भण्डारी (लमजुङ), सम्पदा संरक्षणतर्फ रवीन्द्र पुरी (भक्तपुर), मानव सेवा तथा समाज सेवातर्फ दिलशोभा श्रेष्ठ (काठमाडौं) र रामजी अधिकारी (गोरखा) पुरस्कृत भएका छन्।

पुरस्कृत व्यक्तित्वलाई विशेष समारोह आयोजना गरी पुरस्कार प्रदान गरिने जनाइएको छ। नवप्रवर्तन क्षेत्रका प्रतिभावान् नागरिकलाई प्रोत्साहन गर्ने प्रयोजनका लागि १७ मंसिर ०७५ को मन्त्रिपरिषद् बैठकले ती पुरस्कार स्थापना गर्ने निर्णय गरेको थियो। तत्कालीन प्रधानमन्त्री ओलीलाई कोरिया सरकारबाट प्राप्त एक लाख अमेरिकी डलरमा नेपाल सरकारबाट एक करोड थप गरी प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना भएको थियो। कोषबाट प्रत्येक वर्ष दुईजना प्रतिभालाई जनही पाँच लाख राशिको पुरस्कार प्रदान गर्ने निर्णय भएको थियो।

खर्चको...

पृष्ठ १ बाट क्रमशः

कोषमा जम्मा गरिने व्यवस्था' गरिएको छ। संविधानको धारा ११६ मा गुठी रकमबाहेकको सरकारलाई प्राप्त हुने सबै प्रकारको रकम सञ्चित कोषमा आम्दानी बाँध्न सकिने व्यवस्था भएकाले यसमा पहिलेदेखि नै द्विविधा नरहेको अर्थ मन्त्रालयका अधिकारीको दाबी छ।

सञ्चित कोष घाटा पूर्ति गर्न सरकारले ब्याज तिरेर ऋण उठाइरहेकाले स्थिर बसेका कोषहरूबाट सञ्चित कोषमा पैसा तान्न खोजिएको मन्त्रालयका सहसचिव महेश भट्टराईले जानकारी दिए। अघिल्लो साता नयाँ पत्रिकासँग कुरा गर्दै उनले भने, 'एकातिर सञ्चित कोष विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर ऋणात्मक अवस्थामा रहेको र स्रोत व्यवस्थापनका लागि सरकारले ब्याज तिरेर ऋण लिनुपरेको छ। यस्तो परिस्थितिमा प्रयोगविहीन अवस्थामा रहेका सरकारी कोषहरूमा रहेको रकमको उत्पादनशील प्रयोग गर्नु जरुरी रहेकाले यस्तो गर्न खोजिएको हो।' हाल उनी भन्सार विभागमा सरुवा भएका छन्।

संघीय सरकारको सञ्चित कोष घाटामा हुँदा विकासका कामका लागि मात्रै होइन, अनिवार्य दायित्व पूर्ति गर्ने स्रोतको जोहो गर्नसमेत सरकारलाई गाह्रो परिरहेको छ। एकातर्फ सरकारलाई स्रोत परिचालनमा समस्या भइरहने, अर्कातर्फ सरकारी कोषकै रकम 'थन्किएर' बस्ने भएपछि अर्थ मन्त्रालयले त्यस्ता कोषको रकम संघीय सञ्चित कोषमा तान्ने तयारी गरेको जनाएको छ। चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो ६ महिनामा सरकारी वित्त ६५ अर्ब आठ करोड २७ लाख रुपैयाँ घाटामा रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ। गत आर्थिक वर्ष ०८०/८१ को असार मसान्तसम्ममा कुल संघीय सञ्चित कोष दुई खर्ब २८ अर्ब ३५ करोडले घाटामा थियो।

अर्थशास्त्री केशव आचार्य राज्यको छरिएर रहेको रकम एकत्रित गरी सही ठाउँमा खर्च गर्न सके लाभ हुने भए पनि सञ्चित कोषमा राख्दा दुरुपयोग हुने जोखिम औँल्याउँछन्। 'राज्यको छरिएर रहेको रकम एकत्रित गरी सही ठाउँमा खर्च गर्न सके लाभ हुने भए पनि सञ्चित कोषमा राख्दा दुरुपयोग हुने वा नेतानिकटका कार्यकर्तालाई बाँड्नमा खर्च हुने जोखिम उत्तिकै हुन्छ,' उनले भने, 'सरकारले सञ्चित कोषको पैसा परिचालन गर्दा चालू खर्च र चन्दाका रूपमा बाँड्ने काम गर्न नपाइने सर्त अनिवार्य गरेर दुई-तीन वर्षभित्र नै प्रतिफल दिने आयोजनामा मात्र कोषको पैसा खर्च गर्ने व्यवस्था गर्नुपर्छ।' यसका लागि पनि कोषको पैसा मन्त्रिपरिषद्को आदेशबाट नभएर, संसद्बाट पारित गराएर खर्च गर्ने भरपर्दो प्रणाली विकास गर्नुपर्ने उनको सुझाव छ।

महालेखा नियन्त्रकको कार्यालयले अध्ययन गरी ०८१ असार मसान्तसम्ममा १७५ सरकारी कोषको अध्ययन गरेको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जानकारी दिए। उनले भने, 'महालेखा नियन्त्रकको कार्यालयको अध्ययनअनुसार विभिन्न १७५ प्रकृतिका कोष छन्। कति प्रभावकारी छन्, कति प्रभावकारी छैनन्। कतिको उपयोगिताबारे पुनर्विचार गर्नुपर्ने भएको छ। त्यसका लागि यो व्यवस्था गरिएको छ। कोषका उद्देश्य ओझेलमा पर्नेछैनन्।'

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष ०७४/७५ यता सञ्चित कोषबाहेकका सरकारी कोषहरूको आय-व्यय तथा मौज्दातको विवरणको अद्यावधिक तथ्यांक संकलन गर्दै आइरहेको छ। जसअनुसार संघीय मन्त्रालय तथा निकायहरूका ६४ वटा कोषमा प्रत्येक वर्ष करिब एक खर्ब रुपैयाँ मौज्दात रहने गरेको देखिन्छ। कोषहरूको अवस्था, औचित्यलगायतका विषयमा महालेखाले अध्ययन गरिरहेको उनले बताए।

२ वैशाख ०७७ मा कोभिड संक्रमण नियन्त्रण गर्न जारी लकडाउनले आर्थिक गतिविधि संकुचित भएपछि तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडाको प्रस्तावमा मन्त्रिपरिषद्ले नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गतको ग्रामीण दूरसञ्चार कोषको रकम सञ्चित कोषमा तान्ने निर्णय गरेको थियो।

तान्न मिल्ने रकमको विवरण : कुन मन्त्रालयको कोषबाट कति ?

महालेखा नियन्त्रकको कार्यालयले तयार पारेको विवरणअनुसार प्रधानमन्त्री कार्यालय र योजना आयोगसहित २२ मन्त्रालय तथा निकायमध्ये सबैभन्दा बढी पैसा सञ्चार तथा सूचना प्रविधिअन्तर्गतका कोषबाट तान्न मिल्ने उल्लेख छ। ०८१ असार मसान्तसम्म सञ्चार मन्त्रालयमातहतका कोषबाट २७ अर्ब २१ करोड आठ लाख रुपैयाँ तान्नेसक्ने भनिएको छ। दोस्रोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमातहतको कार्यसञ्चालन कोषबाट ११ अर्ब ९७ करोड, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतका कोषबाट आठ अर्ब पाँच करोड ४४ लाख खिच्न सक्ने भनिएको छ।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतका कोषबाट पाँच अर्ब ९९ करोड, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट चार अर्ब ५९ करोड, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट तीन अर्ब ८२ करोड, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहतका कोषबाट तीन अर्ब ६१ करोड तान्न सकिने महालेखा नियन्त्रकको कार्यालयले जानकारी दिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतका कोषबाट दुई अर्ब ५४ करोड, गृहअन्तर्गत दुई अर्ब ४३ करोड, युवा खेलकुद मन्त्रालयअन्तर्गत दुई अर्ब २४ करोड, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका कोषहरूमा एक अर्ब ११ करोड, सहरी विकासमातहतका कोषबाट ५६ करोड ७६ लाख, ५० करोड १५ लाख, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट २० करोड ५० लाख, वन तथा वातावरण मन्त्रालयबाट १५ करोड तीन लाख, परराष्ट्र मन्त्रालयबाट चार करोड २७ लाख, महिला बालबालिका तथा समाज कल्याणअन्तर्गत चार करोड २५ लाख, अर्थ मन्त्रालयअन्तर्गत तीन करोड ८५ लाख, खानेपानी मन्त्रालयअन्तर्गत तीन करोड ११ लाख, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाटा दुई करोड ३८ लाख, राष्ट्रिय योजना आयोगमातहत एक करोड १८ लाख र कानुन, न्याय तथा संसदीय मामिलाअन्तर्गत ३६ लाख १० हजार रुपैयाँ तान्न सकिने कार्यालयले जानकारी दिएको छ।

यी कोष पाँच वर्षदेखि निष्क्रिय, २ करोड १० लाख मौज्दात

पाँच वर्षदेखि स्थिर रहेका कोषहरू ६ वटा छन्। जसमध्ये व्यवस्थापिका संसद्अन्तर्गतको संसद् विकास कोषमा सबैभन्दा धेरै ४८ लाख ३३ हजार मौज्दात छ। त्यस्तै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको प्रधानमन्त्री सहायता कोषमा २० लाख ६८ हजार र मानव अधिकार प्रचार कार्यक्रममा ५ लाख मौज्दा छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमातहतमा सहकारीतर्फको कार्यसञ्चालन कोष पनि पाँच वर्षदेखि निस्क्रय जहाँ १५ लाख १५ हजार मौज्दात छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षाअन्तर्गतको श्रम तथा रोजगार कार्यालय, कास्कीमा एक लाख र राष्ट्रिय योजना आयोगको नयाँ निर्माण कोषमा एक करोड १८ लाख ४७ हजार मौज्दात छ।

यी १७ कोषमा बर्सेनि थुप्रिँदै छ पैसा, पुग्यो ९४ अर्ब २९ करोड

१७ कोषमा पाँच वर्षयता निरन्तर पैसा थुप्रिँदै जाने प्रवृत्ति देखिएको छ। यसरी पैसा थुप्रिँदै जानेमा सैनिक कल्याणकारी कोष सबैभन्दा अगाडि छ। यो कोषमा ०७९/८० मा ७८ अर्ब एक करोड मौज्दात छ। ०७८/७९ मा यस्तो रकम ६९ अर्ब ५५ करोड थियो। त्यस्तै, ०७७/७८ मा ६० अर्ब ७३ करोड थियो भने ०७६/७७ मा ५२ अर्ब १५ करोड थियो। त्यस्तै, ०७५/७६ मा ४४ अर्ब ५२ करोड थियो।

दोस्रो ठुलो कोषका रूपमा रहेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा ०७९/८० मा पाँच अर्ब ४८ करोड पुगेको छ। ०७८/७९ मा पाँच अर्ब ४३ करोड, ०७७/७८ मा चार अर्ब ३२ करोड र ०७६/७७ मा ३ अर्ब ५० करोड थियो।

प्रहरी कल्याण कोष र सशस्त्र प्रहरी कल्याण कोषमा रकम थुप्रिँदै गएर ०७९/८० मा चार अर्ब २७ करोड पुगेको छ। जब कि, ०७८/७९ मा यी कोषमा एक अर्ब ८६ करोड मात्रै थियो। त्यसअघिका वर्षहरू ०७७/७८ मा एक अर्ब ३२ करोड, ०७६/७७ मा ९६ करोड तीन लाख र ०७५/७६ मा ५२ करोड ७१ लाख थियो।

वन विकास कोषमा रकम थुप्रिएर एक अर्ब ९८ करोड पुगेको छ। जब कि, पाँच वर्षअघि ०७५/७६ मा तीन करोड १५ लाख रुपैयाँ मात्रै थियो। त्यस्तै, नेपाल ट्रस्टको कार्यालयमा ०७९/८० मा एक अर्ब ४६ करोड रुपैयाँ मौज्दात पुगेको छ। ०७५/७६ मा यहाँ ७० करोड ९८ लाख थियो।

०७९/८० मा न्यायिक प्रतिष्ठान कोषमा ५ करोड १२ लाख ९१ हजार, प्रधानमन्त्री राहत कोषमा ११ करोड १८ लाख ९० हजार, प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोषमा ३ करोड ३९ लाख ५० हजार, उद्योग मन्त्रालय कार्यसञ्चालन कोषमा १ करोड ५६ लाख ७५ हजार, केन्द्रीय कारागार कार्यसञ्चालन कोषमा २ करोड २० लाख ५६ हजार, विद्युत् नियमन आयोगमा १५ करोड ७० लाख ९८ हजार, राष्ट्रिय पशु प्रजनन कार्यालयमा कास्कीमा ८ करोड ७७ लाख ७३ हजार, सहकारी प्रवर्द्धन कोषमा ९ करोड १९ लाख ६७ हजार र नेपाली सैनिक विमान चार्टर उडान विकास समितिमा ३८ करोड १५ लाख ८५ हजार रकम मौज्दात छ। त्यस्तै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा ५ करोड ६ लाख १७ हजार, वैदेशिक रोजगार विभागमा २२ लाख १ हजार र स्वास्थ्य सेवा विभाग खोप कोषमा ३७ करोड ५७ लाख ८७ हजार मौज्दात छ। यी कोषहरूमा बर्सेनि पैसा थुप्रिँदै गइरहेको महालेखा परीक्षकको कार्यालयको तथ्यांकले देखाएको छ।

पाँच वर्षयता रकम थुप्रिँदै गइरहेका कोषहरू

कोष	मौज्दात (रुपैयाँमा)
सैनिक कल्याणकारी कोष	७८ अर्ब १ करोड
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र	५ अर्ब ४८ करोड
प्रहरी कल्याण कोष र सशस्त्र प्रहरी कल्याण कोष	४ अर्ब २७ करोड
वन विकास कोष	१ अर्ब ९८ करोड
नेपाल ट्रस्टको कार्यालय	१ अर्ब ४३ करोड
राष्ट्रिय योजना आयोगको नयाँ निर्माण कोष	१ करोड १८ लाख ४७ हजार
न्यायिक प्रतिष्ठान कोष	५ करोड १२ लाख ९१ हजार
प्रधानमन्त्री राहत कोष	११ करोड १८ लाख ९० हजार
प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष	३ करोड ३९ लाख ५० हजार
उद्योग मन्त्रालय कार्यसञ्चालन कोष	१ करोड ५६ लाख ७५ हजार
केन्द्रीय कारागार कार्यसञ्चालन कोष	२ करोड २० लाख ५६ हजार
विद्युत् नियमन आयोग	१५ करोड ७० लाख ९८ हजार
राष्ट्रिय पशु प्रजनन कार्यालय कास्की	८ करोड ७७ लाख ७३ हजार
सहकारी प्रवर्द्धन कोष	९ करोड १९ लाख ६७ हजार
नेपाली सैनिक विमान चार्टर उडान विकास समिति	३८ करोड १५ लाख ८५ हजार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५ करोड ६ लाख १७ हजार
वैदेशिक रोजगार विभाग	२२ लाख १ हजार
स्वास्थ्य सेवा विभाग खोप कोष	३७ करोड ५७ लाख ८७ हजार
जम्मा	९४ अर्ब २९ करोड १९ लाख २९ हजार

स्रोत : महालेखा परीक्षकको कार्यालय

सक्रिय छन् यी कोषहरू

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहतको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सक्रिय देखिन्छ। अर्थ मन्त्रालयअन्तर्गतका भन्सार कोष र मूल्य अभिवृद्धि कर कोष पनि सक्रिय छन्। त्यस्तै, विभिन्न मन्त्रालयअन्तर्गत पर्ने नेपाल गुणस्तर तथा नापतौल विभाग कार्यसञ्चालन कोष, जलस्रोत तथा सिँचाइ विभाग, उष्ण प्रदेशिक बागवानी विकास कोष सर्लाही, परियोजना कार्यान्वयन एकाइ, खानेपानी कार्यसञ्चालन कोष, परराष्ट्रतर्फको मृतक क्षतिपूर्ति कोष, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यसञ्चालन कोष, वन तथा वातावरणको कार्यसञ्चालन कोष, शिक्षा, विज्ञान तथा प्रविधिको कार्य सञ्चालन कोष, व्यावसायिक तथा सीप विकास प्रतिष्ठान, श्रम तथा रोजगार कार्यालय, बाँके, वैदेशिक रोजगार इपिएस कोरिया, सूचना तथा प्रसारण विभाग कार्यसञ्चालन कोष, नेपाल दूरसञ्चार प्राधिकरण ग्रामीण दूरसञ्चार कोष र सहरी विकासमातहतको कार्यसञ्चालन कोष सक्रिय नै देखिएका छन्।

बाल विकास...

पृष्ठ १ बाट क्रमशः

थियो। अध्ययन समितिले निजी र सरकारी दुवै विद्यालयमा इसिडी तहलाई समान एक वर्ष मात्रै बनाउनुपर्ने सिफारिस गरेको हो। इसिडी तहमा बालबालिकालाई पढ्न तयार पार्ने र मुख्य सिकाइ कक्षा एकबाट मात्र हुनुपर्ने पनि समितिको सिफारिस छ। कक्षा एकमा भर्ना हुन भने बालबालिका पाँच वर्ष पूरा भएको हुनुपर्ने मापदण्ड तोकेको छ।

'बाल विकास तह अर्थात् इसिडीमा एक वर्षभन्दा बढी राख्नु राम्रो होइन, उनीहरूलाई खास अक्षर सिकाउने र पढाउने कक्षा एकमा पुगेपछि हो, अब कक्षा एकमा पुग्दा बालबालिकाको उमेर पाँच वर्ष पूरा गरेको हुनुपर्नेछ,' अध्ययन समिति संयोजक शर्माले भने, 'तर, अचेल कक्षा एकमा पुग्नुअघि तीन-चार वर्ष विभिन्न कक्षा घुमाउने चलन छ, यसले बालबालिकाको वृत्तिविकास र सिकाइमै प्रत्यक्ष असर पारेको छ। हामीले प्रतिवेदन तयार पारेर शिक्षामन्त्री विद्या भट्टराईलाई बुझाएका छौँ।'

४८ महिना (चार वर्ष)भन्दा कम उमेर समूहका बालबालिकालाई राखिने कक्षालाई शिशु स्याहार भन्न सकिने र ४८ महिना पुगेका बालबालिकालाई बाल विकास तहमा राख्न सकिने सिफारिस प्रतिवेदनमा उल्लेख छ। 'पाँच वर्ष पूरा भएर कक्षा एकमा भर्ना हुन आएका बालबालिकालाई क्षमता पुगेन वा जानेनन् भनेर कक्षा एकभन्दा तल राख्न पाइँदैन। त्यस्तै, धेरै जानेका छन् वा सक्षम छन् भनेर पाँच वर्ष पूरा नगरेकालाई कक्षा एकमा भर्ना गर्नु पनि राम्रो होइन,' शर्माले भने, '३६ महिना (तीन वर्ष) पूरा नगरेकालाई कुनै पनि बहानामा परीक्षामा सहभागी गराउन, किताब किन्न र कलम समाउन लगाउन हुँदैन, यसो गरेमा कारबाही गर्नुपर्छ भनेर सिफारिस गरेका छौँ।'

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा इसिडी तह एक वर्षको हुनुपर्ने व्यवस्था छ। कक्षा एकमा जानुअघि एक वर्ष मात्रै अध्ययन गरे पुग्ने ऐनले व्यवस्था गरेको छ। साना बालबालिकालाई सिकाउने नाममा विद्यालयले किताबको भारी बोकाएको र चर्को शुल्क असुलेको भन्दै विज्ञहरूले गैरकानुनी कदम रोक्नुपर्ने बताउँदै आएका छन्।

शिक्षाविद् विद्यानाथ कोइरालाले प्ले ग्रुप, नर्सरी, एलकेजी, युकेजी भनेर चार वर्ष पढाउनु राम्रो नभएको बताए। 'हाल अभ्यास भइरहेको यो अवधारणा अलि भएन, इसिडीको अर्थ 'अर्ली चाइल्डहुल्ड डेभलप' हो,' उनले भने, 'कक्षा एकमा जानका लागि पूर्वतयारी गर्ने हो, प्ले ग्रुपमा बालबालिकालाई खेलाउने, नर्सरीमा हेरविचार मात्रै गर्ने हो, एलकेजी र युकेजीमा बिस्तारै पढाउने हो, यदि बाल विकास तहलाई एक वर्षको बनाउने हो भने त्यो पनि प्रभावकारी हुन सक्ला।' शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले प्रतिवेदन कार्यान्वनतर्फ अघि बढ्ने बताए।

शिक्षा ऐन (नवौँ संशोधन) २०२८ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्वप्राथमिक शिक्षाको परिकल्पना गरेको छ। ऐनको दफा ११ त (१)मा प्रारम्भिक बाल विकास र शिक्षाको सञ्चालन एक वर्ष सञ्चालन गर्ने उल्लेख छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम, २०७६ ले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल विकास अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहार गर्नुपर्ने व्यवस्था गरेको छ। तर, हाल यो व्यवस्था कार्यान्वयनमा छैन।

मनोविद्हरूले बालबालिकालाई पढाउने नाममा सानो उमेरमै घोकाउनु वा सिकाउनुलाई राम्रो मानेका छैनन्। मनोविद् डा. गंगा पाठकले इसिडी तहका नाममा बालबालिकालाई उल्टै बोझ थुपारिएको बताउँदै यो बालबालिकाप्रतिको अन्याय रहेको औँल्याइन्। 'इसिडी पढ्नका लागि होइन, यो तहमा त घुलमिल हुन र साथीहरूसँग बोल्न सिकाउनु हो, तर हामीकहाँ स्कुलहरूले यसको दुरुपयोग गरेर बालबालिकालाई अनावश्यक बोझ र तनाव दिएका छन्,' उनले भनिन्, 'दुई-तीन वर्षकै बच्चालाई पढाउने, लेखाउने र घोकाउने गर्नु राम्रो होइन।'

तर, बाल विकास शिक्षक केन्द्रीय संघर्ष समितिकी अध्यक्ष कृष्णकुमारी थापामगर बाल विकास तहलाई एकवर्षे बनाउनु उचित नहुने बताउँछिन्। 'बाल विकास तहमा राखिएका हरेक कक्षाको महत्त्व छ, यसलाई घटाउँदा वा कटौती गर्दा बालबालिकाको सिकाइमा राम्रो नहोला,' उनले भनिन्, 'सबै विद्यालयमा सिकाइस्तर एउटै भएका बालबालिका आउँदैनन्, त्यसैले उनीहरूलाई कक्षा एकमा जानुअघि सिक्ने कक्षाहरू फरक-फरक हुनुपर्छ।' शिक्षा तथा मानवस्रोत विकास केन्द्रको तथ्यांकअनुसार हाल ११ लाख ५० हजार बालबालिका निजी तथा सामुदायिक विद्यालयमा इसिडी तहमा भर्ना भएका छन्।

सर्टिफिकेट हरायो

मिति २०६८/८/१७ गते काठमाडौं बाट झापा सम्म जाँदा **+2** को **HSEB** बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Rajendra Mainali
Reg.No : 632740365
Symbol No : 268810
Contact : 9849083066

बलात्कार...

पृष्ठ १ बाट क्रमशः

ठुलोबुबा रामसेवक सदायले भने। रिंकुले आफूमाथि जबर्जस्ती सामूहिक करणी भएको भनेर संलग्नहरूको नामसमेत किटान गरी गाउँ पञ्चायतमै बयान दिएको, दोस्रोपटक गाउँमा पञ्चायत बसेकै दिन उनी घरभित्रै झुन्डिएको अवस्थामा भेटिएको, तर शव भेटिएको कोठामा बाहिरबाट चुकुल लगाइएको पाइएकाले बलात्कार र हत्या अभियोगसम्बन्धी जाहेरी दिन लागिएको उनले बताए।

प्रहरीले पनि आत्महत्या दुरुत्साहनसम्बन्धी जाहेरी दर्ता भइसकेको अवस्थामा आउने पूरक जाहेरी पनि दर्ता गरी अनुसन्धान अघि बढाउने जनाएको छ। 'पीडित परिवारले ल्याएको पूरक जाहेरी दर्ता गरेर अनुसन्धानलाई थप अगाडि बढाउँछौँ,' इप्रका लहानका प्रमुख डिएसपी विष्णुप्रसाद सोतीले भने। घटनामा यौनजन्य कसुर भएको भनेर परिवारबाट सूचना आएकाले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा त्यसको पनि परीक्षण गर्ने गरी शव पठाइएको पनि उनले बताए। सोतीले आफूमातहतको युनिटबाट खटिएको अनुसन्धान टोलीले पञ्चायत बसेको भिडियो फुटेजको विश्लेषण तथा परिवार र छिमेकीसँग भेटेर अनुसन्धान गरिरहेको बताए।

त्यस्तै, जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डिएसपी वीरेन्द्रकुमार पासवानले प्रदेश प्रहरीबाट खटिएको छानबिन टोलीले पीडित परिवार, स्थानीय छरछिमेकलगायतसँग भेटघाट गरी अनुसन्धान गरिरहेको बताए। रिंकुमाथि भएको बलात्कार घटना दबाउन गाउँमै पञ्चायत बसेर पैसाको बार्गेनिङ गरिएको समितिले प्रारम्भिक निष्कर्ष निकालेको छ। यसमा वडासदस्य नथुनी साहसहित



गाउँका अगुवा संलग्न रहेको खुलेको छ। 'तर, पोस्टमार्टम रिपोर्ट प्राप्त भएपछि धेरै स्पष्ट हुन्छ,' उनले भने।

पीडित किशोरीले २७ माघको राति शौच गर्न घरबाहिर निस्किएको वेला स्थानीय तीन युवक रूपेश मण्डल, चन्दन साह र रामविनय मण्डलले अपहरण गरेर बलात्कार गरेको सम्बन्धमा २८ माघमा आमा सीतादेवीलाई सुनाएपछि घटना बाहिरिएको थियो। श्रीमान् रोजगारीका लागि भारतमा रहेकाले सीतादेवीले जेठाजु (रिंकुका ठुलोबुवा) रामसेवक सदायलाई भनेकी थिइन्। रामसेवकले न्यायका लागि गाउँमा हारगुहार गर्दा २९ माघमा वडासदस्य साह, स्थानीय अगुवाहरू रामप्रीत साह, रामकृपाल मण्डल, रामपुकार मण्डललगायतको उपस्थितिमा आर्थिक लेनदेनमा मेलमिलाप गर्न दबाब दिइएको थियो। तर, आर्थिक क्षतिपूर्ति रूपेशको परिवारले मात्रै बेहोर्नुपर्ने पञ्चायतको निर्णयपछि उनको बुवा देवो मण्डलले ३० माघमा अर्को पञ्चायत डाकेका थिए। उक्त पञ्चायतमा उपस्थित भएर सीतादेवी घर फर्किँदा घरको ढोकामा बाहिरबाट चुकुल लगाएको र भित्र रिंकु झुन्डिएको अवस्थामा भेटिएकी थिइन्।

भोलिपल्ट १ फागुनमा रामसेवक बुहारी सीतादेवीलाई लिएर बलात्कार र धाकधम्कीसम्बन्धी किटानी जाहेरी दिन इलाका प्रहरी कार्यालय लहान पुगेका थिए। तर, मुद्दा फाँटका हवल्दार जयकृष्ण कुर्मीले दुईपटकसम्म जाहेरी फेर्न लगाएर रूपेशविरुद्ध मात्रै आत्महत्या दुरुत्साहनको जाहेरी लेखाएर दर्ता गरेका थिए।

बालात्कार र शंकास्पद मृत्युजस्तो अपराधलाई आर्थिक लेनदेनमा मिलाउन खोजिएको भन्दै मिडियामा समाचार आएपछि प्रदेश प्रहरीले समिति नै बनाएर अनुसन्धान गरिरहेको छ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृति आशयको सूचना

(प्रकाशन मिति : २०८१/११/०८ गते)

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) को मिति २०८१/०९/२१ गते प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको बोलपत्र मूल्याङ्कन समितिबाट तपसिलबमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

क्र.सं.	ठेक्का नं.	आयोजनाको नाम र स्थल	सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना	कबोल अङ्क (मु.अ.क.सहित)
1	CJM/WORKS/NCB/09/081/082	Maikhara Tourim Area Development & Footpath Construction Works, Chaurjahari Municipality-3, Rukum (west)	B.M.S.P. Multipurpose Pvt. Ltd. Chaurjahari Municipality-2, Rukum (West)	5244696.64 NPR

सदूरपश्चिम...

पृष्ठ १ बाट क्रमशः

'यो दुई वर्षमा नयाँ कानुन बनेनन्। सालबसाली कानुन र बजेटसँग सम्बन्धित केही कानुन मात्र प्रदेश सभाबाट पारित भएका छन्,' जैसीले भने, 'प्रदेश सभाले पहिलेका केही ऐन भने संशोधन गरेको छ।'

प्रदेश सभा सचिवालयका अनुसार दुई वर्षमा संशोधन र नियमिततर्फ गरी ११ वटा विधेयक प्रदेश सभाबाट पारित भएका छन्। प्रदेश सभाले यो अवधिमा पाँचवटा ऐन संशोधन गरेको छ। त्यस्तै, एउटा प्रदेश सभा नियमावली र एउटा राजस्व संकलनसम्बन्धी अध्यादेश पारित गरेको छ। बाँकी दुईवटा बजेट र बजेटसँग सम्बन्धित विधेयक हुन्।

सरकारले एकल अधिकारको विद्युत् र शिक्षासँग सम्बन्धित कानुन पनि बनाउन सकेको छैन। भएका कानुन कार्यान्वयनको अवस्था, संशोधनको आवश्यकता र नयाँ कुन कानुनको आवश्यकता छ भनेर विधायकी परीक्षण पनि प्रदेशमा भएको छैन।

प्रदेश सरकारले आवश्यक कानुनको मस्यौदा निर्माण गरेर विधेयकका रूपमा सदनमा पेस गर्नुपर्छ। तर, नयाँ कानुन निर्माण गर्ने र बनेका कानुन आवश्यकताअनुसार संशोधन गर्नेतर्फ सरकारको ध्यान जान सकेको छैन।

सत्तारूढ एमाले सांसद सन्तोषकुमारी शर्मा थापाले सरकार फेरबदलमै धेरैजसो समय गएको बताइन्। 'बन्न बाँकी कानुन बनाउने, बनेका कानुन आवश्यकताअनुसार संशोधन गर्ने, अडिट गर्ने गर्नुपर्थ्यो। तर, कानुन निर्माणमा सरकारको ध्यान जान सकेन,' एमाले उपनेतासमेत रहेकी थापाले भनिन्, 'सरकारले सदनलाई बिजनेस दिनुपर्थ्यो।'

विधायन तथा प्रदेश मामिला समितिका सभापतिसमेत रहेका कांग्रेस सांसद दिवानसिंह विष्टले वन ऐन संशोधन नभएर काम रोकिएका र प्रदेशको शिक्षा ऐन आवश्यक रहेको बताए। 'किन ऐन ल्याउन सकेन सरकारले भन्ला, तर ल्याउनुपर्‍यो भनेर हामीले भनिरहेका छौँ,' उनले भने।

प्रमुख प्रतिपक्षी माओवादी सांसद अक्कल रावलले सरकारले बिजनेस नदिँदा सदन नियमित चल्न नसकेको बताए।

पहिलो अधिवेशनमा नौवटा, दोस्रोमा २८ वटा, तेस्रोमा १० वटा र चौथोमा सातवटा बैठक बसेका छन्। त्यस्तै, जारी पाँचौँ अधिवेशनमा हालसम्म १५ वटा बैठक बसेका छन्। विशेष अधिवेशनका पाँच बैठक बसेका छन्।

प्रदेशमा दुई वर्षमा एउटै कानुन नबने पनि सरकार भने चारवटा बनेका छन्। कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले करिब २१ महिना सरकारको नेतृत्व गरे। गत साउनदेखि उनले दोस्रोपटक सरकारको नेतृत्व गरिरहेका छन्। त्यस्तै, एकीकृत समाजवादीका दीर्घबहादुर सोडारीले तीन महिना र एमालेका राजेन्द्रसिंह रावलले एक महिना सरकारको नेतृत्व गरे।

दुई वर्षको अवधिमा प्रदेश सभाका विषयगत समिति पनि अधिकांश समय नेतृत्वविहीन रहे। दोस्रो प्रदेश सभा सुरु भएको एक वर्षपछि गत वर्ष पुसमा प्रदेशका विषयगत समितिले नेतृत्व पाएका थिए। तर, समिति सभापति मन्त्री बनेपछि केही महिनामै समिति नेतृत्वविहीन बन्न पुगे।

अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समितिले आइतबार मात्र नयाँ नेतृत्व पाएका छन्।

केआइआइटीका २२२ विद्यार्थी घर आइपुगे

सुरक्षाको पूर्ण सुनिश्चितता नभएसम्म कलेज नफर्कने



● **ओडिसाबाट फर्किएका वीरगन्जका पिन्टुकुमार यादव भन्छन्–**

किट कलेजका सुरक्षा गार्ड, गुन्डा र शिक्षकसहितका कर्मचारीले कुटपिट गर्दै जबर्जस्ती निकालेपछि अत्याचार सहन नसकेर स्वदेश फर्किएका हौं । निकै कष्टका साथ घर आइपुगियो ।

विराटनगरमा **गणेश लम्साल**
वीरगन्जमा **तिवारी यादव**

भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) प्रशासनले कुटपिट गर्दै जबर्जस्ती निकालेका २२२ नेपाली विद्यार्थी घर आइपुगेका छन् । विश्वविद्यालयमा अध्ययनरत प्रकृति लम्सालको आइतबार शंकास्पद मृत्युपछि न्यायिक छानबिनको माग राखी आन्दोलनमा उत्रिएका नेपाली विद्यार्थीमाथि कलेज प्रशासनले दमन गरेपछि उनीहरू दुःख-कष्टका साथ नेपाल आइपुगेका हुन् । जसमध्ये ८० जना जोगबनी नाका र १४२ जना वीरगन्ज नाकाबाट आएका हुन् ।

विश्वविद्यालयको होस्टेलबाट निकालिएका विद्यार्थी कोही बसबाट, कोही रेलमार्ग हुँदै जोगवनी नाका भएर आइपुगेका हुन् । जोगबनी नाकाबाट आउनेमा धेरैजसो मोरङ, सुनसरी र सप्तरी जिल्लाका विद्यार्थी छन् । विभिन्न कष्ट सहँदै स्वदेश आइपुगेको उनीहरूको भनाइ छ । केआइआइटी बिटेक तेस्रो वर्षमा अध्यनरत सप्तरी राजविराज नगरपालिका- ८ का छात्र नवीन रौनियारले भने, 'कलेजले एक्कासि होस्टेल छाडेर जाओ भन्दै जबर्जस्ती निकालेपछि धेरै मानसिक यातना भोग्यौं । कोलकाताबाट कटिहार हुँदै रेलमार्ग भएर चार दिनमा नेपाल आइपुगेका छौं । धेरैजना भएकाले यात्रामा असुरक्षा त भएन, तर सबैसँग पैसा नहुँदा चाहेजस्तो खान पाएनौं ।'

कलेजले बोलाए पनि सुरक्षाको पूर्ण ग्यारेन्टी नभएसम्म ओडिसा नफर्कने उनले बताए । उनका अनुसार कलेजमा प्रकृति लम्सालको रहस्यमय मृत्यु भएपछि नेपाली विद्यार्थीले न्यायको माग गरेका थिए । तर, कलेज प्रशासनले प्रहरी बोलाएर विरोध गर्ने विद्यार्थीमाथि लाठीचार्ज गराएको थियो । १६ फेब्रुअरी बिहान सबैलाई 'नेपाली विद्यार्थीजति सबै निस्क' भन्दै कोठाकोठा पुगेर प्रहरी लगाएर कलेज प्रशासनले कसैलाई भुवनेश्वरको बस र कसैलाई रेलवे स्टेसनको खुला मैदानमा लगेर छाडिदिएको थियो । त्यसपछि नेपाली विद्यार्थी समूह बनाएर कोलकाता आइपुगेका थिए । त्यहाँबाट कोही बस त कोही रेलबाट तीन दिनपछि जोगबनी आइपुगेका थिए ।

विराटनगर आइपुगेका एक विद्यार्थीले कलेजले फर्काएपछि होस्टेल पुगेका विद्यार्थीलाई घरमा खबर गरेको भन्दै शारीरिक र मानसिक यातना दिने गरेको आफूहरूलाई जानकारी आएको बताए । विराटनगर महानगरपालिका- १० का एक विद्यार्थीले भने, 'के थाहा भोलि फर्केपछि हामीलाई पूर्वाग्रह राखेर यातना दिने काम पो हुन्छ कि ?'

नेपाल फर्केका विद्यार्थीका अनुसार केआइआइटीमा करिब १५ सय विद्यार्थी चारवर्षे बिटेक इन्जिनियरिङ कोर्स पढिरहेका छन् । केही भारतीय दूतावासको छात्रवृत्तिमा गएका हुन् भने धेरैजना चारवर्षे कोर्सका लागि आवासीय व्यवस्थासहित १२ लाख २५ हजार भारु तिरेर गएका हुन् । विद्यार्थीका अनुसार घटनापछि



ओडिसाबाट बुधबार वीरगन्ज आइपुगेका नेपाली विद्यार्थी



ओडिसाबाट बुधबार जोगवनी नाकामा आइपुगेका नेपाली विद्यार्थी

कलेजले थ्रेट गरेपछि अध्ययनरत प्रायः सबै विद्यार्थीले कलेज छाडिसकेका छन् ।

सुनसरीको भोक्राहा नर्सिङ गाउँपालिका- ७ का राकेश यादव र उनका १५ जना साथी बुधबार दिउँसो जोगबनी नाकाबाटै नेपाल आइपुगेका छन् । कलेजले गेस्टहाउसबाट निकालेपछि १६ फेब्रुअरीमा भुवनेश्वरबाट बसमा कोलकाता र कोलकाताबाट रेलमार्ग हुँदै घर फर्केका थिए । चार दिनपछि नेपाल आइपुगेको उनीहरूले बताए । बिटेक दोस्रो वर्षमा अध्ययनरत विराटनगर- १४ का रितेश यादवले कलेजमा पढाइ धमाधम भइरहेकाले 'अब के होला' भन्ने चिन्तामा परेको सुनाए । सुरक्षाको अवस्था सुनिश्चित नभएसम्म ओडिसा नफर्कने उनले बताए । काठमाडौंका सुमन दासले कलेजले प्रहरी लगाएर हतारहतार निकालेकाले कपडासमेत राम्ररी लगाउन नपाएकाले एकसरो कपडामै नेपाल आइपुगेको बताए ।

विद्यार्थी आउने क्रम जारी रहेको र सबैको नाकामा विवरण लिएर नजिक भएकाले आफैं र टाढा भएकालाई प्रहरीले विराटनगर बसपार्कसम्म छाडिदिने गरेको सीमा प्रहरी चौकी रानीका सइ सुभाष अधिकारीले बताए । नेपाल फर्केका विद्यार्थीहरू धेरैजसो ओडिसाबाट भारतको कोलकातासम्म बसमा र कोलकाताबाट कटिहार हुँदै जोगबनी आउने क्रम जारी छ ।

वीरगन्ज नाकाबाट आइपुगेका विद्यार्थी पर्सा, बारा, रौतहट र मकवानपुरका

किट कलेजबाट निकालिएका १४२ विद्यार्थी वीरगन्ज नाकाबाट घर फर्किएको पर्साका प्रहरी प्रमुख गौतम मिश्रले बताए । जसमध्ये २५ जना छात्रा छन् । फर्किएकामध्ये करिब ८० प्रतिशत विद्यार्थी पर्साकै हुन् । अन्य विद्यार्थी बारा, रौतहट, मकवानपुरलगायत जिल्लाका छन् । बाहिरी जिल्लाका विद्यार्थी आफ्नै हिसाबले घरतर्फ लागेको उनको भनाइ छ ।

वीरगन्जको शंकराचार्य गेटमा आएका विद्यार्थीलाई स्थानीय साउथजोन स्कुलले व्यवस्थापन गरेको दुईवटा स्कुल बसको सहायतामा सिमरासम्म पुऱ्याइएको हो । स्वदेश फर्किएका विद्यार्थीले विश्वविद्यालयबाट अत्याचार भएको बताएका छन् । न्यायको माग गर्ने विद्यार्थीलाई विश्वविद्यालय प्रशासनले गुन्डा र सुरक्षा गार्ड लगाएर कुटपिट गर्दै होस्टेलबाट निकालेको उनीहरूको भनाइ छ ।

वीरगन्ज महानगरपालिका ब्रह्मचोकका पिन्टुकुमार यादवले निकै कष्टका साथ घर आइपुगेको बताए । किट कलेजमा बिटेक सिभिल दोस्रो सेमेस्टरमा अध्ययनरत उनी कलेज प्रशासनको अत्याचार सहन नसकेर फर्किएको बताए । 'कलेजका सुरक्षा गार्ड, गुन्डा र शिक्षकसहितका कर्मचारीले कुटेर नेपाल फर्कन आदेश दिएका हुन्,' उनले भने । कलेजमा भएको व्यवहार आफूले जीवनमा कहिल्यै नबिर्सने उनको भनाइ छ ।

बाराको जितपुर सिमरानिवासी एके साहले कलेजमा प्रकृति लम्सालको दुःखान्तले नेपाली विद्यार्थीमाथि अमानवीय व्यवहार भएको बताए । न्याय दिनेभन्दा पनि दबाउने काम भएको उनले बताए । 'न्यायका लागि आन्दोलन गर्दा धेरै दुःख भोग्यौं,' उनले भने । पर्साका बिरिन्चिवर्वाका वेदप्रकाश गुप्ताले प्रकृति लम्सालको शंकास्पद मृत्युपछि आक्रोशमा आएका विद्यार्थीले सडकमा आन्दोलन गरेपछि कलेज प्रशासनले नेपाली विद्यार्थीलाई निर्घात कुटपिट गरेको बताए ।

ओडिसामा सरकार र विद्यार्थीसँग समन्वय गर्दै नेपाली अधिकारी

पर्शुराम काफ्ले/नयाँ पत्रिका

भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयको अन्तर्राष्ट्रिय छात्रावास सोमबारसम्म भरिभराउ थियो । नेपाली विद्यार्थीलाई निकालेको घटनापछि छात्रावास अहिले सुनसान छ । एक हजार १८० नेपाली विद्यार्थी बस्ने अन्तर्राष्ट्रिय छात्रावासमा बुधबार साँझसम्म सयजना फर्केका छन् । बिहीबार थप ५० जना फर्किनेछन् ।

'८० प्रतिशतजति साथी नेपाल पुगिसके । उनीहरूले घर पुग्यौं भनेर अनअफिसिएल ह्वाट्सएप ग्रुपमा लेखेका छन्,' छात्रावास फर्केका पाल्पाका एक नेपाली विद्यार्थीले टेलिफोनमा भने, 'अहिले विश्वविद्यालयका अधिकारीले दिनमा अनेकपटक माफी मागिरहेका छन् । माहोल बिस्तारै सकारात्मक हुँदै छ ।'

नेपाली दूतावासका काउन्सिलर सञ्जीव शर्मा दास र नवीन अधिकारीले दिनभर ओडिसा सरकारका अधिकारी, प्रहरी र नेपाली विद्यार्थीसँग समन्वय गरेका छन् । 'ओडिसा राज्य सरकारले नेपाली विद्यार्थीका लागि हार्दिकतापूर्वक सहयोग गरेको छ । मंगलबारसम्म अलिकति शंकाको माहोल थियो । अहिले विश्वविद्यालय छात्रावासको माहोल शान्त छ, सुरक्षाको पूर्ण प्रत्याभूति छ,' नेपाल प्रहरीका एसएसपी शर्माले भुवनेश्वरबाट नयाँ पत्रिकासँग भने ।

क्याम्पसबाट निकालिएका एक हजार १८० विद्यार्थीमध्ये सयजना विश्वविद्यालय फर्किए

उनका अनुसार छात्रावासमा सयजना नेपाली विद्यार्थी फर्केका छन् । 'कोलकाताबाट केही र ओडिसाका विभिन्न ठाउँ गएका विद्यार्थी फर्किँदै छन्,' उनले भने, 'बिहीबारबाट नेपाली विद्यार्थी कक्षामा सहभागी हुँदै छन् ।' १३९ जना छात्रा रहेकोमा २० जना छात्रावास फर्किसकेको शर्माले बताए ।

विश्वविद्यालयका पदाधिकारीले बुधबार नेपाली विद्यार्थी तथा उनीहरूका अभिभावकसँग डेढ घण्टा लामो जुम बैठक गरेका छन् । उनीहरूले विद्यार्थीलाई पठाउन अभिभावकलाई अनुरोध गरेका छन् । विद्यार्थी फर्किंदाको रेल खर्च विश्वविद्यालयले व्यहोर्ने र छात्रावासमा सुरक्षाको पूर्ण सुरक्षा र सम्मानको प्रत्याभूति रहने आश्वासन पनि प्रशासनले दिएको छ । नेपाली सुरक्षा अधिकारीहरू पनि परिस्थिति शान्त नभएसम्म भुवनेश्वरमा रहनेछन् ।

बुधबार मुख्यमन्त्री मोहनचरण माझीले नेपाली काउन्सिलरद्वय सञ्जीव शर्मा दास र नवीनराज अधिकारीसँग टेलिफोनमा कुराकानी गरेका थिए । 'मुख्यमन्त्री ओडिसाबाहिर हुनुहुँदोरहेछ, फोनमा कुराकानी भयो । बिहीबार गृहमन्त्रीसँग भेट गर्दै छौं,' शर्माले भने । मुख्यमन्त्री माझीले केआइआइटी क्याम्पसमा शान्ति र सहज वातावरण पुनर्स्थापित हुने आश्वासन दिएका छन् । उनले नेपाली विद्यार्थीलाई क्याम्पसमा फर्कन र पढाइमा सहभागी हुन अनुरोध गरेका छन् ।

प्रदेश सरकारका मन्त्रीद्वय मुकेश महालिङ र सूर्यवंशी सुरज, मुख्य सचिव मनोज आहुजाले बुधबार नेपाली काउन्सिलरद्वय शर्मा र अधिकारीसँग स्टेट गेस्टहाउसमा छलफल गरेका थिए । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले मन्त्री सुरजसँग फोनमा कुराकानी गरेकी थिइन् । उनले ओडिसाका उच्च शिक्षामन्त्री सुरजसँग नेपाली विद्यार्थी प्रकृति लम्सालको मृत्युको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाहीका साथै त्यहाँका नेपाली विद्यार्थीलाई कलेजमा सुरक्षित वातावरणसहित पठनपाठनको व्यवस्थाका लागि आग्रह गरेकी छिन् ।

परराष्ट्रमन्त्री राणाका प्रेस सल्लाहकार एकराज पाठकका अनुसार मन्त्री सुरजले घटनालाई ओडिसा राज्यले गम्भीर रूपमा लिएको र प्रकृतिलाई न्याय र नेपाली विद्यार्थीमाथि भएका घटनाको दोषीमाथि कारबाहीका लागि उच्चस्तरीय छानबिन समिति गठन गरिएको जानकारी दिएका थिए । 'मन्त्री सुरजले कलेजमा नेपाली विद्यार्थीमाथि दुर्व्यवहार गर्ने कर्मचारीलाई बर्खास्त गरी कानुनी कारबाही अघि बढाइएको र नेपाली विद्यार्थीलाई सुरक्षित रूपमा होस्टेलमा रहेर पठनपाठन गर्न सक्ने गरी सुरक्षाको प्रबन्ध गरिएको जानकारी पनि दिनुभएको छ,' पाठकले भने । विश्वविद्यालय प्रशासनले मंगलबार नेपाली विद्यार्थीसँग सार्जजनिक रूपमा माफी मागेको थियो । नेपाली विद्यार्थीलाई दुर्व्यवहार गर्ने स्टाफलाई बर्खास्त गरी कारबाही गरेको छ । घटनामा संलग्न पाँचजना कर्मचारीलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान सुरु गरिसकेको छ ।

बुधबार छात्रावास पुगेका राज्य सरकारका प्रहरी अधिकारी तथा जाँचबुझ समितिका अधिकारीले नेपाली विद्यार्थीलाई सान्त्वना दिएका थिए ।

■ एघारौं महाधिवेशनलक्षित संगठन बनाउँदै एमाले

महिला, युवा र दलित सदस्यता वितरण प्राथमिकतामा

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले पार्टीको एघारौं महाधिवेशनलाई लक्षित गर्दै संगठन निर्माण र सदस्यता विस्तार अभियान अगाडि बढाएको छ । टोल तहसम्म कमिटी बनाउने उद्देश्यले माघबाट सुरु भएको तीनमहिने वडाकेन्द्रित जरा अभियानलाई एमालेले महाधिवेशनलक्षित संगठन निर्माण र सदस्यता विस्तारलाई केन्द्रविन्दुमा राखेर काम अगाडि बढाएको हो ।





● **काशीनाथ अधिकारी**, संगठन विभाग प्रमुख, एमाले

०८२ को वर्ष सम्भवतः महाधिवेशन वर्ष हुने भएकाले पनि कोही नछुट्ने गरी नवीकरण गर्न जोड दिएका छौं । दसौं महाधिवेशनले एघारौंसम्म पुग्दा १० लाख सदस्य पुऱ्याउने लक्ष्य निर्धारण गरेका कारण योग्यता पुगेका समर्थकको बिचमा व्यापक सदस्यता विस्तारमा पनि जोड दिइरहेका छौं ।

तीन महिनामध्ये विशेषतः फागुन र चैतलाई पुराना सदस्यताको नवीकरण र नयाँ सदस्यता विस्तारलाई केन्द्रमा राखेर वडा र टोल तहसम्म कमिटी विस्तार र पुनर्गठन अभियान अगाडि बढिरहेको एमालेले जनाएको छ । प्रदेश र जिल्ला कमिटीको नेतृत्वमा अगाडि बढिरहेको अभियानमा सदस्यता नवीकरण र विस्तारसँगै पार्टीभित्रका समस्या समाधान र जनसरोकारको मुद्दाको सुनुवाइ तथा सम्बोधनमा ध्यान दिन महासचिव शंकर पोखरेलले सर्कुलर जारी गरेर निर्देशन दिएका छन् । एमालेले ७ माघको केन्द्रीय सचिवालय बैठकबाट आगामी २०, २१ र २२ भदौमा विधान महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

स्थायी समिति सदस्य तथा संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले पार्टीले ०८२ भित्रै महाधिवेशन सम्पन्न गर्ने सोचसहित तयारी गरेकाले कोही पनि सदस्य नछुट्न गरी नवीकरण गर्न तथा दसौं महाधिवेशनको लक्ष्यअनुसार समर्थकमाझबाट योग्यतमलाई नयाँ सदस्यता वितरण गर्न निर्देशन दिइएको जानकारी दिए ।

'०८२ को वर्ष सम्भवतः महाधिवेशन वर्ष हुने भएकाले पनि कोही नछुट्ने गरी नवीकरण गर्न जोड दिएका छौं । दसौं महाधिवेशनले एघारौंसम्म पुग्दा १० लाख सदस्य पुऱ्याउने लक्ष्य निर्धारण गरेका कारण योग्यता पुगेका समर्थकको बिचमा व्यापक सदस्यता विस्तारमा पनि जोड दिइरहेका छौं,' अधिकारीले भने । अघिल्लो वर्षको अन्तिमसम्म एमालेमा साढे पाँच लाख संगठित सदस्य छन् । उनीहरूको नवीकरण गर्दै दसौं महाधिवेशनको लक्ष्यअनुसार करिब साढे चार लाख सदस्य थपेर १० लाख पुऱ्याउने योजनामा एमाले छ । अधिकारीले नयाँ सदस्यता वितरण गर्दा महिला, युवा, दलित र श्रमिक वर्गलाई संगठित गर्ने गरी काम गर्न पनि निर्देशन दिइएको जानकारी दिए । 'जनसंख्याको आधाभन्दा बढी हिस्सा रहेको महिलासँगै विशेषतः युवा वर्ग र दलितसहित तल्लो श्रमिक वर्गलाई संगठित गर्ने गरी नयाँ सदस्यता विस्तारमा जोड दिइएको छ,' उनले भने ।

एमालेले ०८४ को आमनिर्वाचनमा बहुमत ल्याउने लक्ष्य घोषणा गर्दै वडाहरूमा कम्तीमा प्रतिभावान् १५ जना नयाँ युवालाई भर्ती गरेर प्रशिक्षित गर्न, विशेषतः महिलालाई संगठित गर्न जोड दिएको छ । अध्यक्ष केपी ओलीले महिलाहरू संगठित गर्ने मामिलामा अनेमसंघको भूमिका फितलो देखिएको भन्दै कामलाई केन्द्रविन्दुमा राखेर परिचालित हुन पटक-पटक निर्देशन दिँदै आएका छन् ।

विधान महाधिवेशनलगत्तै पार्टी महाधिवेशन आयोजना हुन सक्ने भएकाले एमालेका कमिटीहरू त्यसअनुसार नै अहिल्यैदेखि परिचालित हुने स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । 'ढिलोमा ०८३ को वैशाख, नत्र ०८२ भित्रै राष्ट्रिय महाधिवेशन आयोजना गर्ने गरी विधान महाधिवेशनको मिति तय भइसकेको अवस्था हो । दसौं महाधिवेशन आयोजना भएको ०८२ मंसिरमै पाँच वर्ष टेक्छ, त्यसको ६ महिनाभित्र त महाधिवेशन गरिसक्नुपर्छ,' गौतमले भने, 'सामान्यतयाः विधान महाधिवेशन भएको ६ महिनाभित्र राष्ट्रिय महाधिवेशन गरिसक्नुपर्छ भन्ने मान्यता र अभ्यास भएकाले पनि हामी एक वर्षभित्रै आयोजना गर्ने गरी अहिले सदस्यता नवीकरण, विस्तारलाई केन्द्रविन्दुमा राखेर अहिले अभियान अगाडि बढाइरहेका छौं ।'

एमालेले पार्टीमा कम्तीमा एक लाख क्षमतावान् नयाँ युवालाई भर्ती गरेर पार्टीमा आबद्ध गराउने लक्ष्यसहित पार्टी निर्माण अभियान सञ्चालन गर्न निर्देशित गरेको छ । पुसमा सम्पन्न केन्द्रीय कमिटी बैठकले केन्द्रीय संगठन विभागको संगठन विस्तारसम्बन्धी कार्ययोजना पारित गर्दै ६ हजार ७४३ वटा वडामा कम्तीमा एक लाख क्षमतावान् नयाँ युवालाई भर्ती गरेर पार्टी कमिटीमा भर्ती गर्ने लक्ष्य राखेको थियो । कम्तीमा एउटा वडामा १५ जना क्षमतावान् युवालाई रोस्टर बनाएरै प्रशिक्षित गरी पार्टीमा आबद्ध गराउने कार्ययोजनामा भनिएको छ । लक्ष्य पूरा भएको अवस्थामा एक लाख एक हजार १४५ नयाँ युवा आबद्ध हुन सक्नेछन् ।

'प्रत्येक वडामा सम्भावना बोकेका कम्तीमा १५ जना युवाको रोस्टर बनाउने (सूची तयार पार्ने) र नेतृत्व विकासका लागि विशेष प्रशिक्षण आरम्भ गर्ने । विदेश गएका पार्टीसमर्थक युवाहरूको विवरणसहितको लगत लिने र पार्टीको केन्द्रीय संगठन विभागमा पठाउने । निर्वाचन बुथकेन्द्रित सुरक्षा-प्रबन्धको अग्रिम तयारी थाल्ने । सम्भाव्य युवाहरूको खोजी गर्ने,' बैठकले पास गरेको युवा नेतृत्व विकासको काम शीर्षकमा भनिएको छ । महासचिव पोखरेलले कूल मतदाताको कम्तीमा ६ प्रतिशतलाई पार्टी सदस्यता नवीकरण र विस्तार गर्नुपर्ने भन्दै तीनमहिने अभियानमा दशवटा कामलाई प्राथमिकताका साथ सम्पन्न गर्न अन्तरपार्टी निर्देशन जारी गरेका छन् ।

■ सिँगारिँदै पाशुपत क्षेत्र



महाशिवरात्रिका लागि पाशुपत क्षेत्रमा रहेका भित्तामा विभिन्न देवीदेवताका चित्र कोर्दै चित्रकार । मन्दिरपरिसरमा सफाइ र सजावट थालिएको छ ।
तस्बिर : संजित परियार/नयाँ पत्रिका

एकीकृत समाजवादीको केन्द्रीय कमिटी आजदेखि

काठमाडौं/ एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक बिहीबार सुरु हुँदै छ । दुईदिने बैठक प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलमा बिहीबार बिहान ११ बजे सुरु हुनेछ । बैठकमा राजनीतिक प्रतिवेदन, नियमावली, आगामी कार्ययोजना, महाधिवेशनको समीक्षा प्रतिवेदन, आन्दोलनद्वारा पार्टी निर्माण प्रस्ताव, सरकारले ल्याएको अध्यादेशलगायत कार्यसूची रहेको उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले जानकारी दिए । एकीकृत समाजवादीले सरकारले संसद् अधिवेशनको सँघारमा ल्याएका अध्यादेशहरूको प्रक्रिया र अन्तर्वस्तु गलत र हानिकारक भएको निष्कर्षसहित अध्यादेशको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ । 'अध्यादेशको प्रक्रिया र अन्तर्वस्तु पनि गलत र हानिकारक छन् । अध्यादेशहरूबाट भूमाफिया, कालोबजारिया, राजस्व छली गर्ने व्यक्ति, बिचौलिया, भ्रष्टाचारी, तस्कर र दलालहरूलाई फाइदा पुग्ने निष्कर्षसहित अध्यादेशको प्रक्रिया र अन्तर्वस्तु दुवैमा हाम्रो पार्टीको असहमति र विरोध छ । त्यसैले हाम्रो पार्टीले संसद्मा अध्यादेशहरूको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ,' उनले भने । यसअघि सत्तारूढ दल काँग्रेसले अध्यादेश पारित गर्न एकीकृत समाजवादीको साथ खोज्ने निर्णय गरेको थियो । भरतको ओडिसामा मृत्यु भएकी नेपाली छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्युको छानबिन गरी दोषीलाई कारबाहीका लागि विशेष प्रस्ताव पारित गरेको छ ।

■ विपन्न आशादेवीलाई रोगमाथि रोग

मिर्गौलाको पीडामाथि पायल्स र क्यान्सरको चोट

गुल्मीमा **टोपलाल अर्याल**

गुल्मी धुर्कोट गाउँपालिका- १ नयाँगाउँ मैदानकी ६५ वर्षीया आशादेवी दर्जीलाई करिब २० वर्षदेखि उच्च रक्तचापको समस्या थियो । उनी नियमित औषधि खान्थिन् । बिस्तारै खाना मिठो नहुने र हातखुट्टा सुन्निने समस्या देखिन थाल्यो । गुल्मी अस्पताल तम्घासमा स्वास्थ्य परीक्षण गर्दा दुवै मिर्गौला फेल भएको पत्ता लाग्यो ।

छोरा राजु दर्जीका अनुसार आशादेवी ०७९ देखि मिर्गौलापीडित छन् । मिर्गौला प्रत्यारोपणको सम्भावना थिएन । गौतम बुद्ध सामुदायिक मुटु अस्पतालमा दुई वर्षसम्म डायलाइसिस गरिएको राजुले बताए । एक वर्षदेखि तम्घासमा तीन दिन आइतबार, बुधबार र शुक्रबार डायलाइसिस हुन्छ । पछि पायल्सको समस्या बल्झियो । आशादेवीलाई दुई महिनादेखि दीर्घरोग क्यान्सरसमेत थपिएको छ ।

राजुले गाउँबाट आउ-जाउ सम्भव नभएपछि सदरमुकाममै कोठा भाडामा लिएर आमालाई डायलाइसिस गर्दै आएका छन् । 'आमालाई अक्सिजनविना राख्न सकिँदैन । सातामा तीन दिन घरबाट अस्पताल पुग्न अप्ठ्यारो भयो,' राजुले भने, 'कोठा भाडामा खोजेर अक्सिजनसहित उपचार गरिरहेको छु ।' दलित विपन्न परिवारमा चोटमाथि चोट



परिरहेको छ । राजुका दुई भाइ छन् । दाजुको केही समय पहिले भारतमा मृत्यु भयो । बुबा बितेका आठ वर्ष भयो । होटेलमा काम गरेर परिवारको जोहो गरेका उनी आफू आमाका कारण काममा फर्किन पाएनन् ।

जीवनभर कमाएको करिब २० लाख आमाको उपचारमा सकिएपछि अहिले निकै समस्या थपिएको राजुले गुनासो गरे । उनका पाँच छोरी छन् । अहिले पनि मासिक १५ देखि २० हजार रुपैयाँ आमाको उपचारमा खर्च हुने गरेको छ । गाउँको बारीले ६ महिना खान पुग्दैन । आमालाई फर्काएर घर लैजान पनि राजुको मनले मान्दैन । आमाको उपचार र परिवार व्यवस्थापनको उपाय सबै बन्द हुँदै गएको उनले बताए ।

'आमालाई रोगमाथि रोग बल्झिएपछि तातो दुध निल्नु न उकेल्नु भइरहेको छ । उपचार गर्ने उपाय सबै बन्द हुँदै गए,' उनले भने, 'उपचारमा सम्पत्ति सकिए पनि बचाउने आशा अझै मरिसकेको छैन ।' उनले सबैसँग सहयोगको याचना गरे । आफ्नो कमाइ उपचारमा सकेका राजुले बाँचुन्जेल उपचार गर्नुपर्ने भएकाले औषधि किन्न पनि अप्ठ्यारो परेको बताए । सहयोगका लागि लक्ष्मी सनराइज बैंकमा पीडित आशादेवी दर्जीको खाता नं ११२१३७५७४९२०५००१ मा सहयोग गर्न सकिनेछ ।

सरकारी कोषको रकम दुरुपयोग हुने जोखिम

कोषको रकम मन्त्रिपरिषद्को आदेशबाट होइन, संसद्बाट पारित गराएर खर्च गर्ने भरपर्दो प्रणाली विकास गर्नुपर्छ



● केशव आचार्य

अग्रलेख

सरकारले भर्खरै अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गर्दै सरकारी कोषमा रहेको रकमलाई सञ्चित कोषमा जम्मा गर्न सकिने व्यवस्था गरेको छ। विभिन्न कोषमा छरिएको राज्यस्रोतलाई एकत्रित गर्ने यो अन्तर्राष्ट्रिय असल अभ्यासमध्येको एक हो। तर, यसको सही सदुपयोगका लागि सरकारको असल नियत, पारदर्शिता र विश्वसनीयता अत्यन्त आवश्यक हुन्छ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) मा 'फिस्कल अफेयर्स डिपार्टमेन्ट' भन्ने निकाय छ। त्यहाँबाट नेपालले प्राविधिक सहायता लिँदै आइरहेको छ। आइएमएफले विगत लामो समयदेखि नै खुद्रे कोषहरू नराख्न र सरकारी कोषहरूको रकमलाई एकत्रित गर्न सुझाव दिँदै आइरहेको छ। तर, यो सुझाव कार्यान्वयन गर्दाका चुनौती पनि उस्तै छन्। हाम्रोमा सरकारको पारदर्शिता र विश्वसनीयता कमजोर छ। सरकारको नियतमाथि पनि प्रशस्तै शंका गर्ने ठाउँ रहने गर्छ।

राज्यको छरिएर रहेको रकम एकत्रित गरी सही ठाउँमा खर्च गर्न सके मात्र लाभ हुने हो। तर, यहाँ कोषहरूको पैसा एकत्रित गरी सञ्चित कोषमा राख्दा दुरुपयोग हुने वा नेतानिकटका कार्यकर्तालाई बाँड्नमा खर्च हुने जोखिम पनि उत्तिकै छ। यसअघि पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठले मन्त्री र सचिवको तजबिजीमा पैसा खर्च गर्न सक्ने व्यवस्था नै खारेज गरिदिएर उदाहरणीय काम पनि गरेका छन्। सबैले दुरुपयोग नै गर्छन् भन्ने पनि होइन। तर, हालको परिस्थिति हेर्दा रकम अपचलन हुने सम्भवना भने धेरै नै देखिन्छ।

अहिले सञ्चित कोषमा चाप परेको अवस्था छ। चालू खर्च घटाउन नसक्ने र राजस्व संकलन बढाउन नसक्ने अवस्थाले अनिवार्य दायित्वका खर्च गर्न पनि सरकारलाई सकस परेको छ। यस्तो वेलामा सरकारले विभिन्न कोषमा छरिएर रहेका पैसा सञ्चित कोषमा ल्याएर स्रोत व्यवस्थापन गर्न सक्छ।

तर, स्रोत व्यवस्थापनका नाममा सरकारले अनुत्पादक क्षेत्रमा पैसा खर्च गर्न सक्ने जोखिम भए पनि सैद्धान्तिक रूपले राज्यका स्रोत छरिनु राम्रो होइन। अहिले पनि सर्वसाधारणले वर्षौंदेखि योगदान गरेका कोषमा कति रकम छ भन्ने आँकडा सरकारसँग नै छैन। सरकारी कोषमा रहेको रकमबारे सरकार यसरी अनभिज्ञ रहनु कुनै हालतमा राम्रो होइन।

सरकारले जनकपुर चुरोट कारखाना खुलेदेखि नै एक खिल्ली चुरोटमा एक पैसा उठाउँदै आइरहेको छ। बजेटमा त्यस्तो पैसा कति जम्मा भयो भन्ने विवरण सार्वजनिक गरिँदैन। प्रहरी र सेनाको पारिश्रमिकबाट काटिएर कल्याणकारी कोषमा कति रकम जम्मा भयो ? त्यो कसरी खर्च हुन्छ ? भनेर सामान्य लेखापरीक्षण पनि हुँदैन। बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि पेट्रोलियम पदार्थमा लगाइएको करबापत कति रकम उठ्यो ? त्यो रकम कसरी उपयोग भइरहेको छ ? भन्नेसम्म पनि जानकारी छैन। त्यो कोषमा पनि मोटो रकम जम्मा भइसकेको अनुमान गर्न सकिन्छ। सरकारले एकातिर बुढिगण्डकी जलविद्युत् आयोजना बनाउने भनेर उपभोक्तासँग अतिरिक्त कर असुलिरहेको छ, अर्कातिर बुढीगण्डकी आयोजना बन्ने वा नबन्ने अझै निश्चित भएको छैन।

निजी सवारीसाधन चढ्ने र सार्वजनिक यातायातका सवारीसाधन प्रयोग गर्ने सर्वसाधारणले पनि पैसा तिरिरहेकै छन्। तर, त्यसकै पनि उपयोगिताको पारदर्शिता छैन। देशको कुल गार्हस्थ उत्पादन (जिडिपी) को अनुपातमा औसत राजस्व १८-२० प्रतिशत हाराहारी उठ्ने गरेको छ। सर्वसाधारणले विभिन्न कोषमा गरेको योगदानलाई समेत हिसाब गर्ने हो भने यो अनुपात ३० प्रतिशत पनि पुग्न सक्छ। यहाँ सरकारी कोषहरूबाट सञ्चित कोषमा जम्मा भएको रकम चालू प्रकृतिका कार्यक्रममा खर्च गर्न नपाउने व्यवस्था गरिनुपर्छ। यस्तो पैसा पुँजीगत प्रकृतिका कार्यक्रममा खर्च गर्नुपर्छ। त्यसमा पनि तत्काल प्रतिफल आउने खालका कार्यक्रममा उपयोग गर्न सकियो भने झनै राम्रो हुन्छ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकबाट पैसा लिएर कोषमा राख्दै आएको छ। त्यहाँ पनि ठुलो रकम छ। तर, त्यसमा जम्मा भएको पैसा कसरी खर्च भइरहेको छ भन्ने यकिन तथ्यांक सरकारसितै पनि छैन। सरकारसँग विभिन्न कोषमा



> छरिएर रहेको राज्यको रकम एकत्रित गरी सही ठाउँमा खर्च गर्न सके मात्र लाभ हुने हो। तर, यहाँ कोषहरूको पैसा एकत्रित गरी सञ्चित कोषमा राख्दा दुरुपयोग हुने वा नेतानिकटका कार्यकर्तालाई बाँड्नमा खर्च हुने जोखिम पनि उत्तिकै छ।

> सरकारले सञ्चित कोषको पैसा परिचालन गर्दा चालू खर्च र चन्दाका रूपमा बाँड्ने काम गर्न नपाइने सर्त अनिवार्य गर्नुका साथै दुई-तीन वर्षभित्र नै प्रतिफल दिने आयोजनामा मात्र कोषको पैसा खर्च गर्ने व्यवस्था पनि गर्नुपर्छ।

रहेको रकम खर्च गर्न कुनै मोडालिटी नै छैन। जसले गर्दा कतिपय कोषमा वर्षौंदेखि ठुलो रकम थुप्रिइरहेको छ, जुन प्रतिफलदायी हुन सकेको छैन। जुन उद्देश्यका लागि कोष खडा गरिएको हो, रकम जम्मा गरिएको हो, त्यो उद्देश्यअनुसार काम नै हुन सकेको छैन।

सरकारले बर्सेनि बजेट ल्याउँछ र समीक्षा पनि गर्छ। यसमा सरकारी कोषबाट कति पैसा निकालियो, त्यो पैसा कहाँ-कहाँ खर्च भयो भन्ने जानकारी दिनुपर्छ। यो विवरणलाई संसद्बाट पनि पारित गर्नुपर्छ। अझ छुट्टाछुट्टै कानुनी व्यवस्था गर्न सकियो भने थप व्यवस्थित हुन सक्छ। सरकारले कोषको रकम व्यवस्थापनमा यति पनि काम गर्न सकेको देखिँदैन। सरकारले कोषको पैसा परिचालन गर्दा चालु खर्च र चन्दा बाँड्ने काम गर्न नपाइने सर्त अनिवार्य गर्नुपर्छ। यस्तै, दुई-तीन वर्षभित्र नै प्रतिफल दिने आयोजनामा मात्र कोषको पैसा खर्च गर्ने व्यवस्था गनुपर्छ। यसका अलवा, सरकारले यस्ता कोषबाट प्रचलित ब्याजदरमा ऋण लिने व्यवस्था पनि गर्न सक्छ। जसले कोषको रकमको उपादेयता बढ्नेछ।

सरकारले वार्षिक रूपमा कुनै न कुनै प्रतिवेदनमार्फत कोषको यथार्थ विवरण सार्वजनिक तथा अद्यावधिक गर्नुपर्छ। जसरी महालेखा नियन्त्रकको कार्यालयले रियल टाइममा आधारित खर्च र राजस्वको विवरण सार्वजनिक गर्दै आइरहेको छ, त्यसरी नै सरकारी कोषहरूबाट तानिएको रकम र त्यसको खर्चको विवरण पनि राख्न सकिन्छ। यस्ता कोषको पैसा मन्त्रिपरिषद्को आदेशबाट होइन कि संसद्बाट पारित गराएर खर्च गर्ने प्रणाली विकास गर्नुपर्छ। अहिले कतिपय कोषहरूले बैंक तथा वित्तीय संस्थामा मुद्दती खातामा राख्ने गरेका छन्।

सरकारले विभिन्न कोषबाट तानेको पैसा निश्चित (डेडिकेटेड) परियोजनामा लगानी गर्नुपर्छ। प्रदेश र स्थानीय तहले पनि यसरी कोष बनाएर कार्यक्रम सञ्चालन गरिरहेका हुन सक्छन्। यस्ता विवरण सम्बन्धित प्रदेश लेखा नियन्त्रकका कार्यालयबाट अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्छ।

कानुनमा विपत् तथा आकस्मिक प्रयोजनका लागि खुलाएका कोष यथावत् राख्ने व्यवस्था गर्नुपर्छ। यद्यपि यसमा पनि पारदर्शिता भने छैन। इजरायल, जर्मनीमा करदाताले चिठ्ठा पायो वा अतिरिक्त आम्दानी भयो भने आफैँ स्वघोषणा गरेर कर तिर्ने प्रचलन पनि छ। राज्यले नमागे पनि सरकारको पारदर्शिताले गर्दा त्यहाँका नागरिकले यसरी स्वस्फुर्त कर तिर्छन्।

नेपालमा बाढीपहिरोजस्ता विपत्का वेलामा राहत तथा उद्धारमा सहयोग गर्न मन लागे पनि सरकारी कोषमा दाखिला गर्न नरुचाउने प्रवृत्ति छ। बरु दाताहरूले कुनै एनजिओ, आइएनजिओ वा अभियन्तामार्फत पैसा दिन खोज्छन्। सरकारमा पारदर्शिता नभएकै कारणले यस्तो अवस्था आएको हो। मन्त्रिपरिषद्ले जारी गर्ने कार्यविधि वा निर्देशिका होइन, ऐन नै ल्याएर यसको व्यवस्थापन हुनुपर्छ। कोषमा जम्मा भएको पैसा पनि नागरिकको हो। यसलाई राजस्वसरह उपयोग गरेर पारदर्शिताका साथ खर्च गर्नुपर्छ। नत्र सरकारभन्दा धुर्मुस सुन्तली फाउन्डेसनजस्ता फाउन्डेसन र भगवान् कोइरालाजस्ता व्यक्तिमार्फत खर्च गर्ने प्रवृत्ति झनै बढेर जानेछ।

नेपालमा आइएमएफको टोली आउँछ, प्रतिवेदनमार्फत सुझाव पनि दिन्छ। तर, कार्यान्वयन हुँदैन। विभिन्न कोषमार्फत आउने रकम बजेटरी च्यानलबाट परिचालन हुनुपर्ने हो, तर यहाँ बाहिरबाट (अफ बजेटबाट) परिचालन भइरहेको छ। वैदेशिक सहायता पनि ९/१० प्रतिशत सरकारमार्फत र बाँकी संघसंस्थामार्फत खर्च हुँदै आइरहेको छ। अन्तर्राष्ट्रिय फोरममा सरकारले अफ बजेटमा आउनुभएन, अन बजेटमा आउनुपर्‍यो भनिरहेको छ। तर, आफूले भने त्यसअनुसार काम गरिरहेको हुँदैन। यसका लागि सरकारले कोषको विवरण हेर्ने पारदर्शी व्यवस्था गर्नुपर्छ।

सैनिक कल्याणकारी कोष, प्रहरी कोषको पैसा अस्पताल, विद्यालय कलेज निर्माणमा खर्च भइरहेको छ। यसबाट सुरक्षाकर्मीका सन्तानले गुणस्तरीय शिक्षा र स्वास्थ्य लाभ पाएका पनि छन्। यो त एउटा उदाहरण मात्रै हो। प्रहरी वा सेनाले अस्पताल बनाउनुपर्‍यो भने मन्त्रालय तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर संघर्ष गर्नुपर्ने बाध्यता हुन्छ। त्यो अवस्था आउनुभएन। जुन संस्थाले सञ्चित कोषमा पैसा योगदान गरेको छ, निश्चितभन्दा बढी (मानौं एक अर्बभन्दा माथि) थ्रेसहोल्ड राखेर त्यसको केही हिस्सा पैसा निकासा गर्ने व्यवस्था पनि गर्न सकिन्छ।

(आचार्य अर्थशास्त्री हुन्)

---

३ प्रश्न

अर्थशास्त्री **प्राडा पुष्कर बज्राचार्य**लाई



युएसएड र एमसिसी अनुदान रोकिनुले कस्तो प्रभाव पर्न सक्छ ?

एमसिसी जेजसरी आयो, त्यो त्यतिखेर पनि निकै विवाद बोकेरै आएको थियो। आउँदा नै यसले राजनीतिक उद्देश्य बोकेको थियो। त्यसैले, यो बन्दै भयो भने पनि त्यति ठुलो नकारात्मक प्रभाव त नपर्ला। तर, युएसएड या एमसिसीअन्तर्गत अघि बढिसकेका आयोजनामा भने केही असर पर्न सक्छ। एमसिसीअन्तर्गत विद्युत् प्रसारण लाइन निर्माणको काम अघि बढेको थियो। त्यो अत्यावश्यक काम पनि हो। त्यसैले, सहयोग रोकियो भने त्यसलाई आफ्नै बुतामा पूरा गर्न कठिन भए पनि असम्भव नै भने छैन।

भविष्यमा अन्य मुलुक या दातृ निकायले पनि यही बाटो पछ्याए भने नेपाली अर्थतन्त्रमा कस्तो प्रभाव पर्ला ?

हामीले दाताको सर्त मानेर अनुदान स्विकारेका छौं भने त्यस्ता परियोजना बन्द हुँदा खासै प्रभाव पर्दैन। हामीलाई अत्यावश्यक भएपै स्विकारेर अघि बढिसकेका आयोजनामा भने प्रभाव पर्न सक्छ। तर, यसबारे आजैदेखि सतर्क हुन र यस्तो पनि हुन सक्छ भनेर तयारीमा जुट्न भने आवश्यक छ।

यसले आत्मनिर्भर अर्थतन्त्रको ढोका खोल्ने सम्भावना कति हुन्छ ?

निश्चित रूपमा त्यस्तो सम्भावना हुन्छ। एकातिरको बाटो बन्द भयो भने अर्कातिरको बाटो खुल्न पनि सक्छ। हामीले अबका दिनमा अनुदान या ऋण स्विकार्दा त्यो आयोजना देश र जनताका लागि कति आवश्यक छ भन्ने पक्षमा विचार पुऱ्याउनुपर्छ। हामीलाई फलदायी नहुने, हामीबाटै 'ड्राइभ' हुन नसक्ने र दाताका सर्तमुनि थिचिनुपर्ने खालका आयोजनाका लागि आउने अनुदान या ऋण स्विकार्नु हुँदैन। साथै, बिस्तारै प्रतिफलमुखी क्षेत्र पहिचान गरी आफ्नै स्रोत-साधन खर्चिनेतर्फ हाम्रो ध्यान जान सक्यो भने यसले आत्मनिर्भर अर्थतन्त्रको ढोका खोल्न पनि सक्छ।

प्रेरक प्रसंग

बफादारीको संस्कार

एक राजासित एक सुन्दर र बुद्धिमान् घोडी थियो। कैयौंपटकको युद्धमा उसले राजालाई बचाएको थियो। घोडी राजाप्रति पूर्णतः बफादार थियो। घोडीले एक सुन्दर बछेडोलाई जन्म दियो। तर, बछेडो बलियो र हृष्टपुष्ट भए पनि एउटा आँखाले देख्न सक्दैनथ्यो।



एक दिन बछेडोले आमासित सोध्यो- आमा, म सबै कुरामा पूर्ण छु। बलियो पनि छु। तर, एउटा आँखा देख्दिनँ, यस्तो किन ? घोडीले जवाफ दियो- म गर्भवती भएको समयमा मसित रिसाएर राजाले मलाई एक कोरा हिर्काएका थिए, जसको कारण तिम्रो यो अवस्था भयो। आमाको कुरा सुनेपछि बछेडोमा राजादेखि रिस उठ्यो र भन्यो- आमा, म ठुलो भएपछि राजासित यसको बदला लिन्छु। घोडीले भन्यो- राजाले हाम्रो पालनपोषण गरेका छन्। त्यसैको परिणामस्वरूप तिमी स्वस्थ र सुन्दर छौ। राजा हामीसित रिसाए भन्दैमा हामीले उनलाई कुनै क्षति पुऱ्याउनुहुँदैन। बछेडोले आमाको कुरा राम्ररी बुझेन। उसले मनमनमा भन्यो- ठुलो भएपछि म यसको बदला लिन्छु, लिन्छु।

बछेडो जवान भयो। एकपटक राजाले युद्धमा जाँदा उसैलाई लिएर गए। युद्धको समयमा राजा घाइते भए। घोडाका लागि राजासित बदला लिने सुनौलो मौका थियो। ऊ राजालाई घाइते अवस्थामै छाडेर भाग्न सक्थ्यो। ऊ भागेपछि दुस्मनले राजालाई पक्रिन या मार्न सक्थे।

तर, घोडाको मनमा यस्तो कुनै विचार आएन। ऊ तुरुन्तै राजालाई बोकेर दरबार फर्कियो। दरबार पुगेपछि उसले घोडीलाई भन्यो- आमा, आज राजासित बदला लिने गज्जबको मौका थियो। तर अचम्म ! मेरो मनमा बदला लिने विचार नै आएन। यस्तो किन भयो होला, आमा ?

घोडीले हाँस्दै भन्यो- छोरा, तिम्रो रगत र संस्कारमा धोका भन्ने छँदै छैन। तिमी कसैलाई पनि जानाजान धोका दिन सक्दै सक्दैनौ। तिमीमा मेरो अंश छ। मेरो बफादारीको संस्कार कसरी झुटो हुन सक्छ ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रधानमन्त्री पनि फेल ?

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि सम्पूर्ण मन्त्रीहरूको कार्य सम्पादन मूल्यांकनको परिणाम सार्वजनिक भएको समाचार पढियो। त्यसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नै २८.५ अंक मात्र पाएको रहेछ। साथै, ११ जना मन्त्रीले पनि सरकारी उत्तीर्णाङ्क ३५ को सीमा कटाउनसमेत सकेका छैनन्। तर, हामीलाई यो नतिजामा खासै आश्चर्य लागेको छैन। किनकि, सरकार प्रधानमन्त्रीदेखि मन्त्रीहरूलाई विरोधीलाई गाली गर्दैमा फुर्सद छैन। उनीहरूलाई कताबाट कमाइ हुन्छ, त्यसको मात्र चिन्ता छ। विकास, निर्माणका काममा कुनै चासो नै छैन। त्यसैले, कसरी होऊन् त पास ?

● **अमृता सिग्देल**, ताहाचल, काठमाडौं

आत्मनिर्भर अर्थतन्त्र खै ?

पछिल्लो समयमा अमेरिकी सहयोगी नियोग युएसएडको सहयोग रोकिएपछि खैलाबैला भएको नेपालमा एमसिसी परियोजनासमेत रोकिएपछि ठुलै बहस उठेको छ। अहिले अमेरिकाले गरेजस्तै निर्णय भविष्यमा अन्य ठुला दाताहरूले पनि गरे भने त्यसको असर नेपाली अर्थतन्त्रमा कस्तो पर्ला ? अब सरकारले जस्तोसुकै अवस्थामा पनि धर्मराउनु नपर्ने गरी नेपाली अर्थतन्त्रको दिगो बाटो तय गर्न नसक्ने हो भने कुनै पनि दिन देश असफल हुन बेर लाग्नेछैन।

● **बलराम पुडासैनी**, कोटेश्वर, काठमाडौं

कर्मचारीलाई सुरक्षा देऊ

सरकारले स्थानीय तहका कर्मचारीलाई सुरक्षा दिन नसक्दा एकपछि अर्को गर्दै जनप्रतिनिधिबाटै कर्मचारी कुटिएका समाचार दोहोरिन थालेका छन्। जनप्रतिनिधिको इसारामा कर्मचारीले चल्न आनाकानी गर्नासाथ तिनले कर्मचारीमाथि नै हातपात गर्दै आएका छन्। यसले एकातिर कर्मचारी असुरक्षित बन्दै गएका छन् भने अर्कोतिर जनप्रतिनिधि र कर्मचारीबिच दुरी बढ्दै गएको देखिन्छ। त्यसैले, स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबिच तनाव र दुरी दुवै घटाऊ।

● **कुमार पाठक**, चपली, काठमाडौं

संसद्मा कुलमानको चर्चा किन ?

मंगलबार संसद्को रोस्ट्रमबाट ऊर्जामन्त्री दीपक खड्काले आफ्नै मन्त्रालयमातहतका एक कर्मचारी कुलमान घिसिङबारे कटु आलोचना गरेर आफ्नै पदको गरिमा र प्रतिष्ठा घटाएका छन्। यसबाहेक उनको त्यो कार्य संसदीय इतिहासमा अशोभनीय पनि हो। किनकि, आजसम्म आफ्नै मन्त्रालयमातहतको आफ्नै कर्मचारीविरुद्ध यसरी बोल्ने या आलोचना गर्ने अभ्यास थिएन र गर्नुहुँदैन पनि। त्यसैले, मन्त्री खड्काको यो कार्य खेदजनक छ। उनले मातहतका विभागीय प्रमुखले कानुनबमोजिम दिएका काम नगरेका हुन् भने उनलाई कारबाही गर्न मन्त्रालयका सचिवलाई भन्नुपर्छ। त्यतिले नपुग्ने भए मन्त्रिपरिषद्मा प्रस्ताव लगेर निर्णय गराउन सक्नुपर्ने हो।

यसरी संसद्को रोस्ट्रमबाट आफ्नै कर्मचारीको विरोधमा बोलेर मन्त्री खड्काले आफ्नै अक्षमता र बौद्धिक दिवालीयापन पुष्टि गरेका छन्। कहीं मन्त्री खड्काले कानुनविपरीत गलत कार्य गर्न निर्देशन दिएको र त्यसलाई कुलमानले नमानेको हुनाले मन्त्रीले यसरी आक्रोश पोखेका त होइनन् नि ? किनकि मन्त्री खड्काको पृष्ठभूमि त्यति सफा छैन। गुन्डागर्दी गर्दै स्काउटको जग्गा कब्जा गर्ने, भाडा नतिर्ने, वनको नियमविपरीत शिवपुरी राष्ट्रिय निकुञ्जभित्र पाँचतारे होटेल बनाउने र त्यसको अनुमति नदिँदा गुन्डा लगेर वनका कर्मचारीलाई धम्काएको धेरैलाई थाहा छ। मन्त्री खड्काले संसद्मा बोलेको कुराले उनी र कुलमानबिच राम्रो सम्बन्ध नरहेको र उनले कुलमानलाई काम गर्न सहयोग गरेका छैनन् र गर्न सहयोग गर्नेवाला पनि छैनन् भन्ने प्रस्ट भएको छ। यस परिस्थितिमा दुईजनाको झगोका कारण तीन करोड नेपालीको भाग्य बनाउने ऊर्जा क्षेत्र धाराशयी हुने अवस्था देखिन्छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८ , काठमाडौं
gopaldevkota@gmail.com

ट्रम्प युगमा जलवायु परिवर्तनको सामना

जलवायु परिवर्तनलाई रोक्नु हाम्रो पहुँचबाहिर हुन सक्छ, तर यसको लागत प्रभावकारी ढंगले व्यवस्थापन गर्न असम्भव भने छैन





देश/विदेश

● रिचार्ड हास, क्यारोलिन किसेन

जलवायु परिवर्तनको यथार्थलाई अनदेखा गर्न सकिँदैन। प्रत्येक वर्ष अघिल्लो वर्षका तुलनामा तापमान बढ्दै गएको छ। गत महिना अहिलेसम्मकै सबैभन्दा गर्मी जनवरी थियो। विश्वले १.५ डिग्री सेल्सियस तापमान वृद्धिको सीमालाई पार गरिसकेको छ, जबकि १.५ डिग्री सेल्सियस तापमान वृद्धि यो शताब्दीको मुख्य चुनौती मानिएको थियो। जलवायु परिवर्तन रोक्ने विश्वव्यापी प्रयास असफल भइरहेका छन्। विकासशील राष्ट्र अर्थात् दक्षिणी गोलार्धले धनी राष्ट्रलाई यसको समाधानको जिम्मेवारी दिएको छ। र, चीनजस्ता देशले आर्थिक वृद्धिलाई प्राथमिकता दिइरहेका छन्।

ह्वाइट हाउस फर्किएपछि डोनाल्ड ट्रम्पले पेरिस सम्झौताबाट हात झिके, उत्सर्जन लक्ष्य खारेज गरे र जलवायुसम्बन्धी कार्यक्रम अन्त्य गरे। स्मरण रहोस्, अमेरिका पहिल्यै तेल र ग्यास उत्पादनमा अग्रणी छ। आर्थिक कारण मात्र नभई सांस्कृतिक र राजनीतिक कारणले पनि धेरै अमेरिकीले जलवायु चेतावनी अस्वीकार गर्छन्। उनको प्रशासनका प्राथमिकतासँग मेल खाने केही पहलले जलवायु परिवर्तनलाई केही हदसम्म सुस्त पार्न सक्छ। तर, एउटै तर्क दोहोऱ्याएर वा उस्तै नीति अपनाएर जलवायु परिवर्तन समाधान गर्न सकिँदैन। राजनीतिक यथार्थलाई स्विकार्ने नयाँ दृष्टिकोण आवश्यक छ। जलवायु परिवर्तन रोक्न सकिँदैन। तर, व्यवस्थापन भने गर्न सकिन्छ, किनभने वैश्विक उत्सर्जन बढिरहेको छ र जीवाश्म इन्धन अझै पनि ऊर्जा स्रोतका रूपमा हाबी छन्। जनसंख्या वृद्धि, विकास र एआई प्रविधिका लागि आवश्यक ऊर्जाको माग बढ्दै जाँदा यथार्थपरक रणनीति अनिवार्य छ।

ऊर्जा सहअस्तित्व अपरिहार्य छ, किनभने जीवाश्म इन्धन अझै दशकौं टिक्नेछ। विकसित देशले कोइलाको उपभोग कम गरिरहेका छन्। विकासोन्मुख देशले सफा प्राकृतिक ग्यासतर्फ छिटो रूपान्तरण गर्नुपर्छ। मिथेन उत्सर्जन नियन्त्रण र नवीकरणीय ऊर्जा विस्तारका लागि सार्वजनिक-निजी साझेदारी आवश्यक छ। अमेरिकाले हरित प्रविधिमा चीनलाई हाबी हुन नदिन प्रतिस्पर्धा गर्नुपर्छ, जहाँ निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। नीति-निर्माताले अनुकूलन र सहनशीलतालाई प्राथमिकता दिनुपर्छ, बलियो भवन संहिता, क्षेत्रीय योजना र पूर्वाधारमार्फत जलवायु जोखिम न्यूनीकरण गर्नुपर्छ। यस्ता लगानीले रोजगारी सिर्जना गर्दै बसोवासलाई सहज बनाउनेछ। ऊर्जा ग्रिड, पानी प्रणाली र संयन्त्रको प्रभावकारिता बढाउने उपाय अपनाइनु आवश्यक छ, जहाँ इलोन मस्कको 'डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसिएन्सी' (डोज) ले पनि भूमिका खेल्न सक्छ।

व्यावहारिक जलवायु नीतिले विश्वसनीय सफा ऊर्जाका लागि आणविक ऊर्जालाई अनिवार्य मान्नुपर्छ, जुन नयाँ रियाक्टरको अनुमति प्रक्रिया सरल बनाएर प्राप्त गर्न सकिन्छ। चीनले पाँच वर्षभन्दा कम समयमा आणविक प्लान्ट निर्माण गरिरहेको छ। अमेरिकाले पनि यस्तै गर्न सक्नुपर्छ। नवीकरणीय परियोजना, महत्त्वपूर्ण खनिज खानी र ऊर्जा पूर्वाधार विकासमा रहेका अवरोध हटाउनुपर्छ, जहाँ डोजले भूमिका खेल्न सक्छ। प्रत्यक्ष हावा समेट्ने प्रविधि, कार्बन भण्डारण र प्रयोग गर्ने प्रणालीमा लगानी आवश्यक छ। आर्थिक वृद्धिमा कुनै सम्झौता गर्न आवश्यक पर्दैन।

वैचारिक बहसमा नलागी आगलागी, बाढी र अन्य प्रकोपबाट समुदाय र सहरलाई थप सुरक्षित बनाउने के गर्न सकिन्छ भन्नेमा ध्यान केन्द्रित गर्दा जलवायु परिवर्तनका प्रभावलाई व्यवस्थापन गर्न मद्दत पुग्न



तस्बिर : मोन्टिनिक मोनरो/गेटी इमेजेस

सक्छ। धार्मिक नेता, शिक्षक र व्यापारीले नयाँ जलवायु सहयोगीलाई समेट्न पनि मद्दत पुऱ्याउन सक्छन्। धेरै युवा यसतर्फ अघि बढिसकेका छन्। यसैबिच विश्वव्यापी प्रयासलाई पुनर्गठित गर्न आवश्यक छ। राष्ट्र संघका वार्षिक जलवायु परिवर्तन सम्मेलन पर्याप्त प्रभावकारी छैनन्। मुलुकका साना समूह अर्थात् 'मिनी ल्याटरलिज्म'ले जलवायु चुनौतीका विशिष्ट पक्षमा ध्यान केन्द्रित गरी त्यसमै महत्त्वपूर्ण सरकार एवं कम्पनीलाई संलग्न गराउनुपर्छ। व्यापार नै एक नयाँ एक नमुना हो, किनभने अन्य वैश्विक प्रयास असफल भएका छन् र क्षेत्रीय तथा साना समूहले राम्रो परिणाम दिएका छन्।

समुद्र र वनको प्रकृतिमा आधारित जलवायु व्यवस्थापन पनि आवश्यक छ, किनभने यसले सबैभन्दा शक्तिशाली कार्बन सोस्ने सिंक (भण्डारण) लाई जोगाउने र विस्तार गर्ने काम गर्छ। वनस्पतीकरणलाई प्रोत्साहन गर्न र वनविनाशलाई रोक्न वा सुस्त बनाउन सबै प्रकारको सहायता उपलब्ध गराउनुपर्छ। ट्रम्प आफूलाई पर्यावरणवादी मान्दैनन्। यो उनका लागि काम गर्न सक्ने एक उपाय हो। अन्ततः सौर्य भू-इन्जिनियरिङ, अथवा सूर्यको विकिरणलाई अन्तरिक्षमा फर्काउनेबारे थप अन्वेषण गर्न आवश्यक छ। अमेरिकी राष्ट्रिय प्रयोगशालामार्फत संघीय लगानीले जिम्मेवार विकास र शासकत्व सुनिश्चित गर्न सक्छ। विवादास्पद भए पनि यसले ट्रम्पलाई आकर्षित गर्ने साहसी एवं खेल परिवर्तन गर्ने पहलको प्रतिनिधित्व गर्नेछ। सफल भयो भने सौर्य भू-इन्जिनियरिङले एक दिन जलवायु परिवर्तनलाई महत्त्वपूर्ण रूपमा सुस्त पार्न या रोक्न सक्छ र केही विद्यमान प्रभावलाई पनि सम्बोधन गर्न सक्छ। तत्काललाई यसको सम्भावना कम भए पनि यो प्रविधिले वर्तमान र योजनाबद्ध न्यूनीकरण तथा अनुकूलन प्रयासलाई सहयोग गर्न सक्छ।

यसबाहेकका अन्य त्यस्ता विचार पक्कै पनि वाञ्छनीय र सम्भव छन्। हामीले एउटा असफल दृष्टिकोणमा अडिग भएर जलवायु संकट समाधान गर्न सक्दैनौं। जलवायु परिवर्तनलाई रोक्नु हाम्रो पहुँचबाहिर हुन सक्छ। तर, यसलाई लागत-प्रभावकारी ढंगले व्यवस्थापन गर्न असम्भव भने छैन।

(हास काउन्सिल इन फरेन रिलेसन्सका इमिरेटस् अध्यक्ष हुन्, किसेन न्युयोर्क विश्वविद्यालयकी विश्व मामिलाकी सह-प्राध्यापक हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युक्रेनजस्तै शान्तिवार्तामा पीडित पक्षलाई नै आमन्त्रित नगरिएका थरीथरी इतिहास



● म्याट फिट्जप्याट्रिक

म्याट फिट्जप्याट्रिक फ्लाइन्डर्स विश्वविद्यालयका अन्तर्राष्ट्रिय इतिहासका प्राध्यापक हुन् ।

साउदी अरबमा मंगलबार अमेरिकी र रुसी अधिकारीबिचको युक्रेन युद्ध रोक्ने सम्बन्धमा एक महत्त्वपूर्ण बैठक भयो । तर, बैठकमा स्वयं युक्रेनलाई भने आमन्त्रित गरिएन । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आफूहरूलाई सहभागी नगराइएको वार्ताका कुनै पनि निर्णय 'कहिल्यै स्वीकार नगर्ने' बताएका छन् । युक्रेनमाथि विगत तीन वर्षदेखि रुसले सुरु गरेको युद्ध चलिरहेको छ । युक्रेनीहरूको सार्वभौमिकताका लागि भएको वार्तामा तिनलाई सहभागी नगर्ने र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको युक्रेनलाई दिँदै आएको अमेरिकी समर्थनको मूल्यबराबर युक्रेनको आधा दुर्लभ खनिजमाथिको दाबीले ट्रम्पले युक्रेन र युरोपलाई कसरी हेर्छन् भन्नेबारे धेरै कुरा स्पष्ट गर्छ । तथापि, ठुला शक्तिले जुन ठाउँबारे निर्णय गर्ने हो, त्यहींका मानिसको सहमतिविना नयाँ सिमाना वा प्रभाव क्षेत्रमा वार्ता गर्न बसेको यो पहिलोपटक भने होइन । तल त्यस्तै सात ऐतिहासिक उदाहरणको चर्चा गरिएको छ । यस्तो रणनीति बिरलै राम्रो भएको इतिहासले देखाउँछ ।



१. द स्क्याम्बल अफ द अफ्रिका : अफ्रिकाको भागबन्डा




सन् १८८४-८५ को जाडोमा तत्कालीन जर्मन चान्सलर अटो भोन बिस्मार्कले युरोपका प्रमुख शक्ति राष्ट्रलाई बर्लिनमा एक विशेष सम्मेलनमा बोलाएका थिए । सो सम्मेलन सम्पूर्ण अफ्रिकी महादेशमाथिको औपनिवेशिक कब्जालाई औपचारिकता प्रदान गर्ने हिसाबले डाकिएको थियो । 'द स्क्याम्बल अफ द अफ्रिका'को नामले चिनिने सम्मेलनमा एकजना पनि अफ्रिकी प्रतिनिधि बोलाइएका थिएनन् । अन्य कुरासँगै सम्मेलनले बेल्जियमको नियन्त्रणमा 'कंगो स्वतन्त्र राज्य'को निर्माण गऱ्यो । बेल्जियमको राजाको व्यक्तिगत सम्पत्तिको रूपमा छुट्याइएको सो क्षेत्रमाथि भएको चरम औपनिवेशिक अत्याचारमा लाखौँ मानिस मारिएका थिए । जर्मनीको भागमा हालको नामिबिया परेको थियो, जसलाई त्यसबेला 'जर्मन दक्षिण पश्चिम अफ्रिका'को नाम दिइएको थियो । त्यहींका नागरिकमाथि २०औँ शताब्दीको पहिलो नरसंहार घटेको थियो ।

२. त्रिपक्षीय सम्मेलन

यसरी युरोपेली शक्तिले अफ्रिकालाई मात्र आफूखुसी विभाजन गरेको थिएन । सन् १८९९ मा जर्मनी र संयुक्त राज्य अमेरिकाले एक सम्मेलन आयोजना गरे । सम्मेलनमा दुई शक्तिले प्रशान्त महासागरमा अवस्थित टापुका बासिन्दालाई दुईमध्ये एक रोज्न बाध्य बनाए । खासमा ती टापुमा बस्ने सामोअनले स्वशासन वा अर्को प्रशान्तीय क्षेत्र हवाईसँग मिलेर प्रशान्त राज्यहरूको संघ बनाउने इच्छा व्यक्त गरेका थिए । तर, तिनको इच्छालाई औपनिवेशिक शक्तिले दबाइदिए । सामोआ विभाजनमा भाग नपाएको भन्दै बेलायतले 'क्षतिपूर्ति'को रूपमा टोंगामाथि निर्विवाद अधिकार प्राप्त गऱ्यो । पहिलो विश्वयुद्धमा जर्मनीको हारपछि उसको कब्जामा रहेको सामोआमाथि न्युजिल्यान्डको शासन कायम भयो, जुन व्यवस्था सन् १९६२ सम्म कायम रह्यो । अमेरिकी सामोआमा थप अन्य प्रशान्त टापु मिसिएर अमेरिकन सामाओको नाममा तिनमाथि अमेरिकी कब्जा यथावत् कायम छ ।

३. साइक्स-पिको सम्झौता



पहिलो विश्वयुद्ध चलिरहेकै थियो । तर, बेलायती र फ्रान्सेली प्रतिनिधि आफ्नो शत्रु राष्ट्र ओटोमन साम्राज्य (टर्किस साम्राज्य)लाई विघटन गरेर कसरी विभाजन गर्ने भनेर छलफलमा बसे । स्वाभाविक रूपमा युद्धरत पक्ष भएकाले ओटोमन प्रतिनिधिलाई वार्तामा आमन्त्रित गरिएको थिएन । इंग्ल्यान्डका कूटनीतिज्ञ मार्क साइक्स र फ्रान्सका फ्रान्वा जज्स-पिकोले आफ्नो राष्ट्रको हितअनुरूप मध्यपूर्वको सिमाना कोरेका थिए ।

साइक्स-पिको सम्झौताले 'हुसेन-म्याकमोहन पत्राचार' भनेर चिनिने पत्रहरूको श्रृंखलामा गरिएका प्रतिबद्धतालाई बेवास्ता गरेको थियो । यी पत्रमा बेलायतले टर्की शासनबाट अरबबहुल क्षेत्रलाई अलग हुन सघाउने वाचा गरिएको थियो । त्यस्तै साइक्स-पिको सम्झौतामा ओटोमन शासित प्यालेस्टाइनमा युरोपका यहूदीलाई ल्याएर बसाउन सघाउने भन्ने बेलायतले गरेको 'बाल्फोर घोषणा'लाई पनि बेवास्ता गरिएको थियो । यो सम्झौता मध्यपूर्वमा दशकौँको द्वन्द्व र औपनिवेशिक कुशासनको स्रोत बन्यो । यस रेखांकनको परिणाम आज पनि महसुस भइरहेको विज्ञहरू बताउँछन् ।

४. म्युनिख सम्झौता



सेप्टेम्बर १९३८ मा बेलायती प्रधानमन्त्री नेभिल चेम्बरलेन र फ्रान्सेली प्रधानमन्त्री एडवर्ड डालाडियरले इटलीका फासिस्ट तानाशाह बेनिटो मुसोलिनी र जर्मनीका एडोल्फ हिटलरसँग भेटवार्ता गरे । भेटमा म्युनिख सम्झौताको रूपमा चिनिने सम्झौतामा हस्ताक्षर भयो । नाजिकले 'सुडेटनल्यान्ड' भनेर चिनिने चेकोस्लोभाकियाको जर्मनभाषी क्षेत्रमा विद्रोह भड्काएर आक्रमण गरेको थियो । त्यस क्षेत्रको युद्ध रोक्ने प्रयास र त्यस भागको जर्मन अल्पसंख्यकको सुरक्षाको बहानामा सम्झौता गरिएको थियो । बैठकमा चेकोस्लोभाकियाका कोही प्रतिनिधिलाई आमन्त्रित गरिएको थिएन । धेरैले यो बैठकलाई अझै पनि 'म्युनिख विश्वासघात'को रूपमा हेर्छन् । साथै यसलाई आक्रमणकारी शक्तिले युद्ध रोक्ने झुटो आशामा तिनै शक्तिको असफल तुष्टीकरणको उत्कृष्ट उदाहरण मानिन्छ ।

५. इभियन सम्मेलन

सन् १९३८ मा नाजी जर्मनीमा चलिरहेको दमनबाट उम्केर भागेका यहुदी शरणार्थीलाई कसरी व्यवहार गर्ने भन्ने विषयमा छलफल गर्न ३२ देशका प्रतिनिधि फ्रान्सको इभियन-लेस-बेन्समा भेला भए । सम्मेलन सुरु हुनुअघि बेलायत र अमेरिकाले एक-अर्काका देशले स्विकार्ने यहुदीहरूको कोटा हटाउन दबाब नदिने सहमति जनाएका थिए ।

भविष्यमा गएर इजरायलकी प्रधानमन्त्री बनेकी गोल्डा मेयर सम्मेलनमा पर्यवेक्षकको रूपमा उपस्थित भएकी थिइन् । तर, उनलाई यहुदीका प्रतिनिधिका रूपमा वार्तामा भाग लिन अनुमति दिइएन । त्यस्तै डोमिनिकन गणतन्त्रबाहेक कसैले पनि यहुदी शरणार्थी स्वीकार गर्ने प्रतिबद्धता पनि जनाएनन् । यही सम्मेलनका असफलताका कारण धेरै यहुदी नाजीले चलाएको नरसंहारबाट उम्कन सकेनन् ।

६. मोलोटोभ-रिबेन्ट्रोप सम्झौता



हिटलरले पूर्वी युरोपमा आफ्नो आक्रमणको योजना बनाइरहँदा त्यस अभियानको प्रमुख बाधक सोभियत संघ बन्ने निश्चित देखियो । यही बाधा पन्छाउन सनले सोभियत संघसँग अनाक्रमण सन्धिमा हस्ताक्षर गरे । सोभियत विदशमन्त्री भ्याचस्लाभ मोलोटोभ र जर्मन विदेशमन्त्री जोआकिम भोन रिबेन्ट्रोपको नाम जोडेर नाम राखिएको यो सन्धिअनुसार जर्मनीले पोल्यान्डमा आक्रमण गर्दा सोभियत संघले कुनै प्रतिक्रिया जनाएन । सम्झौताले युरोपलाई नाजी जर्मनी र सोभियत प्रभाव क्षेत्रमा विभाजित गरेको थियो । यसले सोभियतहरूलाई रोमानिया र बाल्टिक राज्यमा विस्तार गर्न, फिनल्यान्डमा आक्रमण गर्न र केही पोलिस क्षेत्र कब्जा गर्ने बाटो खोल्यो ।

अहिले, पूर्वी युरोपका केही मानिस युक्रेनको भविष्यबारे अमेरिका-रुसबिच सुरु भएको वार्तालाई दोस्रो विश्वयुद्धमा युरोपका साना राष्ट्रलाई ठुला शक्तिबिच विभाजित गर्ने यस प्रकारको गोप्य कूटनीतिको पुनरुत्थानको रूपमा हेरिरहेका छन् ।

७. याल्टा सम्मेलन

नाजी जर्मनी हार्ने निश्चित हुँदै गएपछि बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिल, सोभियत नेता जोसेफ स्टालिन र अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी रुजवेल्ट सन् १९४५ याल्टामा भेला भए । त्यहाँ उनीहरू युद्धपछिको युरोपको रूपरेखा कोर्न उपस्थित भएका थिए । याल्टा सम्मेलन र केही महिनापछि भएको 'पोट्सड्याम सम्मेलन'मा युरोपको शीतयुद्ध विभाजनको राजनीतिक संरचना सिर्जना गऱ्यो । याल्टामा भेला भएका तीन नेताले जर्मनीलाई विभाजित गर्ने निर्णय गरे । स्टालिनले पूर्वी युरोपमा पनि प्रभाव क्षेत्र निर्धारण गर्न प्रस्ताव गरे । यही सम्मेलनपछि पूर्वी युरोपमा विभिन्न बफर राज्य बने । केही मानिस अहिले पुटिनले त्यही समयको पूर्वी तथा दक्षिणपूर्वी युरोपको अनुकरण गर्ने लक्ष्य राखेको विश्वास गर्छन् ।

द कन्भर्सेसनबाट

विश्व संक्षेप

अमेरिकी भन्सार वृद्धिविरुद्ध डब्लुटिओमा चीनको विरोध

बेइजिङ / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बढाएको भन्सार दरले विश्वभर मुद्रास्फीति, बजार विकृति र विश्वव्यापी मन्दीसमेत निम्त्याउने खतरा रहेको भन्दै चीनले मंगलबार विश्व व्यापार संगठन (डब्लुटिओ) मा विरोध जनाएको छ । जनवरी २० मा सत्तामा फर्किएयता ट्रम्पले विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनका आयातमाथि थप १० प्रतिशत कर लगाएको घोषणा गरेका छन् । ट्रम्पले गत साता विश्वभरबाट अमेरिका भित्रिने स्टिल र आल्मुनियममा पनि २५ प्रतिशत भन्सार लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरेका थिए । विश्व व्यापार संगठनका लागि चीनका राजदूत ली चेङगाङले विश्व व्यापार संगठनको निर्णय लिने 'जनरल काउन्सिल'को यस वर्षको पहिलो बैठकमा भने, 'विश्वले शृंखलाबद्ध भन्सार वृद्धिको झट्का व्यहोर्नुपरेको छ । अमेरिकाले विश्व व्यापार संगठनको नियमको ठाडो उल्लंघन गर्दै चीनलगायत आफ्ना व्यापारिक साझेदारमाथि एकतर्फी र स्वेच्छाचारी रूपमा कर लगाएको छ वा लगाउने धम्की दिएको छ । चीनले यस्ता कदमको कडा विरोध गर्छ ।'

युक्रेन आफैंले युद्ध निम्त्याएको ट्रम्पको आरोप

वासिंटन डिसी / युक्रेनमा युद्धको अन्त्यका लागि संयुक्त राज्य अमेरिका र रुसबिचको वार्तापछि राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसले द्वन्द्वको अन्त्य गर्न चाहेको बताएका छन् । उनले तीन वर्षअघि सुरु भएको युद्ध युक्रेनका कारण भएको आरोप लगाए । युद्धअघि जेलेन्स्कीले रुससँग सम्झौता गर्न नमानेकाले आजको स्थिति आएको उनको आरोप थियो । अमेरिकी अधिकारी र रुसी प्रतिनिधिबिचको वार्ताबारे सोधिएको प्रश्नमा ट्रम्पले आफू 'धेरै बढी विश्वस्त' भएको र 'वार्ता धेरै राम्रो भएको' प्रतिक्रिया दिए । 'रुसीहरू त्यहाँ भइरहेको बर्बरतालाई रोक्न चाहन्छन् । साप्ताहिक रूपमा हजारौँ सैनिक मारिँदै छन् । रुसी र युक्रेनी सैनिकबाहेक कोरियाली सैनिक पनि मारिएका छन्,' मार-अ-लागोमा मंगलबार कार्यकारी आदेशमा हस्ताक्षर गर्दै ट्रम्पले भने, 'हामी यसलाई अन्त्य गर्न चाहन्छौं । यो एक अर्थहीन युद्ध हो । यो खासमा सुरु नै हुनु हुँदैनथ्यो, म राष्ट्रपति भएको भए यो युद्ध हुने नै थिएन ।' उल्लेखनीय छ, रुसी विदेशमन्त्री सर्गेई लाभरोभले मंगलबार अमेरिकी विदेशमन्त्री मार्को रुबियो र अन्य अधिकारीसँग साउदी अरबमा भेटवार्ता गरेका थिए । वार्तामा युक्रेनको स्थितिसहित विभिन्न विषयमा केन्द्रित भएर दुवै पक्षले संघर्ष समाधान गर्न र यसका मूल कारणलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरे । चार घन्टाभन्दा बढी चलेको वार्तापछि अमेरिका र रुस चारवटा मुख्य सिद्धान्तमा सहमत भएको मंगलबार रुबियोले बताए ।

जापानका पूर्वप्रधानमन्त्रीमाथि बम फ्याँक्नेलाई १० वर्षको जेल सजाय

टोकियो / जापानका पूर्वप्रधानमन्त्री फुमियो किसिदालाई सन् २०२३ मा पाइप बम हान्ने एक व्यक्तिलाई बुधबार १० वर्षको जेल सजाय सुनाइएको छ । चुनाव प्रचारका क्रममा घरेलु विस्फोटक पदार्थले भरिएको पाइप किसिदामाथि हानिएको थियो । तथापि, उनलाई त्यसले कुनै क्षति पुगेन । घटनास्थलबाटै २५ वर्षीय आरोपी च्युपजी किमुरालाई पक्राउ गरिएको थियो । पश्चिमी जापानमा भएको यो घटना सन् २०२२ जुलाईमा पूर्वप्रधानमन्त्री सिन्जो आबेको चुनाव प्रचारका क्रममा भएको हत्याको एक वर्ष नबित्दै भएको थियो । वाकायामा जिल्ला अदालतले किमुरालाई हत्याको प्रयासको आरोपमा १० वर्षको जेल सजाय सुनाएको जिजी प्रेस र सार्वजनिक प्रसारक एनएचकेलगायत सञ्चार माध्यमले बताएका छन् । आसाही सिम्बुन दैनिकका अनुसार न्यायाधीशले अदालतमा किमुराले 'लोकतन्त्रको आधारशिला मानिने निर्वाचन भाषणको स्थलमा यो कार्य गरेको' बताए । अभियोजनकर्ताले १५ वर्षको सजायको माग गरेका थिए भने किमुराले किसिदालाई मार्ने अभिप्राय अस्वीकार गरेकाले उनको प्रतिरक्षा टोलीले तीन वर्षसम्म जेल सजायको तर्क गरेको थियो । एनएचकेका अनुसार सुनुवाइका क्रममा किमुराका वकिलले उनको 'उद्देश्य (सार्वजनिक) ध्यान आकर्षित गर्नु थियो' भन्दै उनको आरोप हत्या प्रयास नभई 'चोट पुऱ्याउने' हुनुपर्ने बताए । तथापि अभियोजकहरूले यो घटनालाई 'दुर्भावनापूर्ण आतंकवादी कार्य' भन्दै आक्रमणकारीलाई आफ्नो हतियार घातक भएको थाहा भएको बताए ।

इतिहासमा आज

फेब्रुअरी २०



सन् १८०९ : अमेरिकाको सर्वोच्च अदालतले 'युए भर्सेस पिटर्स'नामक मुद्दामा फैसला सुनाउने क्रममा देशको संघीय सरकारको राज्यहरूमाथि अधिकार भएको घोषणा गऱ्यो ।

सन् १८१० : अस्ट्रियाको टाइरोल क्षेत्रमा नेपोलियनको फौजविरुद्ध विद्रोहको नेतृत्व गरेका एन्ड्रियाज होफरलाई पक्राउपछि आजकै दिन झुन्ड्याएर मृत्युदण्ड दियो । टाइरोल राज्यको औपचारिक गानमा आज पनि एन्ड्रियाजको यस वीरताको गाथाको चर्चा गरिएको छ ।

सन् १९२९ : अमेरिकी कंग्रेसबाट पारित 'द च्याटिफिकेसन एक्ट अफ १९२९' नाम विधेयकले प्रशान्तीय क्षेत्र अमेरिकन सामोआलाई देशको हिस्साका रूपमा स्वीकार गऱ्यो ।

सन् १९३८ : हिटलरले अस्ट्रिया र चेकोस्लोभाकिका जर्मनभाषी क्षेत्र अलग हुनुपर्ने माग राखे ।

सन् १९४७ : माउन्टबेटन ब्रिटिस भारतको अन्तिम भाइसरोयका रूपमा भारत पठाइए । बेलायतको तत्कालीन लेबर सरकारले भारतलाई छिटै स्वतन्त्रता दिलाउन लागेकाले माउन्टबेटनलाई त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी तोकेर भारत पठाएको थियो ।

सन् १९६२ : अमेरिकी अन्तरिक्षयात्री जोन ग्लेन जुनियर पृथ्वी परिक्रमा गर्ने पहिलो अमेरिकी बने ।

सन् २०१३ : इस्टोनिया विद्युतीय कारका लागि देशव्यापी फास्ट चार्जर प्रणाली लागू गर्ने विश्वको पहिलो देश बन्यो ।

पहिलोपटक निर्वाचित रेखा गुप्ता दिल्लीको नयाँ मुख्यमन्त्री

नयाँदिल्ली / भाजपाले सालिमार बाग क्षेत्रबाट पहिलोपटक विधायक बनेकी रेखा गुप्तालाई मुख्यमन्त्री पदमा मनोनयन गरेको छ । योसँगै दिल्ली सरकारको नेतृत्वमा पुनः महिला मुख्यमन्त्री फर्किएकी छन् । यसअघि आपकी आतिसीले मुख्यमन्त्री पद सम्हालिरहेकी थिइन् । बुधबार साँझ भाजपाको व्यवस्थापिका दलको बैठकले ५० वर्षिया गुप्तालाई मुख्यमन्त्री बनाउने निर्णय गरेको थियो । हालै सम्पन्न विधानसभा चुनावमा भाजपाले अरविन्द केजरिवालको आम आदमी पार्टी (आप)लाई हराउँदै उसको दशक लामो शासनमा रोक लगाएको थियो । गुप्ताले आम आदमी पार्टीकी आतिसीको उत्तराधिकारी बनेकी छिन् ।

गुप्ताको चयनको औपचारिक घोषणा भाजपाको दिल्ली शाखाको 'एक्स' ह्यान्डलबाट गरिएको थियो ।

'दिल्ली भाजपाको संसदीय दलको नेता निर्वाचित भएकोमा श्रीमती रेखा गुप्ताजीलाई हार्दिक बधाई र शुभकामना ! हामीलाई पूर्ण विश्वास छ कि तपाईंको नेतृत्वमा राज्यले प्रगति गर्नेछ,' हिन्दीमा गरिएको पोस्टमा उल्लेख गरिएको थियो ।

गुप्तासहित भाजपाका विधायकले उप-राज्यपाल बिके सक्सेनालाई भेटेर औपचारिक रूपमा सरकार गठनको दाबी पेस गरेका छन् । स्रोतहरूका अनुसार गुप्ताले सुरुमा ६ सदस्यीय मन्त्रिपरिषद् गठन गर्नेछिन् । त्यसमा भाजपालाई समर्थन गर्ने सबै जाति र समुदाय जाट, बानिया, पञ्जाबी, पूर्वाञ्चली, ब्राह्मण र दलितहरूको



प्रतिनिधित्व हुने तिनै स्रोतलाई उद्धृत गर्दै एनडिटिभीले लेखेको छ ।

राजभवन प्रवेश गर्नुअघि मिडियासँग बोल्दै गुप्ताले आफूलाई मुख्यमन्त्री चुनेकोमा 'भाजपालाई धन्यवाद' दिइन् र दिल्लीलाई नयाँ उचाइमा पुऱ्याउन प्रतिबद्ध रहेको बताइन् । भाजपा २६ वर्षपछि दिल्लीमा सत्तामा फर्किएको हो । बिहीबार नै दिल्लीको प्रतिष्ठित रामलीला मैदानमा नयाँ सरकारको शपथ ग्रहणका लागि विशाल समारोहको योजना गरिने मिडियाले बताएका छन् ।

दिल्लीमा भाजपाको अन्तिम मुख्यमन्त्री पनि एक महिला थिइन् । सुष्मा स्वराज सन् १९९८ मा ५२ दिनका लागि सो पदमा रहेकी थिइन् । उनको उत्तराधिकारी कांग्रेसकी शिला दीक्षित थिइन्, जसले राष्ट्रिय राजधानीमा तीन पूर्ण कार्यकालसम्म कंग्रेस सरकारको नेतृत्व गरिन् ।

गुप्ताले भाजपा नजिकको विद्यार्थी संगठन अखिल भारतीय विद्यार्थी परिषद्बाट राजनीति सुरु गरेकी थिइन् । सन् १९९२ मा सो संगठनको सदस्यता लिएकी गुप्ता सो संगठनबाट सन् १९९६-९७ दिल्ली विश्वविद्यालयको विद्यार्थी संघको अध्यक्ष चुनिइन् । त्यसपछि उनले दिल्लीमा भाजपाको महिला मोर्चाको महासचिव, पार्टीको राष्ट्रिय कार्यकारिणी समितिको सदस्यको जिम्मेवारी पनि सम्हालिसकेकी छन् । सन् २००७ मा उत्तर पितामपुराबाट काउन्सिलर रहिसकेकी गुप्ता दक्षिण दिल्ली नगर निगमको मेयरसमेत बनिन् ।

-एनडिटिभीबाट

Invitation for Bids

Sudurpashchim Province Assembly

Province Assembly Secretariat, Dhangadhi

Invitation for Bids No.:
PAS/WORKS/NCB/081/082-02

Date of publication : **20th February 2025**

1. Province Assembly Secretariat invites electronic bids from Nepalese eligible bidders for the Construction Of prefab office building for Parliamentary Committee of Sudurpashchim province Assembly under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 48,89,431.36 (inclusive VAT, Provisional Sum)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Province Assembly Secretariat, Sudurpashchim Province Dhangadhi, Kailali or may visit PPMO website https://www.bolpatra.gov.np/egp
3. Bidder must submit their bid electronically and must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, by eligible Bidders and should deposit the non-refundable fee of Rs. 3000.00 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank	: **Rastriya Banijya Bank Ltd.**
Name of Office	: **Province Assembly Secretariat**
Office Code no	: **2020077017**
Office Account no	: **1000200010000**
Rajaswa (revenue) Shirshak no.	: **14229**

4. Pre-bid meeting shall be held at Province Assembly Secretariat Sudurpashchim Province, Dhangadhi, Kailali Nepal at **6th March 2025** 15:00 hours.
5. Electronic bids must be submitted to the Province Assembly Secretariat Sudurpashchim Province, Dhangadhi through PPMO website www.bolpatra.gov.np/egp before 12:00 noon on **23rd March, 2025**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **23rd March, 2025** 14:00 hours at the office of Province Assembly Secretariat Sudurpashchim Province, Dhangadhi, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. **140000.0**, which shall be valid for 30 days beyond the validity period of the bid. Information of bank details to deposit the cost of bid security in Dharauti Khata:

Bank Name	: **Rastriya Banijya Bank Ltd.**
Bank Address	: **Dhangadhi, Kailali, Nepal**
Account Name	: **Sudurpashchim province Treasury Comptroller Office**
Account Number	: **4170100202030000**

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Province Assembly Secretariat

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ८ फागुन ०८१

संक्षेप

दुई वर्षमा छल्दी-ठाडुंगा सडक ३१ प्रतिशत मात्रै कालोपत्रे



गुल्मी/ निर्माण सम्पन्न गर्ने अवधि नजिकिँदै गर्दा इस्मा गाउँपालिका- २ को छल्दीदेखि ठाडुंगा जोड्ने सडक कालोपत्रे गर्ने सडकको काम ३१ प्रतिशत मात्रै सम्पन्न भएको छ। सडक डिभिजन कार्यालय पाल्पामार्फत इस्मा गाउँपालिका- २ को छल्दीदेखि ठाडुंगा जोड्ने सकड कालोपत्रे गर्न रौताहा-श्रेष्ठ-ओमबुद्ध जेभीले ०७९ साल वैशाख २६ गते सम्झौता गरेको थियो।

सम्झौताको म्याद आगामी २५ वैशाखमा सकिन्छ। तर, निर्माण व्यवसायीले ३१ प्रतिशत काम मात्रै सकेको योजना कार्यान्वयन गरिरहेको सडक डिभिजन कार्यालय पाल्पाका इन्जिनियर राजेश अधिकारीले जानकारी दिए। उनका अनुसार यो वर्ष साढे तीन करोड बजेट यसका लागि छुट्याइएको छ। निर्माण व्यवसायीले समयमै काम नसकेपछि सार्वजनिक खरिद नियमावलीअनुसार ०८२ कात्तिक १० सम्म म्याद थप गरेको कार्यालयले जनाएको छ। यो सडक कालोपत्रेका लागि २४ करोड ७२ लाख ६८ हजार रुपैयाँमा सम्झौता भएको थियो। बस्तीमाथिबाट निर्माण गरिएको सडकको काम समयमै नहुँदा वर्षात्मा घर र बारी पुर्ने गरेको स्थानीय युवा अमित कुँवरले बताए।

५३.५ मेगावाटको अपर म्याग्दी-१ को बाँध निर्माण सुरु

म्याग्दी/ म्याग्दीको धवलागिरि गाउँपालिका- ४ खाम्लामा ५३.५ मेगावाटको अपर म्याग्दी- १ जलविद्युत् आयोजनाको बाँध निर्माण सुरु भएको छ। म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाले म्याग्दी नदीको पानीलाई सुरुङमा छिराउन १५ मिटर अग्लो र ४० मिटर लामो बाँध निर्माण थालेको हो। गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले आज बुधबार बाँधको ढलान गर्ने कार्यको शुभारम्भ गरेका छन्। जग्गा व्यवस्थापनको काम सकेर म्याग्दी नदीको दायाँतर्फ ढलान गरेर औपचारिक रूपमा बाँधको पक्की संरचना निर्माण सुरु गरिएको आयोजना प्रमुख ज्योतिकुमार केसीले बताए। 'सिभिल ठेकेदार लुना बिल्डर्स एन्ड कन्ट्राक्टरले पहाड काटेर बाँध निर्माणस्थल तयार पारिसकेको छ,' उनले भने, '०८३ फागुन २१ गते विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बाँधसँगै सुरुङ र विद्युत्गृह निर्माणको कामलाई तीव्रता दिएका छौं।'

०८१ भदौ १२ गतेदेखि धवलागिरि-४ छहारीमा सुरु भएको १९८.९० मिटर लामो अडिट नम्बर २ को सुरुङ खनेर थप ५३० मिटर मुख्य सुरुङ निर्माण भइसकेको आयोजनाका प्रबन्ध-निर्देशक लक्ष्मण न्यौपानेले बताए। पाँच किलोमिटर सात सय मिटर सुरुङमध्ये केही दिनमा बाँध र मालिका गाउँपालिका- ७ भारवाङको आउटलेटतर्फबाट पनि खन्न सुरु गर्ने उनले बताए। सानिमा बैंकको नेतृत्वमा ६ वटा बैंकको ऋण, प्रवर्द्धक कम्पनी र सर्वसाधारणको सेयरमार्फत जुटाइने ११ अर्ब २३ करोड लागतमा आयोजना निर्माण हुनेछ।

बिपी राजमार्ग पुनर्निर्माणका लागि अर्थले दियो साढे आठ अर्बको स्रोत सहमति

दुई वर्षमा सक्ने गरी तत्काल पुनर्निर्माण प्रक्रिया अघि बढाउने तयारीमा सडक विभाग

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अर्थ मन्त्रालयबाट स्रोत सहमति पाएसँगै सडक विभागले बाढीबाट क्षतिग्रस्त बिपी राजमार्गको स्थायी पुनर्निर्माणको काम तत्काल अघि बढाउने तयारी गरेको छ। मंगलबार अर्थ मन्त्रालयले बिपी राजमार्गको पुनर्निर्माणका लागि साढे आठ अर्ब रुपैयाँ स्रोत सहमति दिएको छ। योसँगै सडक विभागले त्यसको पुनर्निर्माणका लागि ठेक्का आह्वान गर्ने तयारी गरेको छ। विभागले अर्थ मन्त्रालयसँग नौ अर्ब ६६ करोडको बजेट सहमति मागेको थियो। सडक विभागका महानिर्देशक रामहरि पोखरेलले द्रुतगतिमा बिपी राजमार्गको स्थायी पुनर्निर्माणको प्रक्रिया अघि बढाउने बताए।

पुनर्निर्माणका लागि जापानबाट पनि आर्थिक सहयोग आउनेमा आशा गरिएको छ। जापानकै आर्थिक तथा प्राविधिक सहयोगमा बनेको सडक पुनर्निर्माणमा जापानले पनि सहयोग गर्ने अपेक्षा गरिएको हो। तर, त्यसमा ढिलाइ हुने भए पनि नेपालले आफ्नै बजेटमा यसको पुनर्निर्माण गर्न लागेको हो।

अब छिट्टै टेन्डर आह्वान हुने विभागको भनाइ छ। त्यसमा निर्माण कम्पनीले ठेक्का प्रस्ताव गर्ने अवधि पनि कम राख्ने तयारी गरिएको छ। यसका लागि मन्त्रिपरिषद्सँग सहमति माग्ने तयारी छ। 'अर्थ मन्त्रालयबाट साढे आठ अर्ब रुपैयाँको स्रोत सहमति आएसँगै पुनर्निर्माणका लागि बजेटको समस्या नहुने भयो। अब तत्काल टेन्डर आह्वान गर्नेछौं,' उनले भने, 'त्यसमा पनि टेन्डर पेस गर्ने अवधि कम राख्नेछौं। यसका लागि मन्त्रिपरिषद्सँग पनि सहमति माग्दै छौं। खुला प्रतिस्पर्धा हुने गरी कम अवधिमै ठेक्का सम्झौता गर्नेछौं।'

टेन्डर आह्वान गर्नका लागि अधिकांश तयारी पूरा भइसकेको छ। पुनर्निर्माणको डिजाइन पनि अन्तिम चरणमा पुगेको छ। पहिलाको भन्दा धेरै चौडाइमा सडक बनाउने गरी डिजाइन गरिएको छ। साथै, आगामी दिनमा आउन सक्ने ठुला बाढीलाई पनि थेग्ने गरी डिजाइन गरिएको महानिर्देशक पोखरेलले जानकारी दिए। सडकको पुनर्निर्माण गर्न कम्तीमा दुई वर्ष लाग्ने अनुमान गरिएको छ।





सडक विभागका महानिर्देशक रामहरि पोखरेल भन्छन्-

अर्थ मन्त्रालयबाट साढे आठ अर्ब रुपैयाँको स्रोत सहमति आएसँगै पुनर्निर्माणका लागि बजेटको समस्या नहुने भयो। अब तत्काल टेन्डर आह्वान गर्नेछौं, त्यसमा पनि टेन्डर पेस गर्ने अवधि कम राख्नेछौं। यसका लागि मन्त्रिपरिषद्सँग पनि सहमति माग्दै छौं। खुला प्रतिस्पर्धा हुने गरी कम अवधिमै ठेक्का सम्झौता गर्नेछौं।



चालू आवमै ठेकेदार कम्पनीले काम सुरु गर्न सक्ने गरी टेन्डर प्रक्रिया अघि बढाउने विभागका प्रवक्ता अर्जुन अर्यालले बताए। 'अब एक-दुई दिनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र विभागबिच छलफल हुनेछ। त्यसपछि टेन्डर आह्वान गर्नेछौं,' उनले भने, 'ठेकेदार छनोटमा पनि समय लगाउनेछैनौं। बर्खामा त काम गर्न सकिन्न। बर्खा आउनुभन्दा अघि ठेकेदार कम्पनीले एक-दुई महिना काम गर्न सक्ने गरी टेन्डर प्रक्रिया अघि बढाउनेछौं।' १०-१२ असोजको वर्षाले रोशी नदीमा आएको बाढीका कारण बिपी राजमार्गको काभ्रेपलाञ्चोकको रोशीदेखि नेपालथोकसम्ममा विभिन्न ठाउँमा गरेर १३ किलोमिटर सडक क्षतिग्रस्त भएको छ। त्यसमा ८.५ किमि सडकको नामोनिसान नै थिएन। २५ असोजदेखि अस्थायी रुट बनाएर उक्त राजमार्गमा यातायात सञ्चालन भइरहेको छ। साथै, अस्थायी रूपमा क्षतिग्रस्त खण्डको मर्मतको काम पनि अघि बढाइएको छ। तर, सडकलाई सामान्य अवस्थामा ल्याउन पुनर्निर्माण नै गर्नुपर्ने थियो। विभागसँग बाढीपहिरो क्षतिग्रस्त हुने सडकको पुनर्निर्माण तथा मर्मत गर्न नियमित बजेट नै हुन्छ। तर, बाढीले यो सडक खण्डलाई नमज्जाले क्षतिग्रस्त बनाएको थियो। त्यसको पुनर्निर्माण नै गर्नुपर्नेछ। त्यसका लागि पनि साढे नौ अर्ब रुपैयाँ लाग्ने देखिएको छ। तर, यसका लागि विभाग मर्मत सम्भारका लागि छुट्याइएको बजेटले पनि पुग्ने अवस्था पनि थिएन। त्यसैले पुनर्निर्माणका लागि अर्थ मन्त्रालयसँग स्रोत सहमति लिनुपरेको हो।

■ पुनर्निर्माण गर्न दुई वर्ष लाग्ने, वर्षाको यात्रा कष्टकर हुने

जापानको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भई ०७२ मा १६० किमि लामो (धुलिखेल-सिन्धुली-बर्दीवास) यो सडक बनेको थियो। यसले पूर्वी नेपाललाई छोटो दूरीमा संघीय राजधानी काठमाडौंसँग जोड्छ। तसर्थ, सडक निकै महत्त्वपूर्ण मानिन्छ। तर, बाढीले सडक क्षतिग्रस्त हुँदा त्यहाँबाट हुने यात्राबाट कष्ट भइरहेको छ। पुनर्निर्माण नहुँदासम्म त्यो समस्या कायमै हुने देखिएको छ।

सडक पुनर्निर्माण गर्न कम्तीमा पनि दुई वर्ष लाग्ने अनुमान गरिएको छ। त्यसबिचका बर्खामा त्यहाँको यात्रा कष्टकर नै हुने सडक विभागका अधिकारीहरू बताउँछन्। यद्यपि, बर्खामा सहज रूपमा यातायात सञ्चालन गराउन आवश्यक काम गर्ने उनीहरूको भनाइ छ।

■ जाइकाबाट पनि सहयोग आउने अपेक्षा

जापानकै आर्थिक तथा प्राविधिक सहयोगमा १६० किमि लामो यो बिपी राजमार्ग निर्माण गरिएको थियो। जापानले यसमा २६ अर्ब येन आर्थिक सहयोग गरेको थियो। यसका अलावा प्राविधिक सहयोग पनि जापानकै छ। ०५३/५४ देखि सुरु भएको यसको निर्माण ०७२ सालमा सम्पन्न भएको थियो। यसको पुनर्निर्माणमा जापान सहयोग आउने अपेक्षा पनि गरिएको छ।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/११/०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको मुख्य शाखा कार्यालय कमलपोखरी, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८१/११/२२ गते/स्थान : मुख्य शाखा कार्यालय कमलपोखरी, काठमाडौं — २०८१/११/२५ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : धौलागिरी हाईवे रेष्टुरेण्ट प्रा.लि.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. ६१६२१/०६५/०६६, दर्ता मिति : २०६५/१२/२०, पान नं. ३०३७५१९५९, दर्ता मिति : २०६५/१२/२० ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी वडा नं. २, **संचालक : सुन्दर बहादुर वानियाँ**
	नाम : बानियाँ बिल्डर्स प्रा.लि. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २५४४३७/०७७/७८, दर्ता मिति : २०७७/१०/१९, पान नं. ६०९९२१७०२, दर्ता मिति : २०७७/१०/२० ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी न.पा./गा.पा. वडा नं. २, **संचालक : सुन्दर बहादुर वानियाँ**
	ऋणी तथा जमानतकर्ताको विवरण
	१. नाम : सुजन बानिया ना.प्र.नं. ४३१००२९/१२३००३, जि.प्र.का. तनहुँ जारी मिति : २०६६/१२/०९ बाबुको नाम : सुन्दर बहादुर बानिया बाजेको नाम : खिल बहादुर बानिया ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी न.पा./गा.पा. वडा नं. ३ **२. नाम : सुसन बानिया** ना.प्र.नं. ४३१०२९/५९७, जि.प्र.का. तनहुँ जारी मिति : २०६९/०२/१४ बाबुको नाम : खिल बहादुर बानिया बाजेको नाम : दल बहादुर बानिया ठेगाना : तनहुँ जिल्ला, आँबुखैरेनी न.पा./गा.पा. वडा नं. ३
	जमानतकर्ताको विवरण
	१. नाम : सुन्दर बहादुर बानिया ना.प्र.नं. ३१८३, जि.प्र.का. मकवानपुर जारी मिति : २०४४/१०/२५ बाबुको नाम : खिल बहादुर बानिया बाजेको नाम : दल बहादुर बानिया ठेगाना : मकवानपुर जिल्ला, हर्नामाडी न.पा./गा.पा. वडा नं. ९ हाल : तनहुँ जिल्ला, आँबुखैरेनी न.पा./गा.पा. वडा नं. २ **२. नाम : सुना बानियाँ** ना.प्र.नं. ८/५४९, जि.प्र.का. मकवानपुर जारी मिति : २०५६/४/३१ पतिको नाम : सुन्दर बहादुर बानिया ससुराको नाम : खिल बहादुर बानिया ठेगाना : मकवानपुर जिल्ला, हर्नामाडी न.पा./गा.पा. वडा नं. ९ हाल : तनहुँ जिल्ला, आँबुखैरेनी न.पा./गा.पा. वडा नं. २
	धितोको विवरण
	१. सुना बानियाँको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता कायम श्रेष्ठा कायम रहेको तनहुँ जिल्ला, सयसत्र आबु वडा नं. ३ स्थित कित्ता नं. ५५९ को क्षेत्रफल २२०३.८८ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. धनी ज्योति विकास बैंक लि. भई ऋणी बानियाँ बिल्डर्स प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता श्रेष्ठा कायम रहेको ग २ ख ७३१ परिवर्तित ग १ क ५९६५, च्यासिस नं. MAT448137M3R09745, ईन्जिन नं. 12D63865436 को LPK2518/38HD TATA Tipper र ग २ ख ७३० परिवर्तित ग १ क ५९६४, च्यासिस नं. MAT448137M3R11645, ईन्जिन नं. 12D63867026 को LPK2518/38 TATA Tipper रहेको सवारी साधन थान २।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय:
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

निगम र जापान एयरलाइन्सबिच द्विपक्षीय सम्झौता

काठमाडौं/ नेपाल वायुसेवा निगम र जापान एयरलाइन्सबिच व्यापार विस्तारका लागि द्विपक्षीय आपसी सम्झौता भएको छ। सम्झौताबाट कनेक्टिङ फ्लाइटमार्फत नेपालबाट अमेरिका, क्यानडा, कोरियालगायत देशहरूमा यात्रा गर्न सहज हुनेछ।

निगमको सीधा उडानमार्फत जापान पुगेका यात्रुहरू नारिता अन्तर्राष्ट्रिय विमानस्थल र त्यहाँबाट जापान एयरलाइन्सको कनेक्टिङ फ्लाइटमार्फत विभिन्न देशमा पुग्न सक्नेछन्। निगमको टिकटबाट जापान एयरलाइन्सको कनेक्टिङ फ्लाइटमार्फत विश्वभरको अन्तिम गन्तव्यसम्मका लागि यात्रु तथा ब्यागेज चेक-इन सुविधा प्राप्त हुने बताइएको छ। सोही नेटवर्क हुँदै विश्वभरिबाट पर्यटक सहज रूपमा नेपाल भ्रमणमा आउन सक्छन्। जापान एयरलाइन्सको विश्वभर कनेक्सन रहेको हुँदा यात्रुलाई सहजता हुने निगमको विश्वास छ। यसबाट निगमको व्यापार विस्तार हुनुका साथै समग्र देशको पर्यटन प्रवर्द्धन र विदेशी मुद्रा आर्जनमा टेवा पुग्ने विश्वास निगमको छ।

दुई देशका राष्ट्रिय ध्वजावाहकमार्फत आपसमा व्यापार विस्तार हुने, यात्रा सहज र किफायती हुने, विश्वका विभिन्न देश र जापानकै विभिन्न आन्तरिक गन्तव्यमा निगमकै टिकटमा यात्रा गर्न सकिने निगमका प्रवक्ता रमेश पौडेलले बताए। उनले भने, 'अब यात्रुहरू जापान हुँदै अमेरिका जान सक्छन्, त्यो रुटबाट अमेरिका जान छोटो पर्छ, जसले भाडा पनि कम लाग्नेछ, अरू थुप्रै देशमा यात्रा गर्न छिटो र सुलभ हुनेछ।' निगमले जापानमा साताभा तीन दिन आइतबार, मंगलबार र शुक्रबार नियमित उडान गर्दै आएको छ। जापानी पर्यटकलाई उच्चस्तरको सुविधासहित नेपाल भ्रमणका लागि आकर्षक टुर प्याकेज बनाउन सहज हुने निगमको विश्वास छ। योसहित निगमका प्यासेन्जर इन्टरलाइन पार्टनरसिप एग्रिमेन्ट गर्ने वायुसेवाको संख्या २५ पुगेका छन्। कार्गो इन्टरलाइन पार्टनरसिप एग्रिमेन्ट गर्ने वायुसेवाको संख्या २८ छ।

जनता आवास कार्यक्रममार्फत सल्यानमा ३४ घर निर्माण हुँदै

सल्यानमा **दीपक शर्मा**

जनता आवास कार्यक्रममार्फत सल्यानमा ३४ घर निर्माण हुने भएका छन्। दलित, विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदायका लागि आवास निर्माण गर्ने सरकारको लक्ष्यअनुसार चालू आर्थिक वर्षमा ३४ घर निर्माण गरिने भएको हो।

जिल्लामा लाभग्राही छनोट भई घर निर्माण हुने स्थान छनोट र लाभग्राहीसँग सम्झौताको काम अघि बढाइएको पूर्वाधार विकास कार्यालयका सबइन्जिनियर महेशकुमार वलीले जानकारी दिए। उनका अनुसार बनगाड कुपिन्डे नगरपालिकामा ३, बागचौर नगरपालिकामा ४, कुमाख गाउँपालिका ३, सिद्ध कुमाख गाउँपालिका २, दार्मा गाउँपालिका ३, शारदा नगरपालिकामा ४, कपुरकोट गाउँपालिकामा २, त्रिवेणी गाउँपालिकामा ६, छत्रेश्वरी गाउँपालिकामा ४ र कालीमाटी गाउँपालिकामा ३ गरी ३४ आवास निर्माण हुनेछन्।

कार्यक्रममार्फत जिल्लामा यसअघि एक सय ४५ वटा आवास निर्माण भइसकेका छन्। जसमा आर्थिक वर्ष ०७७/७८ मा ३० वटा, आर्थिक वर्ष ०७८/७९ मा ४० वटा र आर्थिक वर्ष ०७९/८९ मा ३१ र आव ०८०/८१ मा ४४ वटा आवास निर्माण भएका छन्। कर्णाली प्रदेश सरकारले जनता आवास कार्यक्रमअन्तर्गत आवास निर्माणका लागि यस वर्ष जिल्लामा एक करोड १९ लाख रुपैयाँ पठाएको छ। प्रतिघर निर्माणका लागि सेवाग्राहीलाई तीन लाख ३६ हजार दिने गरेको उनले जानकारी दिए। कार्यविधिअनुसार घर निर्माणका लागि जग खनेपछि कार्यालयले २५ प्रतिशत अर्थात् ८४ हजार रकम पहिलो किस्ताबापत दिने गरिएको छ। दोस्रो किस्ताबापत डिपिसी (जग ढलान) गरेपछि ३० प्रतिशत, तेस्रो किस्ताबापत घरको गाह्रो लगाएपछि ३५ प्रतिशत दिने कार्यविधिमा उल्लेख छ।

चौथो किस्ताबापतको रकम भने शौचालयसहित घर सम्पन्न भएपछि १० प्रतिशत रकम भुक्तानी गरिने उनको भनाइ छ। पहिले संघीय सरकारले सुरुवात गरेको यो कार्यक्रम अहिले प्रदेश सरकारले सञ्चालन गर्दै आएको छ। 'जनता अवास कार्यक्रम' दलित, विपन्न परिवार, सीमान्तकृत समुदायलाई लक्ष्य गरी आव ०६६/६७ बाट लागू गरिएको योजना हो।

६० खर्ब नाघ्यो वाणिज्य बैंकको निक्षेप


अर्को सातासम्म मौद्रिक नीतिको समीक्षा सार्वजनिक गर्ने तयारी

नयाँ पत्रिका

वाणिज्य बैंकहरूको निक्षेप संकलन ६० खर्ब नाघेको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार २ फागुनसम्म वाणिज्य बैंकहरूको निक्षेप संकलन ६० खर्ब तीन अर्ब रुपैयाँ पुगेको हो। १ फागुनसम्म निक्षेप संकलन ५९ खर्ब ९८ अर्ब थियो। गत पुस मसान्तसम्म वाणिज्य बैंकहरूको निक्षेप संकलन ५९ खर्ब ९१ अर्ब थियो। एक महिना दुई दिनमा निक्षेप संकलन १२ अर्बले बढेको तथ्यांकले देखाएको छ। त्यस्तै, चालू आवको सात महिना दुई दिनको अवधिमा निक्षेप संकलन दुई खर्ब ४७ अर्बले बढेको छ।

पछिल्लो समय कर्जा असुली प्रभावित हुँदा नयाँ कर्जा विस्तार सुस्त छ। २ फागुनसम्म वाणिज्य बैंकहरूको कुल कर्जा प्रवाह ४८ खर्ब २७ अर्ब पुगेको छ। बैंकिङ प्रणालीमा तरलताको प्रमुख स्रोत रेमिट्यान्स बढिरहेकाले निक्षेप संकलन भने बढ्दो क्रममा छ। कुल बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ६७ खर्ब ३२ अर्ब कायम छ। त्यस्तै, कुल कर्जा प्रवाह ५४ खर्ब ३९ अर्ब छ।

तुलनात्मक रूपमा निक्षेप संकलन बढिरहेको देखिए पनि यो क्रम लम्बिँदै जाने सम्भावना न्यून रहेको केन्द्रीय बैंकका अधिकारीहरू बताउँछन्। केन्द्रीय बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले असोजयता रेमिट्यान्सको वृद्धिदर घट्दो क्रममा रहेको, आयात बढ्दै गइरहेको र केन्द्रीय बैंकले खिच्ने अधिक तरलतामा समेत कमी आएकाले निक्षेप संकलनमा भइरहेको वृद्धि लामो समय नजाने संकेत देखिएको बताए। उनले भने, 'असोजसम्म रेमिट्यान्सको वृद्धिदर दोहोरो अंकमा थियो। अहिले एकल अंकको दरले बढिरहेको छ। त्यस्तै, आयात बढ्न थालेको छ। डेढ महिनाअघिसम्म साढे तीन खर्ब अधिक तरलता तानिरहेको राष्ट्र बैंकले साढे दुई खर्ब मात्रै खिचेको छ। यसले निक्षेप संकलन बढ्ने क्रम अब धेरै समयसम्म नजाने संकेत मिलेको छ।'



■ कार्यकालको अन्तिम मौद्रिक नीति समीक्षाको तयारी

केन्द्रीय बैंकले अर्को सातासम्ममा चालू आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गर्ने तयारी गरेको छ। यो गभर्नर महाप्रसाद अधिकारीको आफ्नो कार्यकालको अन्तिम मौद्रिक नीति समीक्षा हुनेछ। २५ चैतसम्म उनको कार्यकाल छ। अर्थतन्त्रलाई गतिशीलता दिन सार्वजनिक चित्तमा सुधार नभइरहेको सन्दर्भमा मौद्रिक नीतिको समीक्षाले कस्तो नीति लिनेछ भन्ने चौतर्फी चासो छ।

असोजसम्म रेमिट्यान्सको वृद्धिदर ११.५ प्रतिशत थियो। कात्तिकमा यो वृद्धिदर ९.१ प्रतिशतमा झर्‍यो। मंसिरमा यो दर ४.४ प्रतिशत र पुससम्ममा ४.१ प्रतिशत पुगेको छ। यसले रेमिट्यान्समा भइरहेको वृद्धिदर संकुचनमा गएको बुझ्न सकिन्छ। बढ्दो वस्तुको आयातले कर्जा विस्तारमा सघाउ पुऱ्याइरहेको उनको बुझाइ छ। केन्द्रीय बैंकले २१ पुसमा बजारबाट खिचेको अधिक तरलता तीन खर्ब ३० अर्ब पुगेको थियो। ६ फागुनमा खिचिएको तरलता दुई खर्ब ३९ अर्ब मौज्दात छ। केन्द्रीय बैंकले खिच्ने अधिक तरलता पनि कम हुँदै गएकाले आर्थिक गतिविधि बढ्दै गइरहेको अनुमान लगाउन सकिने कार्यकारी निर्देशक डा. भट्टले बताए। पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको अनुपात ४.९२ प्रतिशत छ। वाणिज्य बैंकहरूको मात्रै ४.७३ प्रतिशत छ। कर्जा असुली हुन नसकेकाले निष्क्रिय कर्जाको अनुपात बढ्दै गइरहेको छ। पछिल्लो समय पुँजी निर्माण र मध्यम उपभोगका वस्तुको आयात बढेकाले आर्थिक गतिविधिमा सुधार भइरहेको र यसले कर्जा रिकभरीमा पनि सुधार भएको डा. भट्टको विश्लेषण छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५११११९०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण
१)	**ऋणी: लक्ष्मी श्रेष्ठ** स्थायी ठेगाना: दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. १, हालको ठेगाना: दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३ बाबु: हर्क बहादुर श्रेष्ठ, ससुरा: खड्ग बहादुर श्रेष्ठ, पति: विर्ष बहादुर श्रेष्ठ **तथा** **ऋणी: विर्ष बहादुर श्रेष्ठ** ठेगाना: दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३, बाबु: खड्ग बहादुर श्रेष्ठ, बाजे: सक्तिमान श्रेष्ठ **धितोको विवरण** सक्तिमान श्रेष्ठको नाति, खड्ग बहादुर श्रेष्ठको छोरा, दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ३ बस्ने विर्ष बहादुर श्रेष्ठकोनाममा मालपोत कार्यालय चरिकोट, दोलखाको लगतमा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स. वडा नं. १ (हाल भिमेश्वर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४६५२ को क्षेत्रफल २११ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२)	**ऋणी फर्म: आरती कस्मेटिक एण्ड श्रृङ्गार, प्रोप्राइटर तथा जमानीकर्ता: मन्जु देवी** दर्ता नं. घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवनमा प्रा.फ.र.नं. ९६२/२०७७/२०७८, दर्ता मिति: २०७७/०८/३० ठेगाना: जिल्ला चितवन, भरतपुर म.न.पा. वडा नं. १ **धितोको विवरण** १) महादेव साह बनियाकी छोरी, हरिशंकर बनियाकी पत्नि, पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ०९ बस्ने भागरथी देवीको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ९ (हाल वीरगंज म.न.पा वडा नं. ३२) स्थित कित्ता नं. ५४ को क्षेत्रफल १४० (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) हरिशंकर प्रसाद वनियाको नाती, हजारी लाल वनियाको छोरा, पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ०९ बस्ने बिकी कुमारको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, चोर्नी गा.वि.स. वडा नं. ९ (हाल वीरगंज म.न.पा वडा नं. ३२) स्थित कित्ता नं. १६४ र १६३ को क्षेत्रफल क्रमश: ११८.५० र १६९.३० (व.मी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) आरती कस्मेटिक एण्ड श्रृङ्गारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणी: हफिज देवान** स्थायी ठेगाना: रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७, बाबु : अकवर देवान, बाजे : मोल्वी देवान **धितोको विवरण** मोलवी देवानको नाती, अकवर देवानको छोरा, रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ७ बस्ने हफिज देवानको नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ (हाल गुजरा न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२४ को क्षेत्रफल १-१-१६ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४)	**ऋणी: धनी लाल प्रसाद कुर्मि** स्थायी ठेगाना: पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३, हालको ठेगाना: पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५, बाबु: किशोरी राउत कुर्मि, बाजे: जदुनी राउत कुर्मि **धितोको विवरण** कुल्दीप राउतको नाती, जदुनी राउत कुर्मिको छोरा, पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोविनी गा.पा. वडा नं. ५ बस्ने किशोरी राउत कुर्मिको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, धोविनी गा.वि.स. वडा नं. ३ (हाल धोविनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७४ र ७५ को क्षेत्रफल क्रमश: ७६.६४ र २०७.१७ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
५)	**ऋणी: ठुलोभाई तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १, हालको ठेगाना : धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बाबु : डिल बहादुर तामाङ, बाजे : भिम बहादुर तामाङ **धितोको विवरण** लाल बहादुरको नाती, भिम बहादुरको छोरा, धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनिबेशी न.पा. वडा नं. २ बस्ने दिल बहादुर तामाङको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, छत्रेदेउराली गा.वि.स. वडा नं. २ ख (हाल धुनिबेशी न.पा. वडा नं. २) स्थित कित्ता नं. ४६० को क्षेत्रफल ४-१२-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
६)	**ऋणी कम्पनी: तमु मार्ट प्रा.लि. अध्यक्ष तथा जमानीकर्ता: कुम बहादुर गुरुङ** दर्ता नं. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा १७१०७९/०७४/०७५, दर्ता मिति: २०७४/०४/०३ जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १५ **२) ऋणी: कुम बहादुर गुरुङ** स्थायी ठेगाना : लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५, बाबु: बुध मान गुरुङ बाजे: धनराज गुरुङ **धितोको विवरण** १) धनराज गुरुङको नाती, बुध मान गुरुङको छोरा लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५, बस्ने कुम बहादुर गुरुङको नाममा मालपोत कार्यालय चावहिल काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं. २क (हाल बुढानिलकण्ठ न.पा. वडा नं. ३), स्थित कित्ता नं. ७१० को क्षेत्रफल ०-४-३-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) तमु मार्ट प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**ऋणी: रामाकान्त पासवान** स्थायी ठेगाना: पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९, हालको ठेगाना: पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३, बाबु: राजदेव हजरा बाजे: वन्ती हजरा **धितोको विवरण** जोधा हजरा दुसाधको नाती, वन्ती हजराको छोरा, पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, धोबीनी गा.पा. वडा नं. ३ बस्ने राजदेव हजराको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ९ (हाल धोबीनी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. ९ र १४६ को क्षेत्रफल क्रमश: ५१८.७५ र ९४५ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
८)	**ऋणी: टेक वहादुर परियार** स्थायी ठेगाना: कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं. ९, हालको ठेगाना: कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १, बाबु: वले दमाई (बल ब. परियार), बाजे: मान सिं दमाई **धितोको विवरण** मान सिंको नाति, वले दमाई (बल ब. परियार)को छोरा, कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं. ९, स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १ बस्ने टेक वहादुर परियारको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, अर्मला गा.वि.स. वडा नं. ९ स्थित किता नं. ३२९ र ३३० को क्षेत्रफल क्रमश: ३-७-३-२ र ०-१५-०-२ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
९)	**१) ऋणी फर्म: चाँदनी हार्डवियर पसल**, प्रोप्राईटर तथा जमानीकर्ता: मंन्जु कुमारी देवी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ८१५३/८१०, दर्ता मिति २०७६/०७/०३, ठेगाना: जिल्ला रौतहट, स. धमौरा गा.वि.स. वडा नं. ६, हाल वृन्दावन न.पा. वडा नं. ६ **धितोको विवरण** १) राम प्रसाद ठाकुर लोहारको नाति, सुकदेव ठाकुरको छोरा, रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने देवनारायण ठाकुरको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३१४ को क्षेत्रफल ०-०-१५ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लक्ष्मी ठाकुरकी छोरी, सुकदेव ठाकुरकी बुहारी, देवनारायण ठाकुरकी पत्नी, रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने मंन्जु कुमारी देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ८ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६०७ को क्षेत्रफल ०-५-९¹/₈ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) चाँदनी हार्डवेयर पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **२) ऋणी: मन्जु कुमारी देवी** स्थायी ठेगाना : रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६, बाबु: लक्ष्मी ठाकुर, ससुरा : सुकदेव ठाकुर, पति: देवनारायण ठाकुर **धितोको विवरण** लक्ष्मी ठाकुरकी छोरी, सुकदेव ठाकुरकी बुहारी, देवनारायण ठाकुरकी पत्नी, रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने मंन्जु कुमारी देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ६ (हाल चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३०५५ को क्षेत्रफल ०-०-१०-० (विगाह) र रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. १ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित किता नं. १५५७ को क्षेत्रफल ०-१-२.७५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । **३) ऋणी : देवनारायण ठाकुर** स्थायी ठेगाना: रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६, हालको ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६, बाबु: सुकदेव ठाकुर, बाजे: राम प्रसाद ठाकुर लोहार **धितोको विवरण** १) राम प्रसाद ठाकुर लोहारको नाति, सुकदेव ठाकुरको छोरा, रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने देवनारायण ठाकुरको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३१४ को क्षेत्रफल ०-०-१५ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लक्ष्मी ठाकुरकी छोरी, सुकदेव ठाकुरकी बुहारी, देवनारायण ठाकुरकी पत्नी, रौतहट जिल्ला, स. धमौरा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ६ बस्ने मंन्जु कुमारी देवीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ८ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६०७ को क्षेत्रफल ०-५-९¹/₈ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१०)	**१) ऋणी कम्पनी: एस. एस. कलेक्सन प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: सुनिल कुमार गुप्ता अग्रहरी दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौमा अन्तर्गत दर्ता नं. १५५७६४/०७३/०७४, दर्ता मिति: २०७३/०५/२९, ठेगाना: जिल्ला नवलपरासी, रामग्राम न.पा. वडा नं. ५ **२) ऋणी: सुनिल कुमार गुप्ता अग्रहरी** स्थायी ठेगाना: नवलपरासी जिल्ला, वंजरीया गा.वि.स. वडा नं. ६, हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ५ बाबु: छेदी प्रसाद गुप्ता अग्रहरी, बाजे: सहदेव प्रसाद गुप्ता अग्रहरी **धितोको विवरण** १) सहदेवको नाती, छेदी प्रसादको छोरा, नवलपरासी जिल्ला, वंजरीया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ५ बस्ने सुनिल कुमार गुप्ता अग्रहरीको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, वंजरीया गा.वि.स. वडा नं. ९च (हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १८) स्थित कित्ता नं. ५३० को क्षेत्रफल १८२८.३५ (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सहदेवको नाती, छेदी प्रसादको छोरा, नवलपरासी जिल्ला, वंजरीया गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ५ बस्ने सुनिल कुमार गुप्ता अग्रहरीको नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, वंजरीया गा.वि.स. वडा नं. ५ (हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १८) स्थित कित्ता नं. ८७१ को क्षेत्रफल २०३१.८४(व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) एस. एस. कलेक्सन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **कर्जाको किसिम: व्यक्तिगत कर्जा** **३) ऋणी: बाबुराम थारु चौधरी** स्थायी ठेगाना : नवलपरासी जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ६, हालको ठेगाना : नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १८ बाबु : मनोज कुमार चौधरी, बाजे : मान बहादुर थारु **जमानीकर्ता: सुनिल कुमार गुप्ता अग्रहरी**, स्थायी ठेगाना: नवलपरासी जिल्ला, वंजरीया गा.वि.स. वडा नं. ६, हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ५, बाबु: छेदी प्रसाद गुप्ता अग्रहरी, बाजे: सहदेव प्रसाद गुप्ता अग्रहरी

नोट: ऋणी तथा संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गारी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गारि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनी आजदेखि

प्रदर्शनीमा विभिन्न देशका तीन सयभन्दा बढी ब्रान्डका डेढ सयभन्दा बढी स्टल रहने



काठमाडौं/ मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरएक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा आयोजना गर्न लागेको नेपाल बिल्डकन अन्तर्राष्ट्रिय प्रदर्शनीको १०औँ संस्करण आजदेखि सुरु हुँदै छ। यो प्रदर्शनी ८ देखि ११ फागुनसम्म भृकुटीमण्डप, काठमाडौंमा चल्ने बताइएको छ।

आयोजकका अनुसार प्रदर्शनीमा विभिन्न देशका तीन सयभन्दा बढी प्रख्यात ब्रान्डका डेढ सयभन्दा बढी स्टल रहनेछन्। निर्माणसम्बन्धी उद्योग, कम्पनी, डिलर तथा सबडिलर र विक्रेताले निर्माण व्यवसायसँग सम्बन्धित उत्पादनबारे जानकारी गराउने प्रदर्शनी र स्टल रहने आयोजकको भनाइ छ।

उक्त प्रदर्शनीमा निर्माण सामग्री तथा उपकरण, केमिकल्स, युपिभिसीका झ्यालढोका, आर्किटेक्चरल हार्डवेयर, बाथरुम फिटिङ पाइप, टायल्स, कंक्रिट ब्लकलगायत उत्पादक कम्पनीले सहभागिता जनाउनेछन्। प्रदर्शनीले नेपालमा उत्पादन भइरहेका सामग्री र प्रविधिलाई पनि अन्तर्राष्ट्रिय बजारसम्म लैजान सहयोग पुग्ने आयोजकले विश्वास लिएको छ।

आयोजकका अनुसार निर्माण क्षेत्रमा काम गरिरहेका नेपालका दिग्गज आर्किटेक्ट, इन्जिनियर, कन्ट्र्याक्टर, बिल्डर, इन्टेरियर डिजाइनरको समेत उल्लेख्य सहभागिता रहनेछ। निजी घर बनाउन चाहने, व्यापारिक कम्प्लेक्स, व्यावसायिक भवन बनाउने व्यक्ति तथा संस्थाको पनि उपस्थिति रहनेछ। चार दिनसम्म चल्ने प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ।

प्रदर्शनीको टाइटल स्पोन्सर लुम्बिनी सेरामिक्स (लामिनार टायल्स) रहेको छ भने पावर्ड बाई प्रायोजकमा फ्लाइबर्ड र सहप्रायोजकमा पर्ल प्रेसिजन रहेका छन्। सहयोगी संस्थामा नेपाल निर्माण व्यवसायी महासंघ, सोसाइटी अफ कन्सल्टिङ आर्किटेक्चरल एन्ड इन्जिनियरिङ फर्म्स, सोसाइटी अफ नेप्लिज आर्किटेक्ट्स तथा इन्टेरियर डिजाइनर्स एसोसिएसन अफ नेपाल रहेका छन्।

सानिमा बैंक र ब्रिटिस इन्टरनेसनलबिच १५ मिलियन डलर ऋण सम्झौता



काठमाडौं/ सानिमा बैंक लिमिटेड र ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्ट पिएलसीबिच १५ मिलियन अमेरिकी डलरको व्यापार ऋण सम्झौतामा हस्ताक्षर भएको छ। उक्त सम्झौताअनुसार प्राप्त ऋण विशेष गरी जलविद्युत् आयोजनाहरूको निर्माणमा प्रयोग हुने हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकल उपकरणहरूको आयात तथा निर्माण प्रक्रियाका लागि कच्चा पदार्थहरूको खरिदमा प्रयोग गरिनेछ। यस साझेदारीले सानिमा बैंकको ट्रेड फाइनान्स सर्भिसलाई महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

उक्त सम्झौतामा बैंक सीईओ निश्चलराज पाण्डे र ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्टका लगानी निर्देशक एडमिर इमामीले हस्ताक्षर गरेका छन्।

स्टार्टअप प्रदर्शनी शनिबारदेखि

काठमाडौं/ नेपालका साना तथा मझौला व्यवसाय (एसएमई) तथा स्टार्टअपलाई प्रवर्द्धन गर्दै आएको 'रिभ्याम्प नेपाल'को छैटौँ संस्करण १० फाल्गुनमा प्रदर्शनी भृकुटीमण्डप, काठमाडौंमा हुने भएको छ। आयोजकका अनुसार यस संस्करणलाई नेपालकै सबैभन्दा ठूलो स्टार्टअप तथा व्यापार प्रदर्शनी बनाउने तयारी भइरहेको छ। पहिलोपटक सातै प्रदेशमा प्रदेश संस्करणसमेत सञ्चालन गरिनेछ, जसले नेपालभरका व्यवसायी तथा स्टार्टअपलाई सहयोग हुने विश्वास गरिएको छ।

'रिभ्याम्प नेपाल'ले नेटवर्किङ, लगानी, र फ्रेन्चाइजिङ अवसर प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। यस वर्षको संस्करणमा डेढ सयभन्दा बढी स्टार्टअप सहभागी हुने र १० हजारभन्दा बढी दर्शक उपस्थित हुने अनुमान गरिएको छ। सन् २०२१ मा सुरु भएको रिभ्याम्प नेपालले नेपालका स्टार्टअप तथा एसएमईका लागि बजार पहुँच, व्यवसाय वृद्धिका अवसर तथा नयाँ लगानीकर्तासँगको सम्पर्क जोड्ने पुलको काम गर्दै आएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८१/११/०८)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नः ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८१/११/२२

बोलपत्र खोलिने मिति
२०८१/११/२३ दिउँसो १ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : जय कुमार पुर्बे (धितो कर्जा) -शाखा कार्यालय बर्दिबास**, (ना.प्र.नं. १११८५४५६, मिति २०५७/०५/०५ मा जि.प्र.का. धनुषाबाट जारी भएको), ठेगाना : बेंगाडावर ४, धनुषा बाबु : कारी राम पुर्वे, बाजे : खुव लाल पुर्वे **व्यक्तिगत जमानीकर्ताहरु :** **१. कारी राम पुर्वे** (ना.प्र.नं. १६१८४/१११८०७०९, मिति २०३४/१०/११ मा जि.प्र.का. धनुषाबाट जारी भएको),बाबु : खुव लाल पुर्वे, बाजे : रघुविर पुर्वे **२. उर्मिला कुमारी** (ना.प्र.नं. १११८५१४९, मिति २०४४/११/१३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : कारी राम पुर्वे, ससुरा : खुव लाल पुर्वे **३. राधा देवी पुर्बे** (ना.प्र.नं. १७३०९७/६५४, मिति २०६३/१०/२३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : जय कुमार पुर्वे, ससुरा : कारी राम पुर्वे	जय कुमार पुर्वेको नाममा धनुषा जिल्ला मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, बेंगा डावर गा.वि.स./न.पा. वडा नं. ३(क) स्थित कि.न.३१० (०-३-५-० विगाहा), कि.नं. ३०७ (०-१-०-० विगाहा), कि.नं. ३०९ (०-३-०-० विगाहा) र कि.नं. ३६४ (०-०-४-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गारुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जनकपुर, धनुषा
२.	**ऋणी : आज्ञा मल्टिपर्पोज एग्रो फार्म (डिमाण्ड कर्जा) -शाखा कार्यालय टाडी,** दर्ता नं : २५५०५१/०७७/०७८, ठेगाना : रत्ननगर न.पा.१०, चितवन **शेयरधनी/प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सबिता आचार्य पन्त -शेयरधनी/प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३५१०२४-२७ चितवन, मिति २०६७/०४/३१ मा जि.प्र.का. बाग्लुङ्गबाट जारी भएको) पति : योगेन्द्र राज पन्त, ससुरा : पिङ्गल राज पन्त **२. योगेन्द्र राज पन्त** (ना.प्र.नं. ५०१००१-६१८१, मिति २०६५/०३/२७ मा जि.प्र.का. बाग्लुङ्गबाट जारी भएको), बाबु : पिङ्गल राज पन्त, बाजे : पदमराज पन्त	सबिता आचार्य पन्तको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पंचकन्या गा.वि.स./न.पा. वडा नं. ९(क) स्थित कि.न.८०० (०-०-५-० विगाहा), कि.नं. ८०१ (०-०-९-० विगाहा), कि.नं. ८०३ (०-०-५-० विगाहा) र कि.नं. ८०४ (०-०-९-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गारुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय टाडी, चितवन

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ८ फागुन ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ फोर नेसन्स कप फुटबल

नेपाललाई फाइनलमा स्थान बनाउने अवसर

आफूभन्दा ३१ स्थान तल रहेको लेबनानविरुद्ध एक वर्षभित्र दोस्रोपटक प्रतिस्पर्धा गर्दै

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला टोलीले बिहीबार फोर नेसन्स कप फुटबल प्रतियोगितामा लेबनानको सामना गर्दै छ। लेबनानलाई पराजित गरे नेपालले फाइनलमा स्थान बनाउनेछ, तर दशरथ रंगशालामा दिनको पहिलो खेलमा म्यानमारले किर्गिस्तानलाई हराउनुपर्छ। आ-आफ्नो दोस्रो खेलमा जित निकाल्दा किर्गिस्तान र नेपाल एक खेलअघि नै अन्तिम दुईमा पुग्नेछन्। बराबरी नतिजा निकाल्दा अन्तिम खेलको नतिजाले अन्तिम दुईमा पुग्ने टोलीको छिनोफानो हुनेछ।

नेपाल र लेबनानबिच एक वर्षभित्र दोस्रोपटक प्रतिस्पर्धा हुन लागेको हो। सन् २०२४ मा साउदी अरेबियामा भएको वाफ महिला च्याम्पियनसिपमा नेपालले लेबनानलाई २-१ ले हराएको थियो। फोर नेसन्सको उद्घाटन खेलमा किर्गिस्तानसँग ३-१ ले पराजित लेबनानले नराम्रो खेलेको थिएन। उनीहरू केवल फिनिसिङमा कमजोर देखिएका थिए। लेबनानले सुधारिएको खेल प्रदर्शन गरे घरेलु टोली नेपाललाई समस्या हुन सक्छ।

नेपालले पहिलो खेलमा आफूभन्दा २५ स्थानमुनिको किर्गिस्तानलाई १-० ले हराएको थियो। त्यस खेलमा नेपालको फिनिसिङ पक्ष फितलो थियो। अञ्जिला तुम्बापो सुब्बाको कप्तानीमा रहेको नेपाललाई दोस्रो खेलमा जित निकाल्न सहज छैन। टोलीका प्रमुख स्ट्राइकर सावित्रा भण्डारीले दोस्रो खेलमा प्लेइङ ११ मै स्थान बनाउन सम्भावना छ। किर्गिस्तानसँगको खेलमा उनी मध्यान्तरपछि मात्र मैदानमा छिरेकी थिइन्। फ्रान्सबाट स्वदेश फर्किएको दिनै उनले प्रतिस्पर्धा गरेकी थिइन्। उनले प्रतिस्पर्धा गर्दा फिनिसिङ पक्ष बलियो हुने अपेक्षा छ। कप्तान अञ्जिलाले खेलमा जितबाहेक अन्य विकल्प नभएको बताइन्। 'लेबनान तुलानात्मक रूपमा बलियो छ। फिफा वरीयतामा जस्तो स्थान भए पनि लेबनानलाई कमजोर आँक्न सकिँदैन,' अञ्जिलाले भनिन्, 'योजना जित हो, सबै खेलाडी यसैमा केन्द्रित छन्।'

बलियो लेबनानको डिफेन्स

एक वर्षअघि र वर्तमान लेबनान टोलीमा धेरै परिवर्तन आएको छ। विशेषगरी लेबनानको बलियो पक्ष डिफेन्स हो। उसले प्रतियोगिताकै उच्च वरीयता पाएको म्यानमारलाई पहिलो हाफमा गोल गर्न दिएन। म्यानमारले गोल गर्न धेरै मिहिनेत गरेको थियो। दोस्रो हाफमा सामान्य गल्तीका कारण लेबनान पहिलो खेलमा पराजित भएको थियो। पहिलो खेलमा अन्तर्राष्ट्रिय डेब्यु गरिरहेकी गोलरक्षक नाथली माटरले सानदार प्रदर्शन गरेकी थिइन्।

उनले यसै प्रदर्शनलाई निरन्तरता दिँदा नेपाललाई गोल गर्न गाह्रो छ। पहिलो खेलमा नेपाली खेलाडीले 'फाइनल थर्ड'मा बारम्बार गल्ती गरेका थिए। यद्यपि, नेपालको फिनिसिङ लाइन बलियो भए पनि उत्कृष्ट टच गर्न सकेका छैनन्। फ्रान्सबाट व्यावसायिक खेलिरहेकी सावित्रा भण्डारीसँगै युएई क्लबबाट प्रतिस्पर्धा गरिरहेकी रेखा पौडेल र राष्ट्रिय महिला लिगमा सर्वाधिक ३५ गोल गरेकी रश्मिकुमारी घिसिङले किर्गिस्तानविरुद्ध उत्कृष्ट फिनिसिङ गर्न सकेनन्। लेबनानको डिफेन्स तोड्न उनीहरूलाई चुनौती हुनेछ। तीनै प्रमुख खेलाडी चुक्दा विंगर विमला चौधरीले एक मात्र निर्णायक गोल गरेकी थिइन्।

खेलाडी परिवर्तनको सम्भावना

नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले पहिलो खेलका दुई खेलाडी परिवर्तन गर्न सक्छन्। अगाडि सावित्रा भण्डारीले सुरुमै मौका पाउन सक्छिन्। किर्गिस्तानसँगको खेलमा उनी दोस्रो हाफमा मात्र खेलेकी थिइन्। डिफेन्डर निशा थोकरको स्थानमा अमृता जैसी वा मनमाया दमाईलाई खेलाउने सम्भावना छ। पहिलो खेलमा प्लेइङ ११ बाटै खेलेकी निशा विपक्षीसँग जुधेपछि घाइते भएकी थिइन्। उनी अहिले रेस्टमा छिन्।

तामाङले लेफ्ट ब्याक खेलेकी विमला विकलाई सेन्टर ब्याकबाट खेलाउन सक्नेछन्। सम्भवतः मनमायाले डेब्यु गर्न सक्छिन्। डिफेन्समा गीता राना र पूजा रानाले कमान्ड सम्हाल्नेछन्। गोलरक्षकमा अञ्जिला हुँदा मिडफिल्डमा प्रीतिलाई पूर्वकप्तान रेनुका नगरकोटे, सविता रानामगर र विमला चौधरीले साथ दिनेछन्।

प्रशिक्षक तामाङले लेबनान बलियो टोली रहेको बताए। 'एक वर्षअघि भएको खेलमा लेबनानलाई हराउन गाह्रो भएको थियो, अहिले उनीहरूको प्रदर्शन राम्रो छ,' उनले भने। प्रीति राईले विपक्षी तुलात्मक रूपमै राम्रो रहेको बताइन्। 'यसपटक लेबनानलाई सोचेभन्दा फरक पाएका छौं,' राईले भनिन्।

कीर्तिमाननजिक अञ्जिला

लेबनानविरुद्ध मैदानमा प्रवेश गर्दा कप्तान तथा गोरक्षक अञ्जिलाले एउटा कीर्तिमान बनाउनेछिन्। उनी नेपाली महिला राष्ट्रिय फुटबलमा धेरै कप्तानी गर्ने खेलाडी बन्नेछिन्। नेपाली महिला फुटबल टोलीले चार दशकअघि अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाएको थियो। यसबिचमा ११ खेलाडीले नेतृत्व गरेका छन्। पहिलो कप्तान रमा सिंह हुन्। अञ्जिलाको नाममा अहिले १९ खेलको रेकर्ड छ। उनको कप्तानीमा नेपालले कीर्तिमानी १० खेल जितेको छ। यसअघि निरु थापाले १९ खेलमा आर्म ब्यान्ड लगाएकी हुन्। निरुले नौ खेलमा जित दिलाइन्। जमुना गुरुङले नेपाललाई १३ खेलमा जित दिलाइन्।



आजका खेल

किर्गिस्तानविरुद्ध म्यानमार
समय : दिउँसो २ बजे

लेबनानविरुद्ध नेपाल
समय : साँझ ६ बजे



तुलनात्मक रूपमा लेबनान बलियो छ

● **राजेन्द्र तामाङ**, मुख्य प्रशिक्षक

दोस्रो खेलमा जित निकाली फाइनलमा स्थान बनाउने योजना छ। लेबनान तुलनात्मक रूपमा बलियो पाएका छौं। पहिलो खेलमा उनीहरूले म्यानमारविरुद्ध राम्रो प्रदर्शन गरेका थिए। विशेषगरी डिफेन्स लाइनअप बलियो पार्यौं। एक वर्षअघि भएको खेलमा उनीहरूलाई हराउन धेरै मिहिनेत गरेका थियौं।



विपक्षीलाई कमजोर मानेका छैनौं

● **अञ्जिला तुम्बापो सुब्बा**, कप्तान, नेपाल

लेबनान तुलनात्मक रूपमा बलियो छ। फिफा वरीयतामा जस्तो भए पनि कमजोर मान्न सकिँदैन। यसकारण लेबनानसँग बलियो प्रतिद्वन्द्वीकै रूपमा प्रतिस्पर्धा गर्छौं। पहिलो खेलको जितले खेलाडीको मनोबल पनि उच्च छ। पहिलो खेलमा फिनिसिङमा कमजोर भयौं। यसलाई सुधार गर्ने अवसर छ।

■ भद्रपुर झापा गोल्डकप

आयोजकको कठिन जित





खेलमा सुधार हुनेछ

● **सचिन्द्र धिमाल**
प्रशिक्षक, भद्रपुर

रणनीतिमा केही कमजोरी भएको छ। दोस्रो खेलमा यसलाई सुधार गर्नुपर्छ। तीन गोलको अग्रता लिएपछि खेलाडीलाई ओभर कन्डिफेन्स भएजस्तो लाग्यो। यसै कारणको फाइदामा विपक्षीले बराबरी गोल फर्काएको हो। त्यसपछि खेलाडीले दबाब महसुस गरे। आवश्यकताअनुसार खेलाडी परिवर्तन गर्ने।



तालमेल भएन

● **शिव तामाङ**
प्रशिक्षक, दार्जिलिङ

पहिलो खेल भएका कारण तालमेल मिलेन। यसैको फाइदामा विपक्षीले सुरुमै गोल गऱ्यो। गोलरक्षक झुक्किँदा पहिलो गोल भएको हो। त्यो गोल भद्रपुरका लागि उपहारजस्तै भयो। मध्यान्तरको समयमा खेलाडीलाई मोटिभेट गरेँ। दोस्रो हाफमा उत्कृष्ट पुनरागमन गर्‍यौं। तर, अन्तिममा पराजित भयौं।

झापामा **चिरञ्जीवी घिमिरे**

आयोजक भद्रपुर ब्लेजर्सले दोस्रो भद्रपुर झापा गोल्डकप फुटबल प्रतियोगितामा दार्जिलिङ पुलिसमाथि ४-३ को कठिन जित निकालेको छ। जितसँगै भद्रपुर क्वार्टरफाइनलमा पुगेको छ। बुधबार निर्धारित ९० मिनेटको प्रतिस्पर्धाको पहिलो हाफमा गोलको वर्षा भयो। भद्रपुरको जितमा विदेशी खेलाडी कार्लस, आशिष चापागाईं, सत्यम शर्मा र प्रताप राईले एक-एक गोल गरे। दार्जिलिङका प्रशान्त राई, नयन प्रधान र रुड गुलितले गोल फर्काए।

खेलको तेस्रो मिनेटमा भद्रपुरका कप्तान आशिषले निकालेको क्रसमा पोस्टभन्दा २० यार्ड टाढाबाट कार्लसले दोस्रो बारमा गोलरक्षक निगम सिंहलाई छेक्ने मौका नदिई १-० को अग्रता दिलाए। कार्लसले गोल गर्दा दार्जिलिङका डिफेन्डरबिच तालमेल मिलेको थिएन। एक गोलको अग्रतापछि भद्रपुरले रक्षात्मक रणनीति र दार्जिलिङले बल पोसेसन बलियो बनायो। खेलको ३९औं मिनेटमा भद्रपुरले २-० को अग्रता लियो।

काउन्टर एट्याकटमा भद्रपुरका स्टाइकर मिलन राइले दोस्रो बार च्याप्दै प्रहार गरे। उनको प्रहार दार्जिलिङका गोलरक्षक निगमले ग्रिपमा लिन सकेनन्। गोलरक्षकबाट रिबाउन्ड भएको बललाई कप्तान आशिषले उत्कृष्ट फिनिसिङ गरे। दोस्रो हाफ निकै प्रतिस्पर्धात्मक बन्यो। यस समयमा समग्रमा पाँच गोल भएको थियो। दोस्रो हाफको सुरुवातमै भद्रपुरले ३-० को अग्रता बनायो। सत्यमले चालखीपूर्ण रूपमा विपक्षी डिफेन्डरबाट बल खोस्दै गोलरक्षक निगमविरुद्ध वान भर्सेस वानमा गोल गर्न सफल भए।

तीन गोलको अग्रता लिँदासम्म भद्रपुरका खेलाडीबिच तालमेल खासै मिलेको थिएन। तर, प्राप्त अवसरमा गोल गर्न सफल भएका थिए। घरेलु मैदानमा दर्शकको साथ पाएको भद्रपुरका खेलाडीले फिजिकल खेल र दार्जिलिङले दोस्रो हाफमा रणनीतिक खेल खेल्यो। दरिलो अग्रता बनाएपछि भद्रपुरका खेलाडीले तालमेल बिगार्दै लगे। जसका कारण २० मिनेटको अन्तरमा दार्जिलिङले तीन गोल गर्दै खेल ३-३ को स्थितिमा पुऱ्यायो।

दार्जिलिङको उत्कृष्ट कमब्याक

खेलको ५०औं मिनेटमा भद्रपुरका डिफेन्डरको गल्तीमा दार्जिलिङका प्रशान्तले ३-१ का लागि गोल गरे। उनले डिबक्सभित्र प्राप्त पासलाई दोस्रो बारमा गोल गरेका हुन्। खेलको ५५औं मिनेटमा दार्जिलिङका नयनले अनमार्कको फाइदामा ३-२ को गोल अन्तर बनाए। खेलको ७०औं मिनेटमा दार्जिलिङ ३-३ को बराबरीमा पुग्यो। मैदानको मध्य भागबाट एकल प्रयासमा रुडले उत्कृष्ट फिनिसिङ गर्दै खेललाई बराबरीमा पुऱ्याए। खेलको ८२औं मिनेटमा भद्रपुरका प्रतापले आयोजकलाई ४-३ को कठिन जित दिलाए। विस्थापन्न खेलाडीका रूपमा मैदान प्रवेश गरेका उनी सहजै गोल गर्न सफल भए।

पहिलो खेलमा भद्रपुरका कप्तान आशिषले म्यान अफ दी म्याच हुँदै २१ हजार रुपैयाँ हात पारे।

खेल संक्षेप

गुरुकुललाई फुटसल उपाधि



कास्की/ गुरुकुल विद्यासदनले हिसान गण्डकी प्रदेशस्तरीय र इन्फोम्याटिक्स कलेजले कजेजतर्फको फुटसल प्रतियोगिताको उपाधि जितेका छन्। उपाधिसँगै गुरुकुलले एक लाख र इन्फोम्याटिक्सले २५ हजार रुपैयाँ पाएका छन्। फाइनलमा गुरुकुलले कास्की मोर्डनाइज एकेडेमीलाई २-१ ले हराएको थियो। इन्फोम्याटिक्सले पोखरा कलेज अफ म्यानेजमेन्टमाथि ५-२ को जित निकालेको थियो। उपविजेता कास्की मोर्डनाइजले ५० हजार र इन्फोम्याटिक्सले १० हजार रुपैयाँ पाए। प्रतियोगिताको उत्कृष्ट खेलाडी गुरुकुलका सुमित मल्ल, हाई स्कोरर कास्की मोर्डनाइजका इशान्त पुन, उत्कृष्ट गोलरक्षक कास्की मोर्डनाइजका कुसल गिरी घोषित भए।

निस्ट कप १३ फागुनमा

काठमाडौं/ निस्ट स्कुलको आयोजनामा तेस्रो निस्ट कप १३ फागुनदेखि हुने भएको छ। निस्ट कपमा बास्केटबल र फुटबलमा प्रतिस्पर्धा हुने निस्टका प्रिन्सिपल दिलीप रानाले जानकारी गराए। बास्केटबलको तीन विधामा ३९ टोली सहभागी हुनेछन्। सिनियर पुरुषमा १४, सिनियर महिलामा नौ र जुनियर महिलामा १६ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्नेछन्। सिनियर पुरुषमा सेन्ट जेभियर्स र सिनियर महिलामा बौद्ध इन्टरनेसनल स्कुल साबिक विजेता हुन्। फुटबलमा २४ छात्र टोलीले लिग कम नकआउट आधारमा खेल्नेछन्। ब्रह्मकुञ्ज साबिक विजेता हो।

स्विमिङको क्लिनिक सुरु

काठमाडौं/ पौडीको एस्का (एएसएिए) सर्टिफिकेसन क्लिनिक सुरु भएको छ। लिटिल डल्फिन्स स्विम स्कुलको आयोजनामा बुधबारदेखि पहिलोपटक अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण काठमाडौंमा सुरु भएको हो। अमेरिकन स्विमिङ कोच एसोसिएसनको सर्टिफिकेसन्स कोर्समा सहभागी हुन चारजना बंगलादेशबाट आएका छन्। बाँकी २२ जना नेपाली रहेका छन्। विदेशी प्रशिक्षक एटिबा बेडले पाँच दिनसम्म प्रशिक्षण दिनेछन्। बेड दुईपटकको युएस ओलम्पिक ट्रायल्स छनोट भएका स्विमर हुन्। राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य अञ्जन धमलाले यस्ता प्रशिक्षणले नेपालको पौडी खेलमा टेवा पुग्ने बताए।

न्यु स्टार पोल अन्तिम आठमा

काठमाडौं/ न्यु स्टार पोल नवौं अर्किड कप सेभेन ए साइड अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा बुधबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ। न्यु स्टारले उज्ज्वल तारालाई १-० ले पराजित गऱ्यो। प्रनिश बुढाथोकीले निर्णायक गोल गरेका थिए। बेस्ट ग्रुप भिजन, गेटवे एकेडेमी र कौस्तुभ पनि अन्तिम आठमा पुगेका छन्। बेस्ट ग्रुपले गोल्डेन बडलाई १-० ले हरायो। एलिश तामाङले गरेको गोल नै निर्णायक बन्यो। गेटवेले पिस प्वाइन्टलाई २-१ ले पाखा लगायो। गेटवेका अनुप तामाङ र उत्सव कार्कीले गोल गरे। पिस प्वाइन्टका सन्देश मैनालीले एक गोल फर्काए। कौस्तुभले नेक्ससलाई टाइब्रेकरमा ३-२ ले पन्छायो। निर्धारित समयको खेल २-२ गोलको बराबरीमा टुंगिएको थियो।

नखीपोटले आइएसएलाई हरायो

काठमाडौं/ आयोजक नखीपोट युवा क्लबले खुला बास्केटबल प्रतियोगिताको पहिलो दिन पुरुषतर्फ आइएसए नेपाललाई ७६-७१ ले हराएको छ। नखीपोटका लागि सुविन श्रेष्ठले २१ स्कोर गरेका थिए। अर्को खेलमा टाइम्सले बौद्धलाई ८६-६४ ले पाखा लगायो। महिलामा कीर्तिपुरले आइएस नेपाललाई ५२-४९ ले निराश बनायो।

च्याम्पियनसिपको तयारी पूरा

काठमाडौं/ इ-स्पोर्टस् संघ नेपाल (इसान) को आयोजना तथा नेपाल प्लेजको व्यवस्थापनमा हुने दोस्रो इ-स्पोर्टस् राष्ट्रिय च्याम्पियनसिपको सम्पूर्ण तयारी पूरा भएको छ। च्याम्पियनसिपको अन्तिम चरणका खेल बिहीबारदेखि त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्ड हलमा भौतिक रूपमा हुनेछ। ६ विभिन्न विधामा भौतिक रूपमा प्रतिस्पर्धा गराइनेछ।

■ संकटालाई रोक्दै एपिएफ सेमिफाइनलमा



मकवानपुर/ नेपाल एपिएफ क्लब सातौं बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। बुधबार भएको खेलमा एपिएफले संकटा क्लबलाई १-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। प्रतिस्पर्धामा पहिलो हाफ गोलरहित बराबरी भएको थियो। एपिएफको जितमा एक मात्र गोल सुजनकुमार पुलामीले गरेका थिए। खेलको ८२औं मिनेटसम्म दुवै टोलीले गोल गर्न सकेनन्। खेलको ८३औं मिनेटमा सुजनकुमारले गोलको खडेरी तोडेका हुन्। मैदान प्रवेश गरेको दोस्रो मिनेटमै उनले एपिएफका लागि विजयी गोल गरे। तस्बिर : **पोष्टराज अधिकारी**/**नयाँ पत्रिका**

ज्ञान निकेतन र रिलायन्सलाई उपाधि

काठमाडौं/ ज्ञान निकेतन, रिलायन्स रेसिडेन्सियल र ग्रिन लन्सले प्रथम हिमाली अन्तरविद्यालय बास्केटबल प्रतियोगिताअन्तर्गत विभिन्न इभेन्टसमा उपाधि जितेका छन्। ज्ञान निकेतन सिनियर पुरुष, रिलायन्स सिनियर महिला र ग्रिन लन्स जुनियर पुरुषमा ब्वाइजमा च्याम्पियन बनेका हुन्। बुधबार भएको सिनियर पुरुषको फाइनलमा ज्ञान निकेतनले विल्सन एकेडेमीलाई ७२-६१ ले पराजित गऱ्यो। ज्ञान निकेतनका महेन्द्र प्याकुरेलले २१ स्कोर गरेका थिए।

सिनियर महिलाको उपाधि भिडन्तमा रिलायन्सले हिमालीलाई ४४-३५ ले हरायो। रिलायन्सकी एलिशा तामाङले १६ स्कोर गरिन्। जुनियर पुरुषको उपाधि भिडन्तमा ग्रिन लन्सले सम्भावीमाथि ४०-२५ को जित दर्ता गऱ्यो। ग्रिन लन्सका देव देउलाले २२ स्कोर गरेका थिए। सिनियर पुरुषमा ज्ञान निकेतनका दिप्सन अधिकारी, सिनियर महिलामा रिलायन्सकी एलिशा र जुनियर पुरुषमा ग्रिन लन्सका देव 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भए।

सिनियर पुरुषमा केयर इंग्लिस, सिनियर महिलामा क्यान्भास र जुनियर पुरुषमा इस्टपोल अनुशासित टिम बने। विजेतालाई संघीय सांसद कान्तिका सेजुवाल र हिमालीका प्रिन्सिपल नेत्रप्रसाद उपाध्यायले पुरस्कृत गरे। सिनियर पुरुषमा १४ टोलीले भाग लिएको आयोजकले जनाएको छ। सिनियर महिला र जुनियर पुरुषमा समान आठ टोली सहभागी थिए।

न्युजिल्यान्डसँग पाकिस्तान ६० रनले पराजित

एजेन्सी

आइसिसी च्याम्पियन्स ट्रफीको उद्घाटन खेलमा आयोजक पाकिस्तान न्युजिल्यान्डसँग ६० रनले पराजित भएको छ। कराँची रंगशालामा पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डले ५० ओभरमा पाँच विकेट गुमाएर ३२० रनको विशाल योगफल बनाएको थियो। प्रत्युत्तरमा पाकिस्तानले ४७.२ ओभरमा २६० रन मात्र बनायो। न्युजिल्यान्डका लागि म्याट हेनरीले ४७औं ओभरमा दुई विकेट लिँदै जित दिलाए। जितसँगै समूह 'ए'मा न्युजिल्यान्डले २ अंक जोडेको छ। यस समूहमा बंगलादेश र भारत छन्। पाकिस्तान र भारतबिचको खेल युएईमा हुनेछ।

न्युजिल्यान्डको ब्याटिङमा दुई शतक

पहिलो ब्याटिङ गरेको न्युजिल्यान्डको इनिङ्समा दुई शतक बनेका थिए। ओपनर विल योङ र टोम लाथमले शतकीय इनिङ्स खेल्दा पाकिस्तानले चुनौतीपूर्ण लक्ष्य पाएको हो। योङले ११३ बलमा १०७ रन बनाए। उनले १२ चौका र एक छक्का प्रहार गरे। उनी इनिङ्सको ३७.२ ओभरमा आउट हुँदा न्युजिल्यान्डले स्कोर बोर्डमा चार विकेट गुमाएर १९१ रन बनाएको थियो।

लाथमले १०४ बलमा ११८ रन जोडे। उनले १० चौका र तीन छक्का प्रहार गरे। इनिङ्सको अन्तिमसम्म नटआउट रहेका लाथमले ११३.४६ को स्ट्राइकमा ब्याटिङ गरेका थिए। लाथम र योङबिच चौथो विकेटका लागि १२६ बलमा ११८ रनको साझेदारी भएको थियो। लाथमले फिलिपसँग पाँचौं विकेटका लागि ७४ बलमा १२५ रन जोडे।

यसबाहेक ओपनिङमा योङ र कोन्वेबिच ४५ बलमा ३९ रनको साझेदारी भएको थियो। बलिङमा पाकिस्तानका मुख्य सिमर साहिन साह अफ्रिदी विकेटविहीन बने। उनले १० ओभरमा ६८ रन खर्चिए। नसिम साहले ६३ रनमा दुई विकेट लिए। ह्यारिस राउफले ८३ रनमा दुई विकेट हात पारे। पाकिस्तानी बलरले १३ अतिरिक्त रन दिए।

बाबर र खुर्सदिल मात्र टिके

३२१ रनको लक्ष्य पछ्याएको पाकिस्तानका लागि दुई ब्याट्सम्यान मात्र टिके। ओपनर बाबर आजम र खुर्सीदल साहले अर्धशतकीय इनिङ्स खेलेका थिए। बाबरले ९० बलमा ६ चौका र एक छक्का प्रहार गरी ६४ रनको योगदान दिए। साहले ४९ बलमा आक्रामक रूपमा खेल्दै ६९ रन बटुले। उनले १० चौका र एक छक्का प्रहार गरेका थिए।

यी दुई खेलाडीबाहेक अन्यले गतिलो योगदान दिन सकेनन्। कप्तान मोहमद रिजवानले १४ बलमा ३ रन बटुले। पाँचौं क्रमका सलमानले २८ बलमा ६ चौका र एक छक्काको सहयोगमा ४२ रनको योगदान दिए। पुछारका खेलाडीले आकर्षक स्ट्रोक लगाएका थिए। ह्यारिसले १० बलमा तीन छक्का प्रहार गरी १९ रन जोडे।

बलिङमा विल ओरुर्के ४७ रनमा तीन र मिचेल सान्टरले ६६ रनमा तीनै विकेट हात पारे। म्याट हेनरीले ७.२ ओभरमा २५ रन खर्चेर दुई विकेट लिए। पाकिस्तानको ब्याटिङमा बाबर र फखर जमानबिच तेस्रो विकेटका लागि ६५ बलमा ४७ रनको साझेदारी भएको थियो। बाबरले सलमानसँग ५९ बलमा ५८ रन जोडे। खुर्सीदल र साहिन साहले सातौं विकेटका लागि ४२ बलमा ४७ रन बटुलेका थिए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com